www.khojtalashonline.com

# खोजतलास

राष्ट्रिय साप्ताहिक

वर्ष २६ अंक ३२ ◆ १४ असार २०८०, बिहीबार (29 June, 2023 Thursday) ◆ नेपाल सम्बत ११४३ मूल्य रु २०/-

## स्थानीयद्वारा मेयर चिरिबाबु र आइजिपीविरुद्ध अख्तियारमा उजुरी



ललितपुर । भूमाफियाको प्रभावमा परेर प्रहरी कार्यालय रहेको सरकारी जग्गामा बिजनेश कम्प्लेक्स बनाउन लागिएको भन्दै प्रहरी महानिरीक्षक बसन्त कुँवर तथा ललितपुरका मेयर चिरीबाबु महर्जनविरुद्ध स्थानीयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिएका छन् ।

ललितपुर महानगरले लगनखेलस्थित प्रहरी कार्यालय हटाएर व्यापारिक भवन बनाउन लागेको भन्दै स्थानीयवासी अख्तियार पुगेका हुन् । चलखेलका आधारमा सरकारी जग्गामा व्यापारिक भवन बनाउन लागिएको उनीहरूको

बाँकी सातौं पृष्ठमा

# प्रचण्ड सरकार ढाल्न साइत हेर्दै देउवा



काठमाडौं । उपचारका नाममा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा एक हप्ता सिंगापुर बसेर फर्किएका छन् । उनको साथमा पत्नी आरजु देउवा पनि गइन् । देउवाले सिंगापुरमा महत्वपूर्ण राजनीतिक तथा व्यवसायिक भेटहरु पनि गरे । स्वदेश फर्किएको केही दिनमै आरजु फेरि जापान उडिन् । उनको दौडधूप अर्थपूर्ण छ । आरजुलाई प्रचण्ड नेतृत्वको सरकार कत्ति पनि चित्त बुझेको छैन । त्यसमाथि देउवालाई छैठौंपटक प्रधानमन्त्री बनाउन साइत जुराउन सक्रिय छिन् उनी । देउवाका विश्वासपात्र ज्ञानेन्द्रबहादुर कार्कीको सक्रियता पनि बढेको छ । कार्कीले खुसुक्क एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेटेर सम्भावित समिकरण र प्रधानमन्त्रीको भद्र सहमतिबारे कुरा गरेका छन् ।

देउवा र ओलीबीच लगभग सहमति बनेपछि एमाले नेता महेश बर्तौंलाले सरकारको दिनगन्ती सुरु भएको बताइसके । डा. बाबुराम भट्टराईले पनि सरकार ढल्ने भेउ पाएर संयुक्त सरकारको एजेन्डा उठाएका छन् । माधव नेपालले त ओलीले देउवालाई अबको चार वर्ष प्रधानमन्त्रीको ललिपप देखाएको खुलासा गरेका छन् । सबैतिरबाट सरकार नटिक्ने आशयको अभिव्यक्ति आइरहँदा बजेटप्रति सत्तारुढ दलका नेताहरुले नै असन्तुष्टि देखाउन थालेका छन् । बजेट पारित नगर्ने र सरकार ढाल्ने खेलहरु भित्र भित्र चलिरहेका छन् ।

सरकार ढाल्ने खेल रोक्न प्रचण्डले पनि आक्रामक रणनीति चालेका छन् । पशुपतिको जलहरी जोख्न अख्तियारको टोली पुगिसकेको छ । जलहरीमा केपी ओली, राधिका शाक्यका अलावा विद्यादेवी भण्डारीको पनि नाम लेखिएको विषय छताछुल्ल भइसकेको छ । यसले ओली र उनको दललाई ठूलै क्षति पुग्ने गरी खबरहरु बाहिर आइरहेका छन् । ठिक यसै बेला ललिता निवास प्रकरणको फाइल फेरि खुलाइएको छ । यो प्रकरणमा माधव नेपाल, डा. बाबुराम भट्टराईलगायत नेताहरु पनि मुछिएका छन् । विष्णु पौडेल पनि मुछिएको घटना भएकाले ललिता निवास प्रकरणलाई प्रचण्डले राजनीतिक अस्त्र बनाएका छन् । भुटानी शरणार्थी प्रकरणले एमालेलाई ठूलै असर पारेको छ । काँग्रेसका नेता बालकृष्ण खाँड पनि बदनाम भएका छन् । उनी कर्मलाई दोष दिएर जेलको हावा खाइरहेका छन् ।

खाँडको पक्राउले आरजु देउवा र मञ्जु खाँड पनि पक्राउ पर्ने चर्चा नचलेको होइन । यो प्रकरणबाट प्रचण्डले ठूलै राजनीतिक लाभ लिन सकेको विश्लेषण भएको छ । प्रचण्डले एकपछि अर्को काण्ड बाहिर ल्याएर सरकार ढाल्न खोज्ने जो कोहीलाई आच्छु आच्छु पारेका छन् । काँग्रेसभित्र प्रचण्डको प्रहारले ठूलै असर परेको विश्लेषण भइरहेको छ । यसकारण पनि सरकार ढाल्न देउवामाथि दबाब छ । ओली त झन् ठूलो प्रहार हुने भएकाले देउवालाई मागेको दिएर भएपनि सरकार ढाल्न आतुर छन् । तर, सरकार ढाल्न खोजे प्रचण्डले कठोर कदम चाल्ने भय देउवा र ओली दुवैलाई छ । उनीहरु रक्षात्मक र प्रचण्ड आक्रामक देखिएका छन् ।

प्रचण्ड सरकारमाथि खतराको बादल मडारिइरहँदा संसदको अंकगणितको हिसाब भइरहेको छ । संसदमा २७५ सांसदको व्यवस्था छ । काँग्रेसको ८८, नेकपा एमालेको ७८, माओवादी, नेकपा एस र जसपा सम्मिलित समाजवादी मोर्चाका घटक दलहरुको ५४, रास्वपाको २०, राप्रपाको १३ का अलावा साना दल र स्वतन्त्र सांसदहरु छन् । यो हिसाबले काँग्रेस र एमालेमध्ये कुनै एक दल सरकारको समर्थनमा नरहेसम्म कसैको बहुमत पुग्दैन । या त काँग्रेस र एमाले मिल्नुपर्छ या काँग्रेसले एमाले बाहेक बाँकी मझौला दलसँग मिल्नुपर्छ या एमालेले काँग्रेस बाहेकका मझौला दलसँग मिल्नुपर्छ । सत्ता समिकरण ६ महिना समेत नटिक्ने र नयाँ बन्ने क्रम चलिरहे देशमा कुनैपनि बेला ठूलै संकट आउनसक्छ ।

## प्रचण्डलाई सरकार टिकाउन सत्ता गठबन्धनबाटै चुनौती



काठमाडौं । वर्तमान आठ दलीय गठबन्धनको भरमा बनेको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई सत्ता टिकाउन सत्ता गठबन्धनमा आवद्ध दलहरू नै चुनौती बन्दै गएका छन् ।

पाँच वर्षसँगै रहेर आलोपालो सरकार चलाउने सहमतिसहित गठबन्धन गरेका दलका नेताहरूले सरकारको हरेक काम कारबाहीमा असन्तुष्टि जनाउन थालेपछि प्रचण्डलाई सत्ता जोगाउन आफ्नै गठबन्धन दलबाट चुनौतीको सामना गर्नुपरेको छ ।

सरकारमा सहभागी नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टीको छुट्टै मोर्चा बनेपछि गठबन्धनभित्रको खटपट अझै चुलिएको छ । कम्युनिस्ट पार्टीहरूबीच मोर्चाबन्दी गर्दा सत्ता टिकाउन केही सहजता देखेर आफ्नै पहलमा चार दलीय समाजवादी मोर्चा बनाएका प्रधानमन्त्री प्रचण्डको उक्त निर्णय आफ्नै लागि घातक हुने संकेत देखा परेको छ । सरकार साझेदार केही दलहरूबीच छुट्टै मोर्चा गठनपछि सत्ता सहयात्री दलहरू प्रधानमन्त्री दाहालप्रति असन्तुष्ट बनेका हुन् ।

पछिल्लो समयमा प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण र सरकारले

बाँकी सातौं पृष्ठमा

## टेकु अस्पताल निर्माणको ३ अर्बको ठेक्का सेटिङमा करोडौंको चलखेल



काठमाडौं । दीग्गज गौतमः देशको अरबौंको ठेक्का हात पार्न प्रधानमन्त्रीका मान्छे, मन्त्री, कर्मचारी मिलाएर मात्र पुग्दैन । अदालतसम्म मुद्दा पुग्ने भएकाले त्यहाँसम्म मिलाइन्छ अनि ठेक्का पारिन्छ । यसरी सेटिङमा ठेक्का लिने ठेकेदारहरुले निर्माणको गुणस्तरमा ठूलो खेलवाड गर्दै आएका छन् ।

पछिल्लो पटक टेकुस्थित कालोसूचीमा परेको कम्पनी गौरी पार्वती निर्माण सेवा जोडिएको कन्टेक-गौरी पार्वती जेभीलाई नै केन्द्रीय सरुवा रोग अस्पताल टेकुको भवन निर्माणमा ठेक्काका लागि छनोट गरियो । तर, उजूरीहरु परेपछि शहरी विकास तथा भवन निर्माण विभागले ठेक्का प्रक्रिया नै खारेज गरिदियो । त्यसविरुद्ध प्रोपाइटर रामकुमार थापा अदालत गए । पाटन उच्च अदालत पुगेर उनले सेटिङ गरेको खुलेको छ । कालो सूचीमा परेको कम्पनी र व्यक्ति प्रोपाइटर रहेको खुलेपछि ठेक्का प्रक्रिया रद्द गरिएकोमा न्यायाधीशहरु दुर्गा बहादुर विश्वकर्मा र जगदीश घिमिरेको संयुक्त इजलाशले अन्तरिम आदेश जारी गरी ठेक्का रद्द नगर्न नगराउन भनेको छ ।

ठेक्का रद्द गरी नयाँ ठेक्का खुलाइसक्दा अदालतबाट अन्तरिम आदेश ल्याउन सफल भएका छन् रामकुमार थापा । उनले सेटिङका लागि करोडौं खर्च गरिसकेको खुलेको छ । अदालतबाट अन्तरिम आदेश जारी गराउन सकेपछि निर्माण व्यवसायको क्षेत्रमा खैलाबैला मच्चिएको छ । अन्तरिम आदेश जारी गराउने न्यायाधीशहरु पनि विवादमा परेका छन् यतिबेला । रामकुमार थापा यतिबेला

बाँकी सातौं पृष्ठमा

## के नेपालमा चीनको बीआरआई आइसकेको हो ?

काठमाडौं । दक्षिण एशियाको पाकिस्तान, बँगलादेश, श्रीलंका र मालदिभ्समा चीनले बेल्ट एण्ड रोड इनिटिएटिभ बीआरआई कार्यान्वयनमा ल्याइसकेको छ । नेपालमा पनि उसले बीआरआई बढाउन भरमग्दूर कोशिश गरिरहेको छ । तर, नेपाल सरकारले बीआरआई अनुदान लिने ऋण नलिने जवाफ दिइसकेको छ ।

परराष्ट्रमन्त्री एनपी साउदले सोमवार सार्वजनिक रुपमा चीनको बीआरआई कार्यान्वयनमा नआएको स्पष्ट पारे । चीनले बारम्बार नेपालमा बीआरआई कार्यान्वयनमा आइसकेको बताइरहँदा साउदले त्यसको खण्डन गरे । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन जनवरी १ मा उद्घाटन कार्यक्रममा चिनियाँ राजदूत चेन सोङले

बाँकी सातौं पृष्ठमा

## ललिता निवास प्रकरणमा को–को जालान् जेल

काठमाडौं । नेपालको इतिहासमा चर्चित भ्रष्टाचार काण्ड मध्येको ललिता निवास प्रकरण तात्ने र सेलाउने काण्डका रुपमा रहन गएको छ । पूर्वप्रधानमन्त्री, पूर्वमन्त्रीका अलावा पूर्व प्रशासक, नाम चलेका व्यवसायी, न्यायाधीश, कानून व्यवसायीलगायत शक्तिशाली व्यक्तिहरु मुछिएकाले यसबारे चासो रहँदै आएको हो । सरकारले फेरि ललिता निवास प्रकरणको फाइल खोलेर तरंग ल्याएको छ । फाइल खोलेपछि मंगलवार नै पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार साहसहित ७ जनालाई पक्राउ गरिसकेको छ । यसअघिका आइजीपी धीरजप्रताप सिंहको पालामा पनि फाइल खोलेर कारबाही बढाइएको थियो ।

ललिता निवास प्रकरणको अनुसन्धान पहिलो पटक सर्वेन्द्र खनाल आइजीपी हुँदा भएको हो । खनालले सरकारी जग्गा हडप्नेहरु विरुद्ध कडा कदम चाल्दै अनुसन्धानको निर्देशन दिएका थिए । उनले नै यो प्रकरणको अनुसन्धानपछि प्रतिवेदन बुझाएका थिए । यसैका आधारमा कारबाही अहिले पनि बढाउने गरिएको छ । नेपाल प्रहरी प्रधान कार्यालयले जनाए अनुसार बालुवाटारको ललिता निवास स्थित सरकारी, सार्वजनिक जग्गाको हिनामिनाको प्रकरण सम्बन्धमा छानविन गर्न १५ असार २०७५ मा समिति गठन भई उक्त समितिले २८ मंसिर २०७५ मा सरकारलाई छानविन प्रतिवेदन बुझाएको थियो । सो अवधिमा सर्वेन्द खनाल आइजीपीका रुपमा कार्यरत थिए ।

खनालले गृह मन्त्रालयलाई त्यतिबेला बुझाएको प्रतिवेदनमा ललिता निवासको ११२ रोपनी जग्गा गैरकानूनी रुपमा व्यक्तिको नाममा दर्ता भएको खुलाइएको थियो । जग्गा हिनामिना बहुदल आएपछि सुरु भएको थियो । यसमा


बाँकी सातौं पृष्ठमा

## प्रधानन्यायाधीश कार्कीलाई चुनौती दिँदै न्यायाधीश डा. भट्टराईले जब राजीनामा दिए

काठमाडौं । प्रधानन्यायाधीश हरिकृष्ण कार्कीको कार्यकक्षमा भेटेर राजीनामा दिन पुगेका न्यायाधीश डा. श्रीकृष्ण भट्टराईलाई सुरुमा रोक्न खोजियो । तर, उनले कानून सम्झाएपछि भेट्न दिइयो । राजीनामाको कागज बुझाएपछि कार्कीले कारणबारे सोधे । जवाफमा भट्टराईले ठाडै राजनीतिक आस्थाबाट न्यायपालिकामा पस्नेहरुले लोकसेवाबाट उत्तीर्ण भएकाको करिअर

बाँकी सातौं पृष्ठमा

## ताल्छिखेलमा सार्वजनिक बाटोमै घर ठड्याए पूर्व एआइजी गोविन्द थापा र कान्छा थापाले, सम्बन्धित निकाय मौन



काठमाडौं । बाटो घाटो पूल पुलेसा चौतारा बनाई धर्म कमाउने भावना बोकेका नेपाली पूर्खाका सन्तान कोही यतिबिघ्न बेइमान र धुर्त पनि छन् भन्ने सुन्दा अचम्म लाग्न सक्छ ।

पछिल्लो समय मानिसलाई लोभले यति गाडेको छ कि आफ्नो सुविधा र व्यक्तिगत लाभका लागि परिआए बाटो घाटो हडपेर घर बनाएर बस्न सक्छन् र समाजमा ठाडो शिर पारेर हिँड्ने आँट तिनै व्यक्तिले गर्ने गर्छन् । यस्तै भएको छ ललितपुरको ताल्छीखेलमा शक्तिको आडमा बटुवा हिँड्ने बाटोनै

बाँकी सातौं पृष्ठमा




## शेरचनको मनोमानी कायमै, कुनै पनि बेला प्रभु बैंक धरासाही हुनसक्ने




काठमाडौं । बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०७३ (बाफिया) को प्रावधान विपरि तेस्रोपटक पनि सिईओ बन्न सफल अशोक शेरचनको मनोमानी ढंगबाट गरेको गलत ऋण प्रवाहका कारण कुनै पनि बेला प्रभु बैंक धरासाही हुने अवस्थामा पुगेको छ ।

प्रभु बैंकलाई धरासाही अवस्थामा पुऱ्याउन सीईओ शेरचनले दुई कार्यकालमा आफन्तको नाममा गरेको गलत ऋण प्रवाह नै भएको असन्तुष्ट बैंककै कर्मचारीहरुले बताउने गरेका छन् ।

बैंक तथा वित्ती[illegible] ऐन, २०७३

बाँकी सातौं पृष्ठमा

मुलुकभर घटेको घटना सबैभन्दा छिटो सूचना पाउन लग अन गर्नुहोस्

www.khojtalashonline.com

कुनै सूचना भए khojtalashdainik@gmail.com मा ईमेल गर्नुहोला ।

खोजतलास
www.khojtalasnews.com
राष्ट्रिय साप्ताहिक

# खाना कसरी पचाउने ?

जब पाचन यन्त्र कमजोर हुन्छ, सामान्य खानेकुरा पनि पचाउन गाह्रो हुन्छ । आवश्यकता भन्दा बढी मात्रामा खाना खानु, मसलायुक्त खानेकुराको सेवन तथा गलत खानपानका कारण पाचन तन्त्रले खानालाई सही तरीकाले पचाउन सक्दैन । त्यसबाहेक, कलेजोमा रहेका इन्जाइमले सही तरीकाले काम गर्न नसकेको अवस्थामा अपचको समस्या निम्तने गर्छ । जुन निकै पिडादायक हुन्छ ।

**किन देखाउँछ अपच ?**

अपच भएमा पेट पोल्ने, ग्यास्ट्रिक हुने, पेट फुल्ने लगायतको समस्या देखिन्छ गर्छ । अपच आफैमा आम समस्या नभएकोले यसबारे सजग हुन आवश्यक छ । अन्यथा, अपचकै कारण स्वास्थ्य सम्बन्धी विभिन्न समस्या निम्तने गर्छ ।

**अपचका कारण हुनसक्ने समस्या**

-एलर्जी
-आर्थराइटिस
-अटोइम्युन डिजिज
-छालाको इन्फेक्सन तथा पिम्पल्स
-थकान तथा मुड अर्डर

पेटको समस्याका कारण

पेटको पाचन-तन्त्रले नै यो कुरा निर्धारण गर्छ कि आखिर भोजनले शरीरलाई कुन कुन किसिमका पोषण तत्व प्रदान गर्छ । र, कुन कुन विषादीलाई शरीरबाट बाहिर निकाल्छ । यसको अर्थ के हो भने हाम्रो पाचन प्रणालीले नै हाम्रो शरीरलाई कुनै न कुनै तरीकाबाट नियन्त्रित गरिरहेको हुन्छ । उदाहरणको लागि हाम्रो कलेजोले शरीरमा जम्मा भएका कयौ विषादीलाई पित्तमा छोडेर शरीरबाट बाहिर निकाल्न सहायता प्रदान गर्छ । र, यसले उल्टो काम गरेमा शरीरमा कब्जियत हुने गर्छ ।र, कब्जियतको कारण शरीरमा विषादी बढ्ने गर्छ ।

**यी कारणले पनि हुनसक्छ अपच**

-भोजनमा फाइबरको मात्रा कम भएमा तथा चिनीको मात्रा धेरै भएमा पनि पाचन सम्बन्धि समस्या हुने गर्छ ।

- पोषण तत्वको कमी तथा उच्च क्यालोरीयुक्त आहारका कारण शरीरमा खराब व्याक्टेरियाको स्तर बढेर आन्द्रा सम्बन्धि समस्या निम्तन सक्छ ।

-सामान्य पाचन प्रणालीलाई प्रभावित पार्ने विभिन्न औषधीको सेवनले पाचन सम्बन्धि समस्या निम्तन सक्छ । विशेषगरी एस्प्रिन तथा प्रिलोसेक जस्ता औषधीको सेवनले पनि पाचन तन्त्रलाई प्रभावित पार्ने गर्छ ।

-तनावका कारण पनि नर्भस सिस्टम बिग्रिएर पाचन सम्बन्धि समस्या निम्तन सक्छ । साथै, आन्द्रामा व्याक्टेरियाको सन्तुलन विग्रन सक्छ ।

**पाचन क्रियामा व्याक्टेरिया**

मानव शरीरमा पाँच सय प्रजातिको व्याक्टेरिया रहेको हुन्छ, जसले भोजन पचाउनमा महत्वपूर्ण भूमिका खेल्ने गर्छ । यसको साथै, यी व्याक्टेरियाले हर्मोनको सन्तुलन कायम राख्ने, विषादीहरु बाहिर निकाल्ने तथा भिटामिन लगायतका अन्य हिलिङ तत्वको निर्माणमा सहायता प्रदान गर्छ । जसले गर्दा शरीरको पाचन प्रक्रिया स्वस्थ रहने गर्छ । शरीर स्वस्थ रहनका लागि पाचन तन्त्र स्वस्थ रहन जरुरी छ ।

शरीरमा प्यारासाइट वा यीस्ट जस्ता खराब व्याक्टेरियाको स्तर बढेमा वा ल्याक्टोवासिलस वा बिफिडोव्याक्टेरिया जस्ता राम्रो व्याक्टेरिया कम भएमा स्वास्थ्य सम्बन्धि समस्या निम्तन सक्छ । त्यसैले, शरीरलाई स्वस्थ राख्न तथा पाचन प्रक्रियालाई चुस्त राख्न व्याक्टेरियाको सन्तुलन हुन निकै जरुरी छ ।

पाचन प्रणाली हाम्रो शरीरको महत्वपूर्ण भागमध्ये एक हो । यसले हामीले खाएको खाना पचाउँछ र शरीरलाई आवश्वयक उर्जा प्रदान गर्छ । एक स्वस्थ मानिसको पाचनत्रिःयाले शरीरमा गएका खानाहरुलाई पचाएर हामीलाई त्यसमध्येबाट अधिकतम पोषक तत्वहरुलाई शरीरका हरेक भागसम्म पुऱ्याउँछ ।

तर, अस्वस्थ जीवनशैली र खानपानको कारण हामी सबैले कुनै न कुनै बेला पाचन प्रक्रियामा समस्या भोगेको अनुभव हुन्छ । पाचनप्रणाली भित्र रहेका राम्रा र खराब ब्याक्टेरियाको असन्तुलनले हामीलाई यस्तो अनुभव हुन्छ । यो सन्तुलन निन्द्रा, औषधि, धेरै मात्रामा गुलियो खानु र रक्सीको सेवनले पनि बिग्रन्छ । आयुर्वेदमा पाचन प्रणालीलाई अग्नी समान मानिन्छ । पाचन प्रणालीलाई शरीरको उर्जा स्रोत मानिन्छ । शरीरमा उत्पादित हरेक शक्तिको सुरुवात पाचन प्रणालीबाट नै हुन्छ ।

**१. स्वस्थ र एकाग्र भएर खाने**

आजकालको जीवनशैलीमाा हरेक मानिस एकपटकमा विभिन्न काम गर्ने बारे सोच्छन् र समस्याहरु यँहीबाट सुरु हुन्छ । आयुर्वेदले सँधै एकाग्र भएर खाने सुझाव दिन्छ किनभने यस्तो गर्नाले मस्तिस्कलाई हाम्रो खानाको बारेमा सहि जानकारी मिल्छ । हल्का सादा खाना, सुपाच्य खाना एवम् सात्विक खाना खाएमा तपाईंको अग्नी उर्जावान रहन्छ ।

**२. अग्नी खराब बनाउने पदार्थबाट टाढै रहनुहोस्**

खराब तरल पदार्थहरुले तपाईंको अग्नीलाई बिगार्न सक्छ । धेरै मात्रामा तरल पदार्थ जस्तै कोल्ड ड्रिंक्स, अल्कोहल आदीको सेवनले पनि तपाईंको पाचनप्रणालीलाई असन्तुलित गर्छ । यस्तै धेरै सुत्ने, धेरै खाना खाना खाने गर्नाले पनि अग्नीको अस्तित्व संकटमा पर्छ ।

**३. आफ्नो अग्नीलाई सुधार्ने**

स्वस्थ भोजन गरेर हामी आफ्नो अग्नीलाई पहिले देखि नै सुधार्न सक्छौं, जसले राम्रो परिणाम दिन सक्छ । खान भन्दा पहिले हल्का हिँडडुल गर्नु पनि तपाईंको अग्नीलाई सुधार्ने एक सरल र फाइदाकारी सुझाव हो । बिहान उठ्नासाथै २ गिलास पानी पिउनाले पनि पाचन प्रणालीलाई चुस्त दुरुस्त राख्छ ।

**४. षौष्टिक गुण धेरै भएका खाद्यपदार्थको सेवन गर्नुहोस्**

दिनचर्यामा अधिक पौष्टिक गुणवान खाद्यपदार्थहरुको सेवन गर्नाले तपाईंको पाचन प्रणालीको अग्नीलाई सुधार्छ । तपाईंको आहारमा पर्याप्त मात्रामा सागसब्जी एवम् फलफूल हुन आवश्यक छ । यसखालको आहारले तपाईंलाई पाचनमा हुने रोगहरुबाट बँचाउछ ।

**५. दैनिक एकै समयमा खाना खानुहोस्**

यो बानी अपनाउन थोरै मुस्किल हुन सक्छ तर यो बानीको फाइदा भरपुर छ । दैनिक एकै समयमा खाना खानाले तपाईंको पाचन प्रणालीलाई सुधारेर त्यसको उत्पादकत्व बढाउँछ ।

**६. व्यायाम महत्वपूर्ण छ**

धेरै समयसम्म एकै स्थानमा बसेर काम गर्ने वा पढ्ने गर्नाले तपाईंको शरीरको पाचन क्रिया ढिलो हुन्छ । त्यसैले आयुर्वेदले सँधै सहि प्रकारको व्यायाम गर्ने सल्लाह दिन्छ जसले तपाईंको पाचनतन्त्र एवम् शरीर दुवै उच्चतम बनिरहन्छ ।

**७. ताजा हावा र केही आसन**

जसरी अग्नी बल्नको लागि अक्सिजनको आवश्यकता हुन्छ त्यसरी नै तपाईंको पाचन तन्त्रको अग्नीलाई पनि स्वस्थ राख्न पनि ताजा हावाको आवश्यकता हुन्छ । बिहानै घुम्न जाने वा फेरि प्रकृतिमा लामो पैदल यात्रा गर्नु तपाईंको ताजा हावाको सेवन अनुभव गराउन सक्छ ।

**८. काममा ध्यान लगाउने**

आफ्नो पिर, चिन्ता र तनावलाई टाढै राख्नको लागि आफ्नो काममा धेरै ध्यान लगाउनुभन्दा राम्रो तरिका सायद अरु छैन होला हरेक दिन केवल ५ मिनेट एकाग्रतासँग ध्यान लगाउनाले तपाईंलाई असङ्ख्य लाभ दिन सक्छ ।

**९. सहि मात्रामा पानी पिउने**

दैनिक सहि मात्रामा पानी पिउनु मानिसको पाचन प्रणालीको लागि सबैभन्दा धेरै लाभदायक हुन सक्छ । पानीले केवल पाचनप्रणालीमा रहेका ब्याक्टेरियामा सन्तुलन राख्दैन बरु पुरै शरीरमा खानाबाट मिलेका पोषक तत्वलाई पुर्याउन सहयोग गर्छ ।

**१०. विषहरण प्रक्रिया**

आयुर्वेदका ज्ञाताहरुले पाचनप्रणालीलाई विषहरण क्रियाद्धारा सफा राख्ने सल्लाह पनि दिन्छन् । विषहरण क्रिया क्रिया हरेक मानिसको लागि अलग हुन सक्छ ।



विषहरण क्रियाले तपाईं आफ्नो अग्नीलाई शक्तिशाली तरिकाले फेरि सुरु गर्न सक्नुहुन्छ । विषहरण क्रियाले भित्री प्रणालीको मर्मत गरेर त्यसलाई उच्चतम उत्पादकत्व दिन सघाउँछ । विषहरण क्रिया फलफूलको सेवन देखि लिएर पन्चकर्म थेरापीसम्म विस्तारित छ ।

पाचनप्रणाली भित्रको अग्नीले हरेक मानिसलाई सक्रिय उर्जावान राख्छ । पाचनप्रणालीमा सन्तुलन राख्न सकेमा स्वस्थ र दिर्घजीवन प्राप्त गर्न सकिन्छ । यसैकारण हामीले आफ्नो पाचनप्रणालीको अखण्डतालाई स्वस्थ राख्न आवश्यक छ ।

**रिस नियन्त्रण गर्न के-के खाने ?**

खाना शरीरका लागि हो भनिन्छ, तर अझ बढी यसको सम्बन्ध मस्तिष्कसँग जोडिएको हुन्छ । त्यसैले हामी जतिबेला मनले खाना माग्छ त्यतिबेला खान्छौं । तर कतिपय मानिस रिस उठ्दा वा दु:खी हुँदा पनि बढी खाना खान्छन् ।

रिस उठेको बेला खाना खानु नराम्रो त होइन, तर तरिका नपुऱ्याइ खाँदा भने शरीरमा बेफाइदा पनि पुऱ्याउँछ । यस्ता केही खानेकुरा छन्, जुन सेवन गर्दा भने रिस नियन्त्रण गर्न समेत सहयोग पुग्छ ।

**सुन्तला**

सुन्तलाले रिस कम गर्न मद्दत गर्दछ । यो सुन्दा अनौठो लागे पनि सुन्तलाले रिस नियन्त्रण गर्न मद्दत गर्दछ । यसमा भिटामिन सी, फाइबर र क्यारोटिनोइड्स जस्ता केही एन्टिअक्सिडेन्ट हुन्छन्, जसले डोपामाइनलाई बढाउँछ र मुड स्विङलाई नियन्त्रण गर्छ । यसका साथै यसले शरीरमा हाइड्रेसन गर्छ र यसको स्वादले रिस भुल्न मद्दत गर्छ ।

**हरियो सागसब्जी**

हरियो सागसब्जी मस्तिष्क र विशेषगरी न्युरोन्सका लागि निकै फाइदाजनक हुन्छ । हरियो तरकारीमा एन्टिअक्सिडेन्ट उच्च हुने हुनाले त्यसले मुडलाई शान्त बनाउन मद्दत गर्छ । सागसब्जीमा पाइने पोषक तत्वले चिन्ता कम गर्न र मांसपेशीलाई आराम दिन्छ । त्यसैले जब रिस उठ्छ काँक्रो, मटर र हरियो सागपात खानुहोस् ।

**ओमेगा-३ पाइने खानेकुरा**

डिप्रेसनसँग लड्न फ्ल्याक्ससिड, चिया सिड र ओखरमा पाइने ओमेगा-३ फ्याटी एसिडको मात्रा बढाउनुपर्छ । बदाम, काजू र पास्ता जस्ता चीज खान सकिन्छ, जसले शरीरमा ओमेगा-३ फ्याटी एसिड बढाउँछ र रिस नियन्त्रण गर्न मद्दत गर्दछ ।

**नरिवल**

नरिवलले ग्लुकोजको स्तर कम गर्छ, जसले गर्दा तनाव कम हुन्छ र दिमागमा शान्त प्रभाव हुन्छ । यसका साथै नरिवलको फाइबरले भोक कम गर्न पनि सहयोगी हुन्छ । यसको अतिरिक्त यसमा भएको म्याग्नेसियमले निद्रा बढाउँछ र दिमागलाई शान्त बनाउँछ ।

**भिटामिन 'डी'युक्त खानेकुरा**

आफ्नो भिटामिन 'डी'को स्तर जाँच गर्नुपर्छ । यसको कमीले रिसलाई बढाउन सक्छ । भिटामिन डीको कमी पूरा गर्न माछा, अण्डाको पहेंलो भाग र च्याउ जस्ता खानेकुरा खान सकिन्छ । साथै, डाक्टरको सल्लाह अनुसार सप्लिमेन्ट पनि लिन सकिन्छ ।

**मुख गन्हाउने कारण र कम गर्ने घरेलु उपाय**

झट्ट हेर्दा सामान्य देखिएपनि मुखको दुर्गन्धले धेरै मानिसलाई सताइरहेको हुन्छ । मुख गन्हाउने समस्यले साथीभाईबीच मात्र नभई पति पत्नीबीच पनि दूरी उत्पन्न हुन सक्छन् । मानिस जतिसुकै सुटेडबुटेड देखिएपनि मुख गन्हाउने भन्ने बित्तिकै उसको व्यक्तित्व निकै तल्लोस्तरमा पुग्न सक्छ ।

सामान्यत मुख सफा नगरेको, दाँतमा ब्रस नगरेको अवस्थामा यस्तो समस्या हुनसक्छ । तर, कतिपयको मुख गन्हाउँछ, अन्य दिनमा पनि । यसको कारण धेरै हुनसक्छ । गलत खानपान, पेटको समस्या, दाँत वा मुखको सरसफाई नहुनु आदिले मुख गन्हाउँछ । सामान्यत पेटको समस्या भएमा मुखबाट दुर्गन्ध आउँछ । त्यसैगरी चुरोट, खैनी सेवन गर्नेहरुको मुखबाट पनि दुर्गन्ध आउँछ । मुखमा घाउ खटिरा आएमा, गाँठागठी आएमा, गिजा पाकेमा, दाँतमा किरा लागेमा, खाल्डो परेमा तथा दाँत राम्ररी सफा नभएमा पनि मुख तथा सास गन्हाउने गर्छ । त्यसैगरी, दाँतको कापमा तथा मुखमा फोहर जम्मा भएर बसेमा पनि त्यहा अड्किएका फोहरका कारण मुख गन्हाउने गर्छ । कतिपय अवस्थामा चाहि मुखको दुर्गन्ध अरु समस्याले गर्दा हुनसक्छ । जस्तो कि, कलेजको संक्रमण भएमा । मिर्गौलाको समस्या भएमा ।

मुखको दुर्गन्धको समस्याबाट बच्न दैनिक कम्तीमा पनि दुईपटक ब्रस गर्नुपर्छ र जिब्रो सफा राख्नुपर्छ । दाँतको समस्याका कारण मुख गन्हाउने भएकाले नियमित परीक्षण गराउनुपर्छ । एन्टीब्याक्टेरियल तत्व हुने भएकाले ग्रीन टीले पनि मुख गन्हाउने समस्या कम गर्छ । यस्तै, चुरोट सेवन गर्ने मानिसमा पनि मुख गन्हाउने समस्या हुन्छ । यस्तो मानिसले बढी पानी पिउनुपर्छ । मिन्टवाला चुइङगम चपाउन पनि सकिन्छ । तर, चुईङगम सुगरफ्री भए राम्रो हुन्छ ।

**केही घरेलु उपाय**

अनारको बोक्रा पानीमा उमालेर कुल्ला गर्नाले, सुख्खा धनिया चपाउनाले, तोरीको तेलमा अलिकता नुन मिसार दैनिक एकपटक दाँत तथा गिजाको मालिस गर्नाले पनि दुर्गन्ध कम हुन्छ । यस्तै, तुलसीको चार-पाँच वटा पात दिनहु खाएर पानी पिउनाले, एउटा ल्वाङ मुखमा राखेर चुस्नाले र खाना खाएपछि आधा चम्चा सौंफ चपाउनालेपनि खाना पच्ने र मुख गन्हाउने समस्याबाट छुटकारा मिल्छ । यति गर्दा पनि दुर्गन्ध हट्दैन भने एकपटक चिकित्सकको सल्लाह लिनुपर्छ ।

*एजेन्सीको सहयोगमा*




खोजतलास मिडिया प्रा.लि.का लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : भरत महर्जन, निर्देशक : अमिता लक्ष्मी श्रेष्ठ (सैंजु), प्रधान सम्पादक राजु बस्नेत, सम्पादक : शशी कोइराला, कार्यकारी सम्पादक : रूपक शाक्य
कार्यालय : सातदोबाटो, ललितपुर, फोन : ०१५५५५५५५ इमेल : khojtalashdainik@gmail.com, वेवसाइट : www.khojtalashonline.com, मुद्रक : ई. प्रेस प्रा.लि., शान्तिनगर–३१

# ओरियन्टललाई माथ खुवाउँदै शिवशिखर

काठमाडौं। १२ वर्षअघि ओरियन्टल सहकारी संस्थामार्फत त्यसका अध्यक्ष सुधीर बस्नेतले सर्वसाधारण निक्षेपकर्ताको ४ अर्ब अपचलन गरेको विषय अहिलेसम्मकै बहुचर्चित घटना हो। त्यसपछि ईच्छाराज तामाङ नेतृत्वको सिभिल सहकारीले ६ अर्ब रुपैयाँ अपचलन गरेपछि उनी जेलमा छन्।

यी दुई सहकारीको तुलनामा धेरै नै ठूलो घोटालाका नायकका रुपमा देखा परेका छन्, केदारनाथ शर्मा न्यौपाने, जसले शिवशिखर बहुउद्देश्यीय तथा तुलसी सहकारीमार्फत् सर्वसाधारण निक्षेपकर्ताको करिब साढे १५ अर्ब रकम अपचलन गरेको खुलेको छ। त्यति मात्रै होइन, शर्माले आफ्नै लगानीमा शिखर अर्गनाइजेसन खडा गरी त्यसअन्तर्गतका विभिन्न कम्पनीमा विभिन्न बैंकबाट साढे ५ अर्ब रुपैयाँ लिएको समेत खुलेको छ। यसरी सम्पूर्ण रकम हिसाब गर्दा शिवशिखरका शर्माले गरेको घोटाला ओरियन्टलको तुलनामा पाँच गुणाभन्दा ठूलो देखिएको छ। लामो समय फरार भएका शर्मा सोमबार भारतबाट पक्राउ परेका छन्।

सीआईबीका अनुसार हालसम्म शिवशिखर सहकारीको रकम शिखर अर्गनाइजेसनअन्तर्गतका विभिन्न ४३ वटा निजी कम्पनीमा लगानी गरेको खुलेको छ। शिखर अर्गनाइजेसन उनी र उनको परिवारको नामको निजी कम्पनी हो। ती कम्पनीहरुमा उनले सहकारीका निक्षेपकर्ताको रकम दुरुपयोग गरेका सीआईबीले जानकारी दिएको छ।

ती कम्पनीमा उनले ८ अर्ब रुपैयाँ लगानी गरेको देखिएको छ। ‘त्यही रकममध्ये ६ अर्ब भारत लगेको देखिएको छ,’ सीआईबी स्रोतले भन्यो। बाँकी रकमको रेकर्ड सीआईबीले पनि भेट्टाउन सकेको छैन।

भारतमा पनि त्यहाँका स्थानीय साझेदारसँग मिलेर आफूले खाद्यान्न क्षेत्रमा लगानी गरेको जानकारी शर्माले सीआईबीलाई गराएका छन्। ‘भारतमा दाल चामललगायत क्षेत्रका व्यापारिक कम्पनीमा लगानी गरेको जानकारी दिएका छन्,’ सीआईबी स्रोतले भन्यो।

शर्माले आफूलाई उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथबाट प्रभावित रहेको बताउने गरेका थिए। मुम्बइमा एक जना विधायकको घरबाट पक्राउ परेका उनको भारतमा राजनीतिक सम्पर्क राम्रै रहेको देखिन्छ।

यसका साथै आफू र आफ्ना परिवारका सदस्यका नाममा घरजग्गा, सवारी साधनलगायत खरिद गरेर समेत सर्वसाधारणको निक्षेपको दुरुपयोग गरेको सीआईबीले जनाएको छ।

शर्माले ‘आफूले सर्वसाधारणलाई निक्षेप रकम तिर्ने र त्यसका लागि वातावरण बनाइदिन आग्रह गरेको’ जानकारी पनि प्रहरीले दिएको छ। उनलाई प्रहरीले अनुसन्धानका लागि थुनामा राख्ने म्याद थप गर्न अदालतसँग आदेश लिएको छ।




सहकारीको स्रोतको मात्रै दुरुपयोग नभएर शर्माका विभिन्न कम्पनीमा बैंकहरुको अर्बौं लगानीसमेत जोखिममा परेको देखिएको छ। बैंकहरुबाट करिब साढे ५ अर्ब हाराहारी कर्जा लगानी भएकोमा बैंकहरुको केही कर्जामा धितो छ भने केही कर्जामा धितोसमेत नभएको स्रोतको दाबी छ। असोजपछि केही कम्पनी बाहेक अधिकांश कम्पनीले सावाँ तथा ब्याज भुक्तानी नगरेको स्रोतले दाबी गरेको छ।

शर्माले सबैभन्दा धेरै कर्जा नेपाल एसबीआई बैंकबाट लिएको समेत स्रोत दाबी छ। बैंकले करिब पौने २ अर्ब कर्जा शर्माका विभिन्न कम्पनीमा लगानी गरेको छ। एसबीआई बैंकले शिखर अर्गनाइजेसनका कम्पनीलाई ऋण दिएको तर त्यसको यकिन तथ्यांक भने भन्न नसक्ने बैंकका कर्मचारीहरुले बताउने गरेका छन्। यसबाहेक नबिल बैंकको करिब २० करोड कर्जा लगानी गरेको छ। शर्माको वाटर पम्प कम्पनीमा नबिल बैंकको लगानी रहेको र त्यसको धितासमेत रहेको प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाले बताए।

शर्मा र उनकी श्रीमती गीता शर्माको नाममा रहेको विभिन्न कम्पनीमा हिमालयन बैंकको सवा अर्ब भन्दा बढी कर्जा लगानी भएको स्रोतको दाबी छ। यस्तै, नेपाल इन्भेष्टमेन्ट बैंकको करिब ९० करोड कर्जा लगानी छ।

माछापुच्छ्रे बैंकले २ वटा उद्योगमा करिब ६८ करोड लगानी गरेको छ। जसमध्ये मोरङको शनिश्चरेमा रहेको गोर्खा टी स्टेट अहिले पनि सञ्चालनमा छ। त्यसको कर्जा नियमित भए पनि माछापुच्छ्रे बैंकले लगानी गरेको अर्को एक परियोजना बन्द छ। जसमा करिब ४८ करोड कर्जा लगानी रहेको स्रोतले बतायो। त्यस्तै, उनको कम्पनीमा प्रभु बैंकको पनि ३५ देखि ४० करोड रुपैयाँ लगानी रहेको स्रोतको भनाइ छ। यसबाहेक एनएमबी बैंकले पनि करिब ८ करोड कर्जा लगानी गरेको स्रोतले जानकारी दियो।

यसरी निक्षेपकर्ताको बचत रकम आफ्नो व्यक्तिगत व्यवसायमा दुरुपयोग गरेपछि शिवशिखर बहुउद्देश्यीय सहकारी र तुलसी सहकारी दुवैले बचतकर्ताको पैसा फिर्ता गर्न नसकेको वर्ष पुग्न लागिसकेको छ। शिवशिखरमा सर्वसाधारणको निक्षेप र शेयरपुँजी गरी १४ अर्ब रुपैयाँ थियो। हालसम्म प्राप्त तथ्यांकअनुसार त्यसमध्ये १० अर्ब ७७ करोड ७६ लाख रुपैयाँ निक्षेप मात्रै रहेको सीआईबीले जनाएको छ। १ लाख ६८ हजार ७२५ बचतकर्ताले सो रकम जम्मा गरेको सीआईबीले जनाएको छ।

उनले भक्तपुरको सल्लाघारीमा शिवशिखर कृषि सहकारी र कौशलटारमा शिखरदीप बहुउद्देश्यीय सहकारी दुवै चलाउँदै आएका थिए। यी दुई सहकारीलाई २०७७ सालमा मर्ज गरेर उनले शिवशिखर बहुउद्देश्यीय सहकारी बनाएका थिए। यो सहकारीबाट सर्वसाधारणको अर्बौं निक्षेप दुरुपयोग गरिरहेका शर्माले सुशील बानियाँलाई अध्यक्ष बनाएका थिए। त्यससँगै उनले विराटनगरमा केन्द्रीय कार्यालय राखेर तुलसी बचत तथा ऋण सहकारी खोले र त्यसको अध्यक्ष बने। त्यस सहकारीमा पनि निक्षेपकर्ताको १ अर्ब ४५ करोड ७५ लाख रुपैयाँ भन्दा बढी निक्षेप दायित्व छ। त्यो सहकारी पनि बन्द छ।

दुई वटा सहकारीको पैसा अपचलन गरेका उनीसहितका सञ्चालकलाई पक्राउ गर्न सहकारी विभागले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) लाई पत्राचार गरेको थियो। विभागले गरेको पत्राचारको आधारमा शिवशिखर सहकारीका ९ जना सञ्चालकमध्ये अमिस राजभण्डारी, गीता शर्मा र पुष्कर मल्ललाई केन्द्रीय अनुसन्धान ब्युरोले यसअघि नै पक्राउ गरी अनुसन्धान गरिरहेको छ। गीता शर्मा केदारनाथ शर्माकी श्रीमती हुन्। पक्राउ परेका सञ्चालकहरु अहिले पुर्पक्षका लागि थुनामा छन्।

देशका विभिन्न स्थानमा १८ वटा मार्ट सञ्चालन गरेको शिवशिखर सहकारीको करिब ३ अर्ब कर्जा लगानीको सहकारी विभागको रेकर्डमा भेटिन्छ। ‘सीआईबीलाई पत्राचार गर्नुभन्दा अगाडि सञ्चालक समितिका सदस्यहरुलाई बोलाएर छलफल गर्दा उनीहरुले लगानीबारे पूर्वअध्यक्ष शर्मा मात्रै जानकार रहेको बताएका थिए,’ ती कर्मचारीले भने। शर्मा पक्राउ परेपछि उनले गरेको लगानीको थप विवरण आउने अपेक्षा सीआईबीले गरेको छ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले अनुसन्धान गरिरहेको भक्तपुरका शाखाका १ हजार २ सय ९२ जना निक्षेपकर्ताले शिव शिखरविरुद्ध उजुरी दिएका छन्।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)का प्रवक्ता प्रहरी उपरीक्षक थापाका अनुसार भक्तपुरका निक्षेपकर्ताले ६६ करोड ३१ लाख रुपैयाँ बिगो दाबीसहित उजुरी दिएका थिए। शिवशिखर सहकारीको कीर्तिपुर शाखामा ५ हजार दुई सयजनाभन्दा बढी बचतकर्ता छन्। अहिले शिवशिखर सहकारीमा निक्षेप जम्मा गरेका देशभरका निक्षेपकर्ताहरु आफूनजिकको कार्यालयमा पुगेर पैसा फिर्ता मागिरहेका छन्।

शिवशिखर मात्रै नभएर शर्मा अध्यक्ष भएको विराटनगरको तुलसी सहकारीको अवस्था पनि समान छ। सहकारी विभागको पत्राचारपछि प्रहरीले तुलसी बहुमुखी सहकारीको अध्ययन सुरु गरेको थियो। १ फागुनदेखि सहकारीको कार्यालय बन्द छ।

तुलसी सहकारीमा मात्रै १ अर्ब ४५ करोड रुपैयाँभन्दा बढी निक्षेप दायित्व रहेको छ। यसमध्ये ४१ करोडभन्दा बढी कर्जा भने सहकारीका अध्यक्ष केदारनाथ शर्माले आफ्नै निजी कम्पनीमा लगानी गरेको देखिएको हो। सहकारीका उपाध्यक्ष, सचिव र व्यवस्थापक ठगी मुद्दामा पुर्पक्षका लागि थुनामा छन्। बचतकर्ताले ठगीको उजुरी दिएपछि पक्राउ परेका उपाध्यक्ष अनिता गौतम, सचिव सविना न्यौपाने र प्रबन्धक मन्दिप खवासलाई जिल्ला अदालत मोरङले २४ चैतमा ठगी मुद्दामा पुर्पक्षका लागि थुनामा पठाएको हो।

सविना न्यौपानेले तुलसी सहकारीको सबै व्यवस्थापन हेर्दै आएकी थिइन्। तुलसी सहकारीसँग जोडिएका शर्माका सबै व्यवसाय सविना न्यौपानेले नै हेर्दै आएकी थिएन्। शिवशिखरमा श्रीमतीलाई सञ्चालक बनाएका शर्माले तुलसीमा आफु अध्यक्ष भएर आफ्नै विश्वासपात्र सविनालाई सचिव बनाई दुईवटै सहकारीको स्रोत दुरुपयोग गर्दै आएका थिए।

शर्माको शिखर अर्गनाइजेसन मातहत ४३ वटा भएको सीआईबीले पत्ता लगाएको छ। त्यसमध्ये ६ वटा कम्पनीमा तुलसी सहकारीको ४१ करोड ६३ लाख ९५ हजार ३७८ रुपैयाँ लगानी भएको प्रहरीको अनुसन्धानमा खुलेको छ। सहकारीको विराटनगरस्थित केन्द्रीय कार्यालयबाट तुलसी मोटर पम्प प्रालिमा २४ करोड ५ लाख ५७ हजार, ६०० रुपैयाँ, नटराज एग्रो प्रालिमा ४ करोड २८ लाख ८० हजार ७७ रुपैयाँ र शिखर अर्गनाइजेसन प्रालिमा ५ करोड ६७ लाख ५० हजार ५८३ रुपैयाँ ऋण लगानी भएको छ।

सहकारीको दमक शाखाबाट गोर्खा टी एण्ड कफी उद्योगमा २ करोड १५ लाख ७८ हजार ७८७ रुपैयाँ, शिवशिखर अर्गनाइजेसन प्रालिलाई एक करोड ४२ लाख ८४ हजार १३८ रुपैयाँ ऋण प्रवाह भएको छ। गाईघाट शाखाबाट तुलसी अनुसन्धान केन्द्रमा ४ करोड ३ लाख ४४ हजार २०२ रुपैयाँ लगानी गरेको छ।

सहकारीले ऋण दिएको ६ वटै कम्पनी, तुलसी सहकारीका अध्यक्ष शर्माकै हो। ऋण लगानी गर्दा पर्याप्त धितो राखिएको छैन। सञ्चालक समितिको माइन्यूटका आधारमा ऋण लगानी गरेको खुलेको अनुसन्धान अधिकृतहरु बताउँछन्। स्रोतका अनुसार दमक शाखाबाट ऋण लगानी भएको गोर्खा टि एण्ड कफी उद्योगको जग्गा एक वाणिज्य बैंकमा धितो राखेर करिब १६ करोड रुपैयाँ ऋण लिइएको छ।

सहकारी ऐन २०७४ ले आफ्ना सदस्यहरुको मात्रै बचत स्वीकार गर्ने, त्यसको परिचालन गर्ने र सदस्यलाई मात्रै ऋण प्रदान गर्नसक्ने व्यवस्था गरेको छ। सहकारी ऐन २०७४ को दफा ५० को उपदफा ८ भनिएको छ, ‘सहकारी संस्थाले बचत रकम सदस्यबीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल खरिद गर्नबाहेक अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म वा कम्पनी वा कुनै बैङ्कको सहकारी बैंकबाहेक सेयर खरिद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्नुहुँदैन।’ सहकारीको सञ्चालक समितिका सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संस्थाको सम्पत्ति बचत वा सेयर रकम हिनामिना गर्नु, तोकिएको भन्दा बढी ऋण प्रदान गर्दा धितो नराख्नु कसुर हुने ऐनमा व्यवस्था छ।

तर, शर्मा अध्यक्ष रहेको तुलसी सहकारीले भने उनकै लगानी रहेको विभिन्न प्राइभेट फर्म तथा कम्पनीमा लगानी गरेको पाइएको हो। त्यति मात्रै होइन, अध्यक्ष शर्माले सर्वसाधारणबाट उठाएको बचत रकमले आफ्नो निजी घरसमेत बनाएको खुलेको थियो। अध्यक्ष शर्माको नाममा विराटनगर-३ मा एक करोड ८० लाखमा घरसहित १५ धुर जग्गा खरिद गरेको पनि पाइएको छ।

बचतकर्ताको बचत रकम आफ्नो कम्पनीमा लगेर शर्माले उदयपुरमा चार तले भवन बनाएका थिए। यसबाहेक शिखर ग्रुपअन्तर्गत देशभर विभिन्न कम्पनीको नाममा जग्गा र भवनमा लगानी गरेका उनले त्यसमा सहकारीको स्रोतको नै दुरुपयोग गरेको आशंका प्रहरीले गरेको छ। सहकारीको रकमबाट कम्पनीको नाममा भवन बनाएर उनले उदयपुरमा गार्डेन मार्ट सञ्चालन गरिरहेको थिए। मोरङको लेटाङमा मार्ट सञ्चालनका लागि पाँच करोड लगानी गरेका छन्। सिरहाको गोलबजारमा सहकारीको कार्यालय र गार्डेन मार्ट खोल्नका लागि चार करोड लगानी गरेको छ। झापाको दमकमा मार्टमा २५ करोड लगानी गरेको छ।

विराटनगरमा केन्द्रीय कार्यालय रहेको तुलसी सहकारीमा २१ हजार १५४ वटा बचत खाता खुलेका छन्। जसमध्ये केन्द्रीय कार्यालय, विराटनगरका एक हजार ३ सय ७ जना बचतकर्ताले ५० करोड ८८ लाख ७८ हजार ७ सय २८ रुपैयाँ ठगी गरेको दाबीसहित प्रहरीमा उजुरी दिएका थिए।

त्यसका आधारमा अनुसन्धान गरेको प्रहरीले तयार पारेको प्रतिवेदनका आधारमा सरकारी वकिलको कार्यालयले बचतकर्ताको ५० करोड ८८ लाख र स्रेस्ता नखुलेको १६ करोड ९७ लाख ४२ हजार ५ सय ४० सहित ६७ करोड ८६ लाख २१ हजार २८६ रुपैयाँ ठगी गरेको दाबीसहित मुद्दा दायर गरेको थियो।

# कांग्रेस-एमाले समीकरण बन्ने ‘त्रास’ले एकीकृत समाजवादी र जसपा ‘बजेटमा ब्याक’ !

काठमाडौं। आर्थिक वर्ष २०८०/०८१ को बजेटप्रति चर्को असन्तुष्टि प्रकट गर्दै आएका सत्तारुढ तीन दल अन्ततः नाटकीय रूपमा थामथुम भएका छन्। गत जेठ १५ गते अर्थमन्त्री डा. प्रकाशशरण महतले संसद्मा पेस गरेको बजेटका बारेमा सत्तारुढ गठबन्धनभित्र मुख्यगरी तीन दलले असन्तुष्टि राख्दै आएका थिए।

बजेट संशोधन नभए पारित हुन नदिने चेतावनी दिँदै आएका जनता समाजवादी पार्टी नेपाल, नेकपा एकीकृत समाजवादी र जनमत पार्टी अन्तिम समयमा आएर ‘ब्याक’ भएका हुन्। संसद्भित्र र बाहिरसमेत बजेटको चर्को आलोचना गरेका उनीहरू यतिबेला भने ‘गठबन्धनभित्र मिल्नुको विकल्प नरहेको’ बताउन थालेका छन्।

विनियोजित बजेटमाथिको छलफलपछि सम्बन्धित मन्त्रीहरूले जवाफ दिने क्रम सकेर असार १३ गते बुधबार संसद्बाट बजेट पारित गर्ने सरकारको तयारी छ। बजेट पारित गर्ने सरकारको तयारीसँगै नेकपा एकीकृत समाजवादी र जसपा दुवैले आफ्ना सांसदलाई बजेटको पक्षमा मतदान गर्न ‘ह्विप’ नै लगाउने तयारी थालेका छन्। त्यसका लागि नेकपा एकीकृत समाजवादीले बुधबार बिहान संसद् बैठक बस्नुअघि संसदीय दलको बैठक बोलाएको छ।

नेकपा एकीकृत समाजवादीका सांसद समेत रहेका नेता मेटमणि चौधरीले बजेटको पक्षमा अनिवार्य मतदान गर्न दलको बैठक बोलाएको जानकारी दिए। ‘बजेट पारित नगरी सुखै छैन। अहिलेको अवस्थामा कतिपय असन्तुष्टि रहँदारहँदै पनि अघि बढ्नुको विकल्प छैन,’ सांसद चौधरीको भनाइ छ।

एकीकृत समाजवादी मात्रै होइन, जसपाले पार्टी बैठकबाटै बजेट संशोधन नगर्दासम्म पास हुन नदिने निर्णय गरेको थियो। तर जसपा पनि अन्तिम समयमा बजेटप्रति ‘यु-टर्न’ भएको छ। सांसद प्रदीप यादवले जसपाले बजेटको पक्षमा मतदान गर्ने बताए।

‘जसपाले बजेटको पक्षमा मतदान गर्छ। तर यसको आधिकारिक निर्णय भने बुधबार बस्ने दलको बैठकले गर्छ’, यादवको भनाइ छ।

बजेटप्रति सत्तारुढ दलबाटै चर्को विरोध र असन्तुष्टि पैदा भएपछि पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको सरकार नै अप्ठ्यारोमा पर्ने अड्कलबाजी भइरहेको थियो। बजेटप्रति सत्तारुढ दलले गरेको विरोध र त्यही बेला भएको कांग्रेस सभापति शेरबहादुर देउवाको सिंगापुर यात्रालाई जोडेर प्रमुख प्रतिपक्ष दल एमालेका नेताहरूले प्रचण्ड नेतृत्वको सरकार कुनै पनि बेला ढल्न सक्ने अभिव्यक्ति दिएका थिए।

देउवाको सिंगापुर यात्रालाई कतिपयले राजनीतिक समीकरण फेरबदलको कसरतका रूपमा बुझे पनि देउवा स्वदेश फर्केसँगै सत्तारुढ दलहरुबीच बजेटको विमति थाँती राख्दै पास गर्ने सहमति जुटेको हो। देउवा स्वदेश फर्किएपछि शनिबार बिहान बसेको सत्ता गठबन्धनका शीर्ष नेताहरूको बैठकमा बजेट पास गरेर अघि बढ्ने सहमति भएको नेताहरूको भनाइ छ।

‘शनिबार बालुवाटारामा भएको शीर्ष नेताको छलफलमा बजेट पास नगर्ने हो भने सरकार ढल्ने र त्यसको फाइदा एमालेले उठाउन सक्ने विश्लेषण भयो’, माधव नेपाल निकट एक नेताले बालुवाटार छलफललाई उद्धृत गर्दै रातोपाटीसँग भने, ‘यदि त्यस्तो अवस्था आउन नदिने हो भने सत्तारुढ दलले एक मतले बजेट पास गर्नुको विकल्प छैन भन्नेमा सबै सहमत हुनुभयो।’

ती नेताका अनुसार शनिबार प्रधानमन्त्री प्रचण्डले नेकपा एकीकृत समाजवादी र जसपाका नेतासँग छुट्टाछुट्टै कुराकानी गरेका थिए। ‘त्यो कुराकानीमा बजेट फेल हुँदा हुने सम्भावित क्षतिका बारेमा प्रधानमन्त्रीले उहाँहरूलाई कुरा बुझाउनु भएको थियो’, उनले भने, ‘बजेटकै कारण सरकार ढल्ने हो भने त्यसपछि एमाले र कांग्रेस मिल्ने र सरकार बनाउने ठूलो खतराबारे प्रधानमन्त्रीले सम्झाउनुभयो। त्यस्तो अवस्थामा माओवादी, जसपा र समाजवादी सबैको हैसियत नामेट नहोला भन्न सकिँदैन।’

सोही छलफल अनुसार अर्थमन्त्री डा. प्रकाशशरण महतले सोमबार बजेट संशोधन नभई पास हुने प्रतिक्रिया दिएका थिए। संसद् भवनबाहिर सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले असार १३ गते कुनै पनि संशोधनबिना बजेट पास हुने भन्दै आफूले बजेट ल्याउँदा सीमित स्रोत, साधनलाई मध्यनजर गरेर ल्याएको र त्यो आजको वास्तविकता भएको बताएका थिए।

‘बजेट पास हुन्छ, त्यसमा दुई मत नै छैन। थोरै साधन स्रोत, आवश्यकता धेरै यो आजको वास्तविकता हो। आजको सम्भावित स्रोत साधनलाई मध्यनजर गरेर नै बजेट ल्याएको हो’, मन्त्री महतले संसद् भवन परिसरमा सञ्चारकर्मीहरुको प्रश्नमा भनेका थिए, ‘बजेटको सीमाभित्र रहेर सम्बोधन गर्ने ठाउँ सम्बोधन हुनेछन्। आएको बजेट नै पास हुन्छ, संशोधन हुँदैन। पहिला नै धेरै सुझाव लिइसकेर बजेट ल्याएका हौँ। विधिभित्र रहेर काम गर्नेछौँ।’

बालुवाटारमा प्रधानमन्त्री प्रचण्ड र कांग्रेस सभापति शेरबहादुर देउवासँग छलफल गरेर आइतबार रौतहट पुगेका नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले पनि अहिलेको अवस्थामा मिलेर अघि बढ्नुको विकल्प नभएको भन्दै बजेटप्रति ‘यु-टर्न’ भएको संकेत गरेका थिए।

‘अब मिलेर जानु बाहेक विकल्प छैन, सत्ता गठबन्धन मिलेर जानु पर्छ भन्ने हामी सबैको उद्देश्य पनि हो। फुटेको खण्डमा देश र जनतामाथि घात हुन्छ,’ अध्यक्ष नेपालको भनाइ थियो।

शुक्रबार बेलुका नै अर्थमन्त्री डा. महत नेता नेपालको निवास कोटेश्वर पुगेर बजेट पारितका लागि नेपालसँग मद्दत मागेका थिए। जबकि उनै अध्यक्ष नेपालले जेठ २८ गते आइतबार संसद् भवन परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै बजेट नसच्चिए सरकार दुर्घटनामा पर्ने चेतावनीसम्म दिएका थिए।

‘बजेटप्रति साथीहरू सबै असन्तुष्ट नै हुनुहुन्छ। आक्रोशित हुनुहुन्छ, के हुन्छ भन्न सकिँदैन’, अध्यक्ष नेपालले भनेका थिए। उनले केही नेताका जिल्लामा धेरै रकम विनियोजन गरेको भन्दै आफूलाई समेत रिस नमरेको बताएका थिए। ‘मलाई रिस मरेको छैन र यही पाराले जाने हो भने सरकार दुर्घटनातिर जान्छ कि भन्ने डर छ’, नेता नेपालले भनेका थिए।

त्यसअघि अध्यक्ष नेपालले प्रधानमन्त्री प्रचण्डलाई बालुवाटारमा भेटेरै बजेट सच्चाउन पटकपटक आग्रह गर्दै आएका थिए। नेपालको आग्रहपछि प्रचण्डले अर्थमन्त्रीलाई बोलाएर मिलाउन सक्नेजति मिलाउन सुझाव पनि दिएका थिए।

# थुनुवाले भरियो सीआईबीको हिरासत

काठमाडौं। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरो (सीआईबी)को नेतृत्व किरण बज्राचार्यले गरेपछि हिरासत थुनुवाले भरिएको छ।




अहिले विभिन्न आरोपमा पक्राउ परेका ३ महिलासहित २७ जना सीआईबीको हिरासतमा छन्। बैंकिङ कसुर लगायतका आरोपमा पक्राउ परेकाहरु पहिलेदेखि नै हिरासतमा थिए।

ललिता निवास प्रकरणमा भाटभटेनी सुपर मार्केटका सन्चालकसहित मंगलबार थप ६ जना पक्राउ परेका छन्। यो प्रकरणमा संलग्न थप व्यक्तिहरुको खोजी भइरहेकाले हिरासत कक्ष खाली गराउने तयारी छ।

तीन जना थुनुवालाई सोह्रखुट्टे लगायतका प्रहरी वृत्तमा स्थानान्तरण गरेर खाली गराउने तयारी भइरहेको स्रोतले बतायो।

## पि.पि.आर. रोगबारे सूचना

पि.पि.आर.रोग भेडा/बाख्रामा लाग्ने संक्रमण रोग हो। यो रोगले अत्यधिक भेडा/बाख्राको मृत्यु हुन जान्छ। यो रोगबाट भेडा/बाख्रालाई बचाउन किसानहरुलाई निम्न उपाय अबलम्बन गर्न अनुरोध गरिन्छ।

– आफूले पालेका भेडा/बाख्रासँग खरिद भएका वा बाहिरबाट ल्याउका भेडा/बाख्रालाई कम्तिमा दश दिनसम्म नमिसाई अलग्गै राखौं।
– भेडा/बाख्रालाई पि.पि.आर. रोग विरुद्धको खोप लगाऔं।
– भेडा/बाख्रामा पि.पि.आर. रोगको लक्षण देखिएमा नजिकको पशु सेवा शाखा वा भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क राखौं।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखा
महामारी रोग नियन्त्रण तथा व्यवस्थापन शाखा, ललितपुर
फोन नं. :– ०१–५५२२०५६, ०१५५२१६१०

# ‘मानसिक रोग गम्भीर रोग हो’

मानसिक रोग एक गम्भीर रोग हो । मानसिक रोगी भएका विरामीले उपचार नपाएमा त्यस्ता रोगीहरुले आत्महत्यासम्म गर्न सक्छन् । मानसिक विरामी बेसुरले हिँड्ने, आफू र अरुलाई हानी नोक्सानी पुराउन सक्ने, जथाभावी बोल्ने, नराम्रो व्यवहारसम्म गर्छन् । निराश हुने, रुन मन लाग्ने, केही गर्न मन नलाग्ने, पहिला रमाइलो हुने कार्य रमाइलो नहुने, जाँगर नहुने, निन्द्रा–भोक कम हुने, ध्यान एकाग्र नहुने, बिना कारण डर लाग्ने, मुटुको धड्कन बेसी हुने, पसिना आउने, छटपट हुने, शरीर दुख्ने, झसँग हुने, शरीर काप्ने, बेसुरको हुने, नभएका कुरा देख्ने, सुन्ने, महसुस गर्ने, शंका हुने, आफ्नो सोचमा अरुकै नियन्त्रण भएको महसुस हुनेलगायतका लक्षण भनेको मानसिक रोगको लक्षण भएको मानसिक रोग विशेषज्ञ डा. प्रदिप जंग कुवर बताउनु हुन्छ । यस्तै विषयलाई लिएर मानसिक रोगसम्बन्धी उपचार विधि, लक्षणलगायतका विषयलाई लिएर डा. प्रदिप जंग कुवरसँग खोजतलासले गरेको संक्षिप्त कुराकानी :



*० मानसिक रोग भन्नाले कस्तो खाले रोगलाई बुझिन्छ ?*

मानसिक रोग भन्नाले त्यस्तो रोग हो जसले हाम्रा सोच, भावना तथा व्यवहारमा परिवर्तन ल्याउँछ । यस्ता रोग जो कोहीलाई लाग्न सक्छ । उदाहरणको लागि डिप्रेसन, मनोत्रास, बेसुरापन तथा अन्य कडा मानसिक लक्षण भएको जस्तै नभएको कुरा देख्ने, सुन्ने, महसुस हुने ।

*० मानकिस रोग लाग्नुको कारण के हो ?*

मानसिक रोग लाग्नुको कारण धेरै छन् । विभिन्न धेरै कारण मिलेर यसले रोग उत्पन्न गर्छ । जस्तै वंशाणुगत– परिवारमा कसैलाई मानसिक रोग छ भने, कस्तो वातावरणमा हुर्किएको, बसेको तथा सामाजिक वातावरण, तनाव– शारीरिक, मानसिक तनाव तथा अन्य कुनै रोगको कारण, छारे, टाउकाको विभिन्न रोगका कारणले पनि मानसिक रोग लाग्न सक्छ ।

*० पछिल्लो समय कस्ता उमेरका व्यक्तिहरुलाई मानसिक रोग बढी लाग्ने गरेको पाइन्छ ?*

मनसिक रोग जुनसुकै उमेरकाका व्यक्तिहरुलाई हुन सक्छ । मानसिक रोग उमेर अनुसार पनि देखिन्छन् जस्तै :

–डिप्रेसन– किशोर अवस्था, बढेसकालमा

–मनोत्रास : किशोर अवस्था, मध्यम उमेर

– उनमाद रोग : किशोर अवस्था, मध्यम उमेर तथा किशोर अवस्था अगाडि

*० मानसिक रोग लागेको कसरी थाहा पाउने ?*

मनसिक रोग लागेको आफूले महसुस गरेर अथवा अरुले लक्षण देखेर थाहा पाउन सकिन्छ । जस्तै, उनमाद रोगमा : त्रास हुने, बेसुर भएर हिँड्ने, हिंश्रक हुने, बेसी बोल्ने तथा आफूले महसुस गर्ने कुराहरु जस्तै डर लाग्ने, निराश हुने, निन्द्रा नलाग्ने, रुन मन लाग्ने, यस्ता लक्षण बिना कुनै कारण लामो समयसम्म भइरहेमा, निरन्तर रुपमा यसले असर गरेमा मानसिक रोग लागेको थाहा पाउन सकिन्छ ।

*० मानसिक रोग लागेको व्यक्तिका लक्षणहरु कस्ता हुन्छन् ?*

मानसिक रोग लागेको व्यक्तिका लक्षणहरु रोग अनुसार फरक–फरक हुन्छन् । जस्तै

डिप्रेसन : निराश हुने, रुन मन लाग्ने, केही गर्न मन नलाग्ने, पहिला रमाइलो हुने कार्य रमाइलो नहुने, जाँगर नहुने, निन्द्रा–भोक कम हुने, ध्यान एकाग्र नहुने ।

मनोत्रास : बिना कारण डर लाग्ने, मुटुको धड्कन बेसी हुने, पसिना आउने, छटपट हुने, शरीर दुख्ने, झसँग हुने, शरीर काप्ने ।

उनमाद रोग : बेसुरको हुने, नभएका कुरा देख्ने, सुन्ने, महसुस गर्ने, शंका हुने, आफ्नो सोचमा अरुकै नियन्त्रण भएको महसुस हुने ।

*० मानसिक रोगका चुनौतिहरु के छन् ?*

मानसिक रोगमा हुन सक्ने चुनौतिहरु धेरै छन् ।जस्तै :

(क) आफ्नो लक्षण थाहा हुँदा हुँदै रोगको बारेमा अज्ञानताका कारणले रोग हो भनी थाहा नहुने ।

(ख) रोग छ भन्ने थाहा हुँदा हुँदै मान्छे, समाजले के भन्लान भन्ने डर भई अस्पताल नआउने ।

(ग) विभिन्न अन्धविश्वासका कारण डाक्टरलाई नदेखाएर धामीझाँक्रीकोमा लग्ने ।

(घ) मानसिक डाक्टर कम हुनुका कारण शहरतिर मात्र बेसी सेवा उपलब्ध हुने जसका कारण ग्रामीण क्षेत्रका मान्छेलाई सेवा उपलब्ध नहुने ।

(ङ) लामो समयसम्म उपचार चाहिने हुँदा कतिपय बिरामी नियमित अस्पताल आउन लापरवाही गर्ने, अनि औषधी प्रयोग आफै बन्द गर्ने ।

*० मानसिक रोगबाट जोगिने उपायहरु के छन् ?*

मानसिक रोगबाट जोगिने यी उपायहरु अप्नाएमा रोग लाग्ने सम्भावना कम हुन सक्छन् :

– खनपिनमा ध्यान दिने, स्वस्थ जीवनशैली अप्नाउने ।

– शारीरिक रुपमा सक्रियता कायम गर्ने, दिनहुँ व्यायाम गर्ने, स्वच्छ वातावरणमा हिँडडुल गर्ते, स्वस्थ खानपिन, हावा भएको ठाउँमा बस्ने ।

– रक्सी, चुरोट तथा अन्य अम्बल प्रयोग नगर्ने ।

– सामाजिक सञ्जालमा धेरै समय नबिताउने

– आफू नजिकको मान्छेसँग समय बिताउने

– परिवार, साथीभाइसँग तनावका बेला, मनमा कुरा खोलेर आफ्नो मनका कुरा भन्ने ।

– तनावपूर्ण स्थितिबाट टाढा रहने ।

*० मानसिक रोगीको लागि कस्ता उपचार विधिहरु अप्नाइन्छ ?*

मनसिक रोगीको लागि अप्नाउन सकिने उपचार विधिहरु यसप्रकार छन् :

– मनोशिक्षा तथा आश्वासन

– साइकोट्रोपिक्स औषधीहरु

– मनोबैज्ञानिक थेरापीहरु : संज्ञानात्मक, वैवहारिक थेरापी

यी उपचार पद्धति रोग अनुसार फरक हुन जान्छन् ।

*० मानसिक रोग वंशाणुगत पनि हुन्छ ?*

मनसिक रोग पुर्ख्यौली पनि हुन सक्छन् । रोग हुने नहुने परिवारमा कसैलाई रोग छ छैन यसले फरक पर्न जान्छ । विभिन्न रोग जस्तैः बाइपोलार, डिप्रेसन, मनोत्रास, उन्माद रोग, दाजुभाई दिदी बहिनीमा, आफ्नो बुबा आमामा, हजुरबुबा हजुरआमा, आमा पट्टीको परिवारमा भएमा त्यही अनुसार रोग लाग्न पनि सक्छ नलाग्न पनि सक्ने सम्भावना हुन्छ ।

*० मानसिक रोग लागेका व्यक्तिलाई ठिक भएपछि फेरि दोहोरिने सम्भावना कत्तिको हुन्छ ?*

एकपटक रोग लागेमा फेरि दोहोहोरिन सक्ने सम्भावना हुन्छ । जस्तै

डिप्रेसन : ५०–८५ प्रतिशतमा जीवनभरिमा फेरि दोहोरिन सक्ने सम्भावना छ ।

मनोत्रास : २३.५ प्रतिशत देखि ३२.७ प्रतिशतमा जीवनभरिमा दोहोरिन सक्ने सम्भावना छ ।

उन्माद रोग : १ वर्षमा २८ प्रतिशत देखि ३–५ वर्षमा ५४ प्रतिशत सम्म दोहोरिन सम्भावना रहन्छ ।

*० यसका उपचार विधिहरु के के हुन् ?*

उपचार विधिहरु रोग अनुसार फरक पर्न जान्छ ।

– सामान्य तथा हल्का लक्षण भएमा : मनोशिक्षा तथा आश्वासन, काउनसिलिङ्ग गराउने ।

– मध्यम तथा कडा लक्षण भएमा साइकोट्रोपिक्स औषधीहरु प्रयोग गर्ने ।

– मनोवैज्ञानिक थेरापी पद्धतिहरु पनि गराउन सकिन्छ ।

*० मानसिक रोग कति कडा रुप लिन सक्छ ?*

मानसिक रोगी भएका विरामीले उपचार नपाएमा, डाक्टरले भने अनुसार नगरेमा रोगले कडा रुप लिन सक्छ, जसले गर्दा औषधीले काम नगर्ने, विभिन्न औषधीहरु एकैचोटी प्रयोग गर्नुपर्ने, विजुली पद्धतिसम्म अप्नाउनुपर्ने हुनसक्छ । कडा रुप लिँदा विरामी बेसुरले हिँड्ने, आफू र अरुलाई हानी नोक्सानी पुराउन सक्ने, जथाभावी बोल्ने, नराम्रो व्यवहार गर्ने हुनसक्छ ।

*० कुन स्टेजमा पुगेपछि मानिसले आत्महत्यासम्म गर्न पुग्छन् ?*

मनसिक रोग कडा भएमा जसमा लक्षण नियन्त्रणमा आएनन् भने विरामी आत्महत्यासम्म गर्न सक्छ । अथवा बेसुर हुँदा शंका विनाकारण उत्पन्न हुने भएकाले डरकै कारण : जस्तै कसैले मार्न आए, मेरो बारेमा नराम्रो सोचे भन्दा गर्न सक्ने सम्भावना रहन्छ ।

# जलहरी प्रकरण नालीबेली

काठमाडौं । सत्तारूढ दल नेकपा (माओवादी केन्द्र)का सांसद लेखनाथ दाहालले गत जेठ १० गतेको प्रतिनिधिसभामा बोल्दै भने, ‘उहाँ (केपी ओली) सरकारमा बस्दाखेरी कति भ्रष्टचारका काण्डहरू आए। यति, ओम्नी, स्वास्थ्य सामग्रीका २ अर्ब भ्रष्टाचार। त्यति मात्र होइन, पशुपतिको जलहरी लगाउँदा पनि सुनको लगाउने भनेर पित्तल लाएर गरेका सयौं भ्रष्टचारहरू छन् ।’

सांसद दाहालले यत्ति भनेपछि संसद्मा एमाले तात्यो । दाहालको सो भनाई एमालेले प्रतिनिधिसभा बैठकको रेकर्डबाट हटाउन बाध्य बनाउनुका साथै सो सम्बन्धमा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई संसद्बाट सम्बोधन गर्न बाध्य बनायो ।

त्यसपछि पशुपतिनाथको मन्दिरमा लगाएको सुनको जलहरी प्रकरणले राजनीतिक बजार तात्यो ।

प्रतिनिधिसभा विघटन गरेर निर्वाचन घोषणा गरेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ माघ १३ गते पशुपतिनाथ मन्दिरको पूजा गरेर बाहिर आएर मन्दिरमा सुनको जलहरी राख्न ३० करोड रुपैयाँ दिने घोषणा गरे ।

त्यसपछि तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री भानुभक्त ढकालको नेतृत्वमा बसेको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को बैठकले ओलीले घोषणा गरेकै भोलिपल्ट अर्थात माघ १४ गते निर्णय गऱ्यो, ‘आराध्यदेव भगवान श्रीपशुपतिनाथ मन्दिरको गर्भगृहमा रहेको जलहरीलाई सुनको जलहरी बनाई राख्ने सम्बन्धमा सम्माननीय राष्ट्रपतिज्यूबाट बेला-बेलामा चासो राख्ने गर्नुभएको र यस कार्यका लागि कोषले पहल गरिरहेको तथा मिति २०७७ माघ १२ गतेका दिन सम्माननीय प्रधानमन्त्रीज्यूबाट भगवान श्रीपशुपतिनाथको मन्दिर निरीक्षण तथा अनुगमनका क्रममा सुनको जलहरी निर्माण गर्ने कार्यका लागि नेपाल सरकारबाट रु.३० करोड उपलब्ध गराउने व्यहोरा अवगत गराउनुभएकोले सुनको जलहरी निर्माण गर्ने कार्य अघि बढाउने निर्णय गरियो ।’

सो सँगै सुनको जलहरी निर्माणका लागि अनुमानित १ सय ८ केजी सुन लाग्ने र सो सुन खरिदका लागि पशुपति क्षेत्र विकास कोषले ५० करोड, नेपाल सरकारको ३० करोड र नपुग रकम संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयमार्फत सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

सोही बैठकले अर्को निर्णयपनि गऱ्यो, ‘नेपाल राष्ट्र बैंकबाट आवश्यक सुन खरिदका लागि एम.ओ.यू. गर्न कोषका सदस्य सचिवलाई अधिकार दिने ।’

सो पश्चात माथिको निर्णयमा टेक्दै सोही वर्ष माघ २६ पशुपति क्षेत्र विकास कोष र नेपाल राष्ट्र बैंकबीच १ सय ८ केजी सुन खरिद/बिक्रिका लागि सम्झौतापत्रमा हस्ताक्षर भयो ।

सो सम्झौतमा पत्रमा पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव डा प्रदीप ढकाल र नेपाल राष्ट्र बैंककमा कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले हस्ताक्षर गरे ।



कोषले जलहरी निर्माण कार्यको लागि उक्त वर्ष राष्ट्र बैंकबाट १०३ किलो ७७३ ग्राम सुन रू. ८० करोड ११ हजारमा खरिद गऱ्यो । विभिन्न शुद्धताको प्रतिशत रहेको सुनमा अन्य धातु र रसायनको मिश्रण तामा २ किलो ८९० ग्राम, चाँदी १ किलो २४९ ग्राम, जिंक १२ किलो ७५० ग्रामसमेत प्रयोग गरी १०७ किलो ४९० ग्राम सुन कायम भएको भनियो ।

राष्ट्र बैंकबाट सुन किनेपछि पशुपति क्षेत्र विकास कोषले जलहरी निर्माणका लागि माघ २९ गतेदेखि कार्य सुरू गऱ्यो । कोषले पाटन औद्योगीक क्षेत्रमा रहेको एक रोलिङ मिल्सबाट जलहरी निर्माणको काम सकायो । कोषले फागुन २७ गते शिवरात्रिको अवसर पारेर पशुपतिमा जलहरी लगाउने तयारी गरिरहँदा फागुन ११ गते तत्कालिन बागमती प्रदेश सभा सदस्य नरोत्तम वैद्य र अधिवक्ता नितिका ढुंगानाले जलहरी राख्ने निर्णय रोक्न सर्वोच्च अदालतमा मुद्दा दर्ता गरे । मुद्दा दर्ताभएकै भोलिपल्ट सर्वोच्चले पेशी तोक्यो ।

सर्वोच्चको पेशी देखेर तर्सिदैं हतारहतार कोषले भोलिपल्ट अर्थात फागुन १२ गतेनै जलहरी राख्ने तयारी गऱ्यो । त्यसपछि कोषले १२ गते मध्यान्ह ११:४५ बजे शाइत भएको भन्दै तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीले बोलाएर क्षमापूजा गरेपछि मन्दिरमा जलहरी लगायो ।

जलहरी लगाएकै ४ घण्टापछि सर्वोच्च अदालतका न्यायाधीश पुरुषोत्तम भण्डारीको एकल इजलासले निर्णय यथास्थितिमा राख्न अन्तरिम आदेश दियो । भण्डारीको इजलासले यसमा तत्कालिन प्रधानमन्त्री र मन्त्रिपरिषद् कार्यालयसँग लिखित जवाफ पनि माग्नुका साथै छलफलका लागि दुबै पक्षलाई फागुन १७ गते बोलायो ।

**जलहरी : कहाँ छ र के हो ?**

पशुपतिनाथ मन्दिर कुनै वेला तीन तलाको रहेको बताइन्छ । तर, जीर्णोद्धार गर्दा राजा शिवसिंह मल्लकी रानी गंगारानीले विस १७१२ मा दुई तल्ला मात्रै बनाउन सकिएको इतिहासकारहरू बताउँछन् ।

हाल पशुपतिनाथ मन्दिरको मुख्य शिवलिङ्ग अवस्थित पीठिकामा सुनको जलहरी राख्नुअघि चाँदीको जलहरी थियो । जलहरीलाई चाँदीले मोड्ने परम्परा मल्ल वा लिच्छवि कालदेखिकै हो । वि.सं. १८३८ मा राजा रणबहादुर शाहका पालमा माघ शुक्ल पञ्चमीका दिन राखिएको चाँदीको जलहरी जीर्ण भएपछि २०२४ माघ शुक्ल पञ्चमीकै दिनमा तत्कालिन राजा महेन्द्रले मर्मत गरिए फेरि चाँदीको जलहरी चढाएका थियो ।

मन्दिरका चार जना मुख्य पूजारीले मात्र छोएर राख्न मिल्ने जलहरी सर्वसाधारणले सजिलै देख्दैनन् । जुन ठाउँमा उभिएर सर्वसाधारणले पशुपति दर्शन गर्छन्, त्यहाँबाट जलहरी देखिँदैन ।

शिवलिङ्गमा माथिबाट जलधारा गर्ने र पीँधमा निकास भएको धातुबाट निर्मित विशेष पात्रलाई जलहरी भनिन्छ ।

जलहरीबाट पशुपतिनाथको मुख्य शिवलिङ्गमा चढाइएको जल तथा पञ्चामृत मन्दिरमुनि रहेको ब्रह्मनालमा पुगेर वाग्मती नदीमा मिसिन्छ ।

**जलहरी विवाद :**

कोषले सुनको जलहरी राख्ने निर्णय गर्दा तत्कालीन प्रदेशसभा सदस्य वैद्य र अधिवक्ता ढुङ्गानाले सुनको जलहरीले प्रतिस्थापन गर्ने निर्णय प्राचीन स्मारक संरक्षण ऐन २०१३ विपरीत भएको बताउँदै सर्वोच्चमा मुद्दा दायर गरेसँगै सुनको जलहरी बिवादमा आएको हो ।

सुनको जलहरी निर्माणपछि भ्रष्टाचार भएको भन्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा मुद्दा पऱ्यो । अख्तियारले मुद्दा परेपछि २०७८ असार २४ गते पशुपति क्षेत्र विकास कोषलाई पत्र लेख्दै पशुपतिनाथको गर्भगृहस्थित शिवलिंगमा राखिएको सुनको जलहरीमा अनियमितता भएको आशंका गर्दै सुन खरिद प्रक्रियाको बारेमा विवरण मागेको तत्कालिन सदस्य सचिव ढकालले सञ्चारमाध्यममा बताएका थिए ।

सोपछि अख्तियारले जलहरीको विषयमा खास्सै चाँसो नदिँदा महालेखापरीक्षकको कार्यालय ५९औं वार्षिक प्रतिवेदन, २०७९ मा को पृष्ठ ५ सय १६ मा कोषले राष्ट्र बैङ्कबाट १०३.७७३ किलोग्रा सुन रू ८० करोड ११ हजारमा खरिद गरेको र निर्मित जलहरी, जलधारा, नाग, नागमूर्ति, सुनको किलालगायतमा प्रयोग भएको सुनको तौल ९६.८२२ किलोग्राम रहेको र बाँकी रहेको सुन १०.९७६ ग्रामको रिङ्ग बनाई जलहरीमा लगाएको उल्लेख गरिएको छ ।

रिङ्ग बनाउन प्रयोग भएको सुनको मूल्य रू ७ करोड ८६ लाख ४६ हजार रहेको र जलहरी बनाएर बाँकी रहेको सो सुनको सम्पूर्ण परिमाण रिङ्ग बनाउने कार्यमा प्रयोग भएको पुष्टि हुने विविरण पेस नगरेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, महालेखा परीक्षकको प्रतिवेदनमै जलहरीको निर्माण पाटन औद्योगिक क्षेत्रको एक रोलिङ्ग मिल्समार्फत गराएकोमा मिल्सँससँग भएको सम्झौता र संलग्न १३ जना कालीगढलाई भुक्तानी भएको विवरण पेस नगरेको उल्लेख गरिएको छ ।

महालेखा परीक्षकको प्रतिवेदनमा यी कुराहरू उल्लेख हुँदा सदनमा सांसदहरूले जलहरी प्रकरणको कुरा उठाए । माओवादी सांसद दाहालले उठाएको प्रसंगसँगै सांसदहरूले संसदमा विभिन्न धारणाहरू राखिरहेका छन् । कतिपय सांसदहरूले संसदीय समिति बनाइनै छलफल गर्नुपर्ने बताइरहँदा अख्तियारको टोलीले आइतबार साझ पशुपतिनाथको मन्दिरमा लगेर जलहरीको नापतौल गरेको थियो ।

तर, अहिलेसम्म अख्तियारले नापतौल गरेको जलहरीको आधिकारीक बिवरणभने सार्वजनिक भइसकेको छैन ।

# रेडक्रसको लेटर प्याड र छाप चोरी

काठमाडौं । नेपाल रेडक्रस सोसाइटी केन्द्रिय कार्यालयको छाप र लेटर प्याड चोरी गरि रेडक्रसका बारेमा भ्रम छर्ने कार्य हुन थालेको छ । नेपाल सरकारले २०७७ साउन १२ गते ३ महिना र पछि एक वर्षका लागि नियुक्त गरिएका नेत्र तिमिल्सिनाले आफ्नो कार्यकाल समाप्त भएपछि पनि आफूलाई अध्यक्ष बताउदै आएका छन् । सोसाइटीको चोरी गरिएको लेटरप्याड र छापको प्रयोग गरि रेडक्रसका बारेमा अनावश्यक भ्रम छर्ने कार्य गर्दै आएका छन् ।

लामो समयदेखि निर्वाचन नभएर अत्यन्तै विषम परिस्थितिमा पुगेको अवस्थामा गृहमन्त्रालय र जिल्ला प्रशासन कार्यालय काठमाडौंले निर्वाचन गराउनका लागि पत्र लेखेपछि नेत्र तिमिल्सिना र रेडक्रसलाई नेपालबाट धपाउनका लागि पर्दै आएको भडुवा समूहले अनेक बखेडा सुरु गर्न थालेको छन् ।

रेडक्रसका ७ प्रदेश र ६५ जिल्ला शाखाले निर्वाचनका लागि सम्वन्धित निकायहरुमा अपिल गरेपछि सरकार निर्वाचन गराउन तयार भएको हो ।

वास्तविक रेडक्रसकर्मीले निर्वाचन माग गरेको सन्दर्भमा भडुवा समूले बिथोल्न खोजेमा उनिहरुलाई रेडक्रसको साधारण सदस्यबाट नै निलम्बन गर्नुपर्ने आम रेडक्रसकर्मीको धारणा रहेको छ ।

# लामो समय घुमुवामा कार्यरत हटाईए, हाकीमलाई कारबाही भएन

काठमाडौं । प्रहरी प्रधान कार्यालयले गत साता मधेस प्रदेशका आठ जिल्लामा लामो समयदेखि कार्यरत २९ घुमुवालाई पहाडी तथा हिमाली जिल्लामा पठाएको छ । सीमा क्षेत्रमा तस्करीको लाइन मिलाउँदै आएको छानबिनमा देखिएपछि कारबाही गरेर हटाइएको हो । घुमुवालाई हटाएपनि उनीहरूका हाकिमलाई भने कुनै कारबाही गरिएको छैन । यसले प्रहरीमा तल्लो तहका कर्मचारीलाई मात्र कारबाही हुन्छ भन्ने फेरि पनि प्रष्ट पारेको छ ।

एआइजी मिरा चौधरीको छानबिन प्रतिवेदनका आधारमा प्रहरी प्रधान कार्यालयले पर्साका वरिष्ठ सई विनोद सिंहलाई कालिकोट तथा बाराका सागर शमशेर जबरालाई रामेछाप पठाइएको छ । उनीहरू करोडपति सइका रुपमा चिनिन्छन् ।

प्रहरी महानिरीक्षकलाई समेत प्रभावमा पारेर उनीहरू लामो समयदेखि बारा तथा पर्सामा बसेर अवैध धन्दामा संलग्न रहँदै आएका थिए । उनीहरूलाई हटाइएपछि परिचालन गर्ने पर्साका एसपी कोमल शाहको हकमा भने कुनै कारबाही हुन सकेको छैन ।

धनुषाका नागेन्द्र राउत, सप्तरीका सुरेश कुमार यादव, सर्लाहीका रामरेख राय यादब, सिरहाका चन्दन कुमार यादव, सप्तरीका चन्द्रेश्वर यादव, बाराका जितेन्द्र महतो, मोरङका राजमंगल सिंह, रौतहटका निरज कुमार सिंह तथा अजित कुमार सिंह लगायतलाई पहाडी जिल्लाहरूमा खटाइएको छ । हाकिमहरूकै निर्देशनमा सीमा नाकामा सेटिङ मिलाएर उनीहरूले तस्करी गराउँदै आएका थिए । उनीहरूलाई पटक पटक हटाउन खोज्दा पनि यसअघिका प्रहरी असफल भएका थिए ।

धेरै हाकिमका त प्रिय नै थिए । एआइजी चौधरी र कुँवरको आँटले उनीहरूलाई तत्काललाई हटाइएको छ । तर, तराईका जिल्लामा अहिले अधिकांश एसपीको ध्यान कमाउनेमा केन्द्रित छ । उनीहरूको हकमा भने छानबिन हुन सकेको छैन ।

मधेस प्रदेशका डिआजी जनकराज भट्टराई आफैं पनि घुमुवा परिचालन गरी पैसा असुल्न व्यस्त छन् । उनको आचरणबारे उजुरी आएपछि गृह मन्त्रालयले दुई महिनाअघि हटाउन चाहेको थियो । तर, कांग्रेस नेताहरूबाट दबाब दिएर आफ्नो पदस्थापन त्यही गराएका थिए । मधेसमा अहिले उनकै कारण बेथिति कम नभएको प्रहरी अधिकारी बताउँछन् ।

## सम्पादकीय

# सहकारी समस्या हल गर्न बहसको आवश्यकता

सहकारी क्षेत्र दिनप्रतिदिन संकटपूर्ण र अस्तव्यस्त बन्दै गएको अवस्थामा सहकारीका समस्यालाई हल गर्ने उपाय पहिल्याउने उद्देश्यले सम्बन्धित निकायका विज्ञहरुबीच बहस गर्नुपर्ने आवश्यकता भइसकेको छ ।

अहिले पनि समुदायमा आधारित र सुशासनमा चलेका सहकारीहरूले आर्थिक, सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान गरिरहेका छन् । तर, पछिल्लो समय कतिपय सहकारी संकटग्रस्त बन्दै गएपछि समग्र सहकारी अभियानप्रति प्रश्न मात्र होइन विश्वसनीयता पनि गुम्न थालेको छ । जसले गर्दा राम्रा र स्थापित सहकारीहरुले समेत बदनामी खेपिरहेका छन् । सहकारीमाथिको संकट निम्तिँदा कतै सहकारी निमिट्यान्न त हुँदैनन् प्रश्न उब्जिएको छ । यो अवस्थामा सहकारी बचाउने दुई अस्त्रका रुपमा स्तरीकरण र स्थिरीकरण कोषलाई लिइएको छ । स्तरीकरणबाट सहकारीमा सुशासन कायम गर्ने र स्थिरीकरण कोष मार्फत सहकारीलाई सुरक्षा दिन सकिए सहकारी बचाउन सकिने सहकारी अभियन्ता एवं सरोकारवाला विज्ञहरुले बताउँदै आइरहेका छन् ।

**सहकारीसम्बन्धि सम्बन्धित विभिन्न संघसंस्था र निकायहरूका पदाधिकारीहरूको पछिल्लो समय सहकारीमा आएको समस्याको विषयमा विभिन्न तर्कहरू गरे पनि निकासका लागि यी विज्ञहरूले बहस नै संचालन गरी सहकारीमा देखिएको समस्याको समाधान कसरी गर्न सकिन्छ भन्ने बहस गरी समस्याको समाधानका उपायहरू तत्काल निकाल्नुपर्ने अवस्था आइसकेको छ ।**

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ( नेफस्कून)का अध्यक्ष परितोष पोडेलले यतिखेर संस्थाको सुशासनको प्रत्याभूति दिलाउनु मूख्य समस्या रहेको बताउँछन् । सहकारी मन्त्रालयसँग नेफस्कूनको लामो छलफलपछि सहकारीमा सुशासन दिन स्तरिकरण गर्नुपर्ने र सुरक्षा दिन स्थिरिकरण गर्नुपर्ने निस्कर्षमा पुगिएको बताए । उनी भन्छन्-'स्तरिकरणको माध्यमबाट सुशासन कायम गर्ने विश्वव्यापी अभ्यास भएपनि नेपालमा भर्खर अनुशरण गर्न खोजिएको हो । यो माध्यमबाट नेपालभरका वित्तीय कारोवारमा आधारित सहकारीहरुलाई सुशासनमा ल्याउन अत्यन्त आवश्यक छ ।'

राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेती सदस्यहरुलाई बचत सुरक्षणको प्रत्याभूती दिन, संघलाई सदस्य संस्था सुशासित र सुरक्षित रहेको एकिन गरिराख्न, संस्था संचालकहरुलाई सुरक्षित संस्थाको रुपमा आश्वस्त बनाउन, समुदायमा उच्च छवी कायम राख्न, राज्यका लागि बचत ऋण अभियानको सुरक्षाको प्रत्याभुती दिन स्तरीकरण र स्थिरीकरण अपरिहार्य रहेको बताउँछन् । उनी भन्छन्- 'तरलता व्यवस्थापनको कारणले कुनै पनि वित्तीय संस्थामा १० प्रतिशत या बढीमा २० प्रतिशत राख्नपर्ने भन्ने छ । तर अविश्वास सृजना भएर सहकारीमा बचत झिक्नेको संख्या बढ्नु स्वभाविकै हो ।' 'निर्धक्क कारोबार गर्दा कुनै समस्या छैन भन्ने वातावरण सरकारले बनाइदिन पनि स्थिरीकरण कोष कार्यान्वयनमा ल्याउन पर्ने र यसैले सहकारी पूनर्जिबित बनाउन सकिने छ,' उनी भन्छन् । साथै ऐनमा भएका कुराहरु तत्काल लागू गरिदिए बजारमा सकारात्मक सन्देश प्रवाह हुने उनको तर्क छ ।

सामान्यतया स्थिरीकरण कोष बचत तथा ऋण केन्द्रित सहकारीहरुको नियमित अनुगमन गरी वित्तीय कारोवारलाई अनुशासित र सुरक्षित बनाउन, तरलता अभावमा सरल कर्जा, सापटी वा अनुदान उपलब्ध गराई सहकारीलाई वित्तीय संकटबाट जोगाउन । स्वनियमन सहकारी पद्धति मार्फत् सहकारीको आन्तरिक शुसासन कायम राखी शाख अभिबृद्धि गर्न, सदस्यहरुको वचतलाई सुरक्षित गर्ने प्रविधिहरुको विकास गरी वचत तथा ऋण सहकारी संस्थाहरु प्रति समुदायको आस्था तथा दृढ विश्वास कायम राख्ने अभिप्रायका साथ अघि सारिएको हो । यसले वित्तीय विश्लेषणको नतिजाको आधारमा कमजोर देखिएमा सुधारका उपायको जानकारी दिन र कार्यान्वयन गर्न गराउन भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

राष्ट्रिय सहकारी महासंघ नेपालका अध्यक्ष मीनराज कँडेल पनि सहकारीमाथि कालो बादल मडारिरहेको अवस्थामा जोगाउने अस्त्र स्तरीकरण र स्थिरीकरण कोष नै हुन सक्ने जिकिर गर्छन् । बचत ऋणका संस्थाहरुलाई स्तरिकरण र समस्यामा परेकाहरुलाई स्थिरीकरण कोष मार्फत् रक्षा गर्न सकिने उनको भनाई छ । बचतकर्ताहरुको बचतको सुरक्षा अहिलेको मूख्य चुनौति रहेको उनको तर्क छ । यो बेलामा सुशासनमा ल्याउने कामसँगै संस्थालाई बचाउनुपर्ने जिम्मेवारी रहेको र गलत काम गर्नेलाई कारबाही गर्नुपर्ने उनको तर्क छ । सहकारीको ७ वटा अन्तर्राष्ट्रिय मूल्य मान्यता छन् । अहिलेको समस्या मूलतः सुशासन अभावकै कारण जटिलता सृजना भएको उनको भनाई छ ।

सहकारीसम्बन्धि सम्बन्धित विभिन्न संघसंस्था र निकायहरुका पदाधिकारीहरुको पछिल्लो समय सहकारीमा आएको समस्याको विषयमा विभिन्न तर्कहरु गरे पनि निकासका लागि यी विज्ञहरुले बहस नै संचालन गरी सहकारीमा देखिएको समस्याको समाधान कसरी गर्न सकिन्छ भन्ने बहस गरी समस्याको समाधानका उपायहरु तत्काल निकाल्नुपर्ने अवस्था आइसकेको छ । होइन भने यसले दिनदिनै बढ्दै गइरहेको आर्थिक संकटका बाबजुद देशलाई नै धरासाही बनाउन समय लाग्दैन । समय छँदै विज्ञहरुले समस्या समाधानका लागि निकास निकाल्न बहस गर्नुपर्ने लजरुरी भइसकेको छ । यसतर्फ सबै विज्ञहरुका ध्यान केन्द्रित होस् । समयमै चेत खुलोस् ।

# बैंकहरूले नै बिस्थापित गर्दैछन् उद्योग व्यवसाय

**रूपा घिमिरे**

नेपालका बैंक तथा वित्तिय संस्थाहरुले ऋण उठाउने सवालमा अपनाएको आक्रामक शैलीका कारण स्थापित उद्योगी तथा व्यवसायी समेत यतिखेर घर न घाटको भएका छन् । बैंकको जसरी पनि नाफा कमाउको नीतिले ऋणीहरुले ऋणको केही किस्ता तिर्न नसकेकै अवस्थामा हतारमा धितो लिलामी गराउन बैंकहरु उद्दत हुँदा बिस्तारै व्यवसायबाट व्यवसायीहरु पलायन हुने अवस्था सिर्जना भएको हो ।

नेपालका बैंकहरु अधिकांश मारवाडी घरानाबाट सञ्चालित छन् । ऋणीबाट कर्जा असुल गर्ने मामिलामा सबैभन्दा बढी आक्रामक एनआइसी एसिया बैंक मारवाडी घरानाबाट सञ्चालित छ । त्यस्तै एभरेष्ट,प्रभु,नबिल बैंक पनि ऋणीको धितो लिलामीमा अग्रस्थानमा पर्छन् । कतिपय अवस्थामा बैंकहरुले ऋण चुक्ता गर्न ऋणीलाई जानकारी नै नदिई बैंक आफैले लिलाम सकार गर्ने कार्य गरिहेको व्यवसायीहरुको आरोप छ । कति बैंकहरुले लिलाम सकार गर्दा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०६३ को दफा ५७ (१) अन्तर्गत जग्गाको लिलाम सकार गर्दा सम्बद्ध कानुन प्रतिपादित कानुन तथा नजिर सिद्धान्तलाई समेत अनुशरण नगरेको भेटिएको छ । हिमालयन बैंकका सीइओ अशोक राणा उद्योग व्यवसायीलाई मन्दीको समयमा बैंकहरुले जसरी दबाव दिइरहेका छन् उचित नभएको बताउँछन् । तथापी बैंकले दिने सुविधालाई अटेर गरेर कतिपय व्यवसायी नियतवश ऋण नतिर्ने गरेकाले ताकेता गर्नुपरेको बताउँछन् ।

एनआईसी एशिया बैंकले चालू आर्थिक वर्षको माघसम्म सयौं घरजग्गा बिक्रीमा राखेको छ । बैंकले आफ्नो स्वामित्वमा रहेका २ सयभन्दा बढी संख्यामा घरजग्गा लिलाममा राखेको जनाएको छ । पटक-पटक गरी बैंकले देशभरिका विभिन्न ठाउंको गैर बैंकिङ्ग सम्पत्ति र कर्जामा रहेको धितो लिलाम बिक्री गरिरहेको छ । पछिल्लो समय सबैभन्दा धेरै धितो लिलाम गर्ने बैंकमा एनआईसी एशिया बैंक अग्रस्थानमा छ । यस्तै, सनराइज बैंकले पछिल्लो पटक आफ्नो स्वामित्वमा रहेका देशभरिका ४१ ठाउँको घरजग्गा बिक्रीमा राखेको छ ।

घरजग्गासँगै बैंकले विभिन्न मोडलका सवारी साधन पनि लिलाम गरिरहेको छ । यस्तै, प्रभु बैंकले १४ जिल्लाका २९ ठाउँको घरजग्गा बिक्रीमा राखेको छ भने माछापुच्छे बैंकले १६ जिल्लाको २० वटा घरजग्गा र सिद्धार्थ बैंकले एसडब्ल्यूएम ब्राण्डका ८ वटा मोटरबाइक सहित घरजग्गा लिलाममा राखेको छ ।

पछिल्लो समय बैंक तथा वित्तीय संस्थाले कर्जामा राखिएको धितो धमाधम लिलाम गरेर बिक्री गरिरहेका छन् । पत्रपत्रिकाहरु बैंक तथा वित्तीय संस्थाहरुका लिलामीका सूचनाले भरिभराउ छन् । प्रत्येक दिन कुनै न कुनै बैंक तथा वित्तीय संस्थाले लिलामीका सूचना प्रकाशन गरिरहेका छन् । लिलामीमार्फत् घरजग्गा नै बिक्री गर्न थालेपछि बैंकले ऋणीको उठिबास नै लगाएको आरोप पनि लाग्दै आएको छ । तर, लिलामीका सूचना प्रकाशन गर्दा बैंकको रिकभरीमा सघाउन पुग्ने र खराब कर्जा कम गरेर ऋण असुलीमा बैंक अब्बल सावित गर्न धितो लिलामीमा बैंकहरु हतारिएको राष्ट्र बैंकका पूर्व निर्देशक एवं बैंकर अर्जुन प्रसाइँ बताउँछन् ।

सन् २००६मा अमेरिकामा प्रख्यात फोर्ड गाडी कम्पनी धराशायी बन्न पुग्यो । प्रत्यक्ष अप्रत्यक्ष रुपमा करिव २१ लाख मानिसलाई रोजगारी दिइरहेको कम्पनी डुब्ने अवस्थामा पुग्यो । गाडी बिक्री कम हुने,ऋण दिएको बैंकले च्याप्न थालेपछि फोर्ड गाडी कम्पनी लिलामीमा जाने अवस्थामा थियो । त्यसको २ वर्षपछि सन् २००८ मा तत्कालिन अमेरिकी राष्ट्रपति बाराक ओबामाले राष्ट्रपति पदमा विजय हासिल गर । उनले फोर्डबारे जानकारी पाए र तत्कालीन गभर्नर जेनिफर ग्रानहोमलाई आर्थिक योजना बनाउन मद्दत गर्न आग्रह गरे । उनले उद्योगलाई जीवित राख्ने अनेक तरिकाहरूबारे छलफल गरे ।

फोर्ड कम्पनीको दुरावस्था देखेर राष्ट्रपति ओबामाले उद्योग जसरी पनि जोगाउनपर्छ भन्ने अभिप्रायका साथ तत्काल बैंकसँग छलफल गरेर कम्पनीलाई छुट र कर्जा तिर्ने समय लम्ब्याइदियो । साथै ओबामाकै निर्देशनमा अमेरिकी निर्यात-आयात बैंकले कार र ट्रकहरूको निर्यातमा ३.१ बिलियनको वित्तपोषण गर्न फोर्ड लोन ग्यारेन्टी स्वीकृतको घोषणा समेत गर्यो । सरकारबाटै यस्तो सुविधा पाएको फोर्ड कम्पनी बिस्तारै बौरिँदै गयो ।

आज यो कम्पनीको गाडी नपुगेको सायदै कुनै देश होला । नेपालमा पनि फोर्ड कम्पनीका गाडीहरु मजाले गुडिरहेको देखिन्छ । बाराक ओबामाले अमेरिकी अटो उद्योग फोर्डलाई लोप हुनबाट बचाए । उद्योगी व्यवसायीलाई पलायन हुनबाट जोगाउन वित्तीय वातावरण निर्माण गर्न विदेशी मुलुकमा सरकार नै लाग्ने रहेछ भन्ने दृष्टान्त हो यो ।

२०६६ साल जेठ २ गते ओरियन्टल विल्डर्सका सञ्चालक सुधिर बस्नेतले व्यवसाय प्रायोजनका लागि काठमाडौंको धापासिमा रहेको २४ रोपनी ९ आना जग्गा एनआइसि एसिया बैंकमा धितो राखेर १४ करोड ऋण लिए । सोही समयमा व्यवसायी बस्नेतले करिब ३० करोडभन्दा बढी लगानी गरेर भवन निर्माण कार्य अघि बढाएका थिए । तर ऋण तिर्ने बेला व्यवसायी बस्नेत विभिन्न व्यक्तिको जालझेल र आरोपमा जेल जान बाध्य भए भने त्यहि मौका छोपेर एनआईसी एसिया बैंकले, ऋण नतिरेको सुचना जारी गर्दै एक पक्षीय रुपमा बस्नेतले धितोमा राखेको सबै सम्पती आफ्नो कब्जामा लियो ।

बस्नेत जेलपरेको मौका छोपेर एनआइसि एसिया बैंकले बस्नेतले ऋण नतिरेको भन्दै सम्पत्ति लिलामीको प्रक्रिया थाल्यो । तर लिलामिको प्रक्रिया धितोको साबिक मुल्य भन्दा अत्यन्तै कम मुल्यांकन गरी बैंकले उक्त सम्पती हडप्यो ।

व्यवसायी बस्नेत परिवारका अनुसार धापासी क्षेत्रमा अहिले आना जग्गाको मूल्य ४५ देखि ५० लाख रुपैयाँ मूल्य रहेको छ । जसअनुसार पनि धितो राखेको जग्गाको मुल्य २ अर्ब रुपैंया पर्छ । व्यवसायी बस्नेत परिवारका अनुसार सुधिर बस्नेतले बैंकबाट १४ करोड ऋण लिएकोमा सावा ब्याज सहित गरेर २४ करोड रुपैयाँ पुगेको छ । बस्नेतले धितोमा राखेको जग्गामा हाउजिङ कम्पनीदेखि अन्य भवन बन्दै थिए । बैंकले बस्नेतको सम्पती हत्याउने बेलामा सम्पतीको भाउ बढेर अर्बौ रुपैंया पुगिसकेको थियो । जेलबाटै पनि सुधिरले म जेलबाट निस्के पछि सबै ऋण तिर्छु भन्दै थोरै समयको माग गरेको भए पनि बैंकले २४ करोड लिनुपर्ने ठाउँमा अर्बौं रुपैंया उठायो । एनआइसी एसिया बैंकले अहिले धापासीमा धमाधम संरचना बनाइरहेको छ ।

बैंक तथा वित्तीय संस्थाले मनपरी रूपमा ऋणीको धितो लिलाम गर्न नपाउने गरी डेढ वर्षअघि राष्ट्र बैंकले एकीकृत निर्देशिका, २०७७ संशोधन गरी धितो लिलाममा बैंक तथा वित्तीय संस्थालाई कडाइ गरेको छ । तर पनि बैंकहरुको मनपरी रोकिएको छैन । त्यसअघि मनपरी रूपमा असुलीको प्रक्रिया सुरु गरेर धितो लिलाम गर्दै आएका थिएर । यो विषयमा राष्ट्र बैंकमा पनि थुप्रै गुनासो परेका थिएर । ऋण उठाउने मामिलामा बैंकहरु स्वतन्त्र छन् । नयाँ व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाले कर्जा असुलीका लागि भाखा नाघेको ६ महिनापछि मात्र धितो लिलामी प्रक्रिया सुरु गर्न पाउनेछन्र । निषेधाज्ञा अवधिभर भने धितो लिलाम नगर्न राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको थियोर ।

विश्वव्यापी कोरोना भाइरस र त्यसपछि निम्तिएको आर्थिक मन्दीले बजारमा बस्तु तथा सामानको माग नहुँदा यतिबेला व्यवसाय सिथिल भएको छ । उद्योगधन्दा पूर्ण क्षमतामा चल्न सकेका छैनन् । व्यवसाय चलाउने क्रममा विभिन्न बैंकहरुबाट उनिहरुले लिएको ऋणको व्याज समेत भुक्तानी गर्न नसकेको अवस्थामा साँवा त झन् परैको कुरा हो तिर्न सकेका छैनन् । व्यवसायिक वातावरण बनाउन वित्तीय वातावरणको पनि आवश्यक हुन्छ । यस्तो बेलामा उद्योग व्यवसाय टिकाउने दायित्व सरकारको पनि हुन्छ । तर यसमा नत राष्ट्र बैंक नत र राज्य कसैको ध्यान पुगेको देखिँदैन ।

# नेपालमा संघीयताको आयु कति ?

**प्रकाश राई**

संघीय शासन व्यवस्था घोषणा भएको आठ वर्ष पुग्नै लाग्दा संघीयताको सुरुवाती दिनहरूको उमंग शेष नरहने अवस्थामा पुगिरहेको छ । संघीयताको विकल्प संघीयता भनिए पनि यस शासन प्रणालीको बारेमा नकारात्मक टिप्पणीको बजारीकरण बढेको छ । संघीयताको संस्थापक भनिएका राजनीतिक दलका नेताहरू शासन व्यवस्थामा खतरा उत्पन्न भएको कुरा गर्न थालेका छन् ।

संघीयता,गणतन्त्र-लोकतन्त्र,धर्मनिरपेक्षता अन्योन्याश्रित रूपमा एउटै डुङ्गामा सवार रहेकाले संघीयताको बचाउको सन्दर्भमा सतही जिद्दी भन्दा पनि गम्भीर संघीयता मीमांसाको आवश्यकता देखिन थालेको छ ।

**संघीयताको मुद्दाको स्वामित्व**

अहिले हामीले उपभोग र प्रयोग गरिरहेको संघीय लोकतान्त्रिक शासन प्रणालीको उदय हुनुको मुख्य आधार तत्कालीन सात राजनीतिक दलहरूको नेतृत्वमा सम्पन्न भएको २०६२/६३ को जनआन्दोलनको सफलता हो । उक्त आन्दोलनको प्रस्थानविन्दु तत्कालीन सात राजनीतिक दलहरू र नेकपा (माओवादी)को बीचमा २०६२ मंसिर ७ गते दिल्लीमा भएको १२ बुँदे समझदारी हो । समझदारी-पत्रमा महत्वका साथ पूर्ण लोकतन्त्र भन्ने वाक्यांश प्रयोग गरिएको छ ।

पूर्ण लोकतन्त्रको विस्तारित व्याख्या नगरिएको सो समझदारी पत्रमा संघीयता भन्ने शब्द समावेश छैन । आन्दोलनको सफलताको जगमा २०६३ माघ १ गते जारी नेपालको अन्तरिम संविधान २०६३ मा संघीयता भन्ने शब्द प्रयोग भएको थिएन ।

नेपाल सरकार र नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संघर्ष समिति बीच २०६३ चैत, २०६४ को वैशाख, जेठ र असारमा भएको वार्ताहरूको निष्कर्षमा २०६४ साउन २२ गते भएको सम्झौतामा अन्तरिम संविधान बमोजिम संविधानसभाको निर्वाचनबाट निर्वाचित हुने संविधानसभामा संघीय संरचनाको सुझाव पेश गर्ने लिखित सम्झौतासँगै संघीयताले दस्तावेजमा स्पेस पाएको देखिन्छ । मधेश आन्दोलनको क्रममा भएको वार्ताहरूको निष्कर्ष स्वरूप २०६४ भदौ १३ गते भएको नेपाल सरकार र मधेशी जनअधिकार फोरमबीचको सम्झौतामा राज्यको पुनर्संरचना गर्दा संघीय शासन प्रणालीको व्यवस्था गरिनेछ भन्ने लिखत छ । २०६५ जेठ १६ गते नेपालको अन्तरिम संविधान २०६३ को चौथो संशोधनमा राजतन्त्रको विधिवत् अन्त्य गरी नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको घोषणा गर्दै भन्ने संशोधन सँगै संघीयताको मार्गचित्रमा नेपाल औपचारिक रूपमा प्रवेश गरेको देखिन्छ ।

संघीयताको सवालमा ठूला राजनीतिक दलहरूले आफ्नो ओठे पक्षधरता देखाए तापनि दस्तावेजहरूको शृङ्खलाबद्ध अवलोकन गर्दा उनीहरूमा विरोधाभास देखिन्छ । आफ्नो विरोधाभासलाई पुष्टि गर्ने गरी दलका नेताहरूबाट बेलाबखत संघीयताको विपक्षमा अभिव्यक्तिहरू आउने गर्छन् । आदिवासी जनजाति आन्दोलन र मधेश आन्दोलन नभएको भए संघीयता नेपालको संविधानमा लेखिने कुरामा सन्देहको आकलन गर्न सकिन्छ ।

ठूला राजनीतिक दलहरूलाई नियतिले संघीयतावादी बनाएको हो कि निष्ठा सहित संघीयतावादी? दलहरूको विचारधारात्मक पक्षको पुनरावलोकन जरुरी छ । अर्थात् पूर्ण लोकतन्त्रको सोधखोज हुनुपर्छ ।

विश्वको २७ देशमा रहेको संघात्मक प्रणालीको विश्लेषण गर्दा ती देशहरूको संघीय सरकार प्रायः स्थिर र शक्तिशाली रहेको देखिन्छ । २७ वटा देशहरूमध्ये १६ देशमा प्रत्यक्ष निर्वाचित हुने राष्ट्रपति कार्यकारी प्रमुखको रूपमा रहेको देखिन्छ । नेपालमा मिश्रित (प्रत्यक्ष र समानुपातिक) संसदीय निर्वाचन प्रणालीले गर्दा सिर्जित त्रिशङ्कु संसदको कारणले २०७४ देखि २०८० सम्म करिब ६ वर्षको अवधिमा ३ जना प्रधानमन्त्री र प्रक्रियाको दृष्टिकोणबाट संसदको समीकरणमा आएको फेरबदलले ४ पटक सरकार परिवर्तन भइसकेको छ ।

संघीय सरकार अस्थिर भएपछि संघीयकरणको कामहरू र जनअपेक्षाको डेलिभरीहरू प्राथमिकतामा नपर्ने भएकोले संघीय व्यवस्थालाई असफलसिद्ध गर्न चाहनेहरूलाई स्पेस सिर्जना हुन्छ ।

अस्थिर राजनीतिक प्रकोपको इपिसेन्टर संघीय सरकार हुने र प्रदेश सरकार, केन्द्रीय सरकारको फेरबदलसँगै परिवर्तन हुने अस्थिर राजनीतिक चक्र संघीय व्यवस्थामा चलिरहने स्थिति छ । प्रदेशसभा पनि मिश्रित निर्वाचन प्रणालीको कारणले त्रिशङ्कु बन्ने र दलहरूमा केन्द्रको निर्देशनबाट चल्ने एकात्मक अभ्यास विद्यमान भएकोले प्रदेशमा केन्द्रको सत्ता समीकरणको प्रभाव प्रत्यक्ष रूपमा परेको देखिन्छ ।

निर्वाचनमा प्रदेशसभाको टिकट वितरणदेखि प्रदेश सरकार गठन पार्टी केन्द्रको आदेश अनुसार गर्नुपर्ने दलीय आन्तरिक कानुनले संघीयताको मर्मको हुर्मत लिइरहेको अवस्था छ । दलीय व्यवस्था एकात्मक राखेर शासन व्यवस्था संघीय खोज्नु राजनीतिक पाखण्ड हो ।

संघीय संसदमा प्रतिनिधिसभा २७५ र राष्ट्रिय सभा ५९ जना सहित ३३४ जना, प्रदेश सभामा ५५० जना र स्थानीय तहमा प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यहरू र वडा सदस्यहरू सहित ३७ हजार २० जना एवं राष्ट्रप्रति-उपराष्ट्रपति समेत जोड्दा कुल ३७ हजार ९०६ जना जनप्रतिनिधिहरू शासन संचालनमा संलग्न रहेका छन् । दल नियन्त्रित क्याडर वेस्ड जनप्रतिनिधिहरूको भीड र अस्थिर शासकीय संरचना संघीयताको सान्दर्भिकताको सवालमा प्रश्नको आधार हो ।

**अनदेखामा संघीय अर्थ-राजनीतिक सौन्दर्य**

नयाँ व्यवस्थाको औचित्यसिद्ध गर्ने निर्णायक औजार हो, अर्थ-राजनिति । नयाँ शासकीय व्यवस्थालाई आलोकित गर्ने मुख्य भूमिका अर्थ-राजनीतिको हुन्छ । वित्तीय संघीयताको मुख्य संवैधानिक प्रबन्ध रहेको संविधानको धारा २५० बमोजिमको संघीय सरकारले एकल रूपमा गठन गर्ने वित्त आयोग संघीयता अनुकूल देखिँदैन । वित्त आयोगमा प्रदेश र स्थानीय सरकारको भूमिका नहुने भएकोले संघ सरकार दिने प्रदेश सरकार र स्थानीय सरकार लिने स्तरको सम्बन्धमा देखिन्छ ।

प्रदेश र स्थानीय सरकारहरू केन्द्रको समानीकरण अनुदान र आन्तरिक स्रोतको अपर्याप्तताको मारमा छ । सीमित स्रोत-साधनको बाबजुद प्रदेश र स्थानीय सरकारहरूले मौलिक अर्थ-राजनीति ( राजस्व संकलन र बाँडफाँट) दृष्टिकोण आफ्नो नीति तथा बजेट मार्फत सार्ने संघीयताले दिएको अवसरको सदुपयोग गरेको देखिँदैन । छिटफुट अपवाद बाहेक प्रदेश र स्थानीय सरकारको अर्थ-राजनीति (बजेट विनियोजन) परम्परागत र संघीय सरकारको सिकोमा आधारित छ ।

प्रदेश सरकारहरूले पूर्वाधार विकासको नाममा करिब ४५-५० प्रतिशत आफ्नो बजेट खर्च गर्दा कृषि/स्वास्थ्य/शिक्षामा १०-१२ प्रतिशत दरको हाराहारीमा खर्च गरिरहेको छ । मौलिक अर्थ-राजनीतिक दृष्टिकोण मार्फत संघीयतामा संघ सरकार/छिमेकी प्रदेश सरकार/स्थानीय सरकार अलोकप्रिय हुँदा पनि अर्को प्रदेश/स्थानीय सरकारलाई उपलब्ध स्वायत्ततामा टेकेर अरुभन्दा राम्रो गर्न सक्ने सुविधा हुन्छ । तर यस्ता संघीयता प्रदत्त अवसरलाई काठमाडौं, धरान जस्ता केही स्थानीय सरकारहरू बाहेकले परीक्षण गर्न खोजेको देखिँदैन ।

संघीयता कार्यान्वयन गर्दा खर्च वृद्धिको कारणले देखाएर विश्वका अरु देशहरूमा पनि संघीयताको विरोध भएको वैश्विक अनुभवबाट सिक्ने कोसिस गरिएन । सबैभन्दा बढी मासिक २ लाख ३० हजार पारिश्रमिक लिने राष्ट्रपतिदेखि सबैभन्दा कम करिब मासिक १० हजार सुविधा लिने गाउँसभा सदस्य सहित ३७ हजार ९०६ जना वैतनिक जनप्रतिनिधिहरूको भीड संघीयतामा कायम गरिएको छ ।

स्वतन्त्र अध्ययन-अनुसन्धान नगरी प्रशासनिक निर्णयको आधारमा संघीयता कार्यान्वयनमा करिब ४१ हजार २०० कर्मचारीहरूको दरबन्दी थपिएको छ । संघीयताको कार्यान्वयनसँगै चालु खर्चको अंक र भार (प्रतिशत) दुवै बढ्दै गइरहेको तथ्याङ्कले देखाउँछ ।

आ.व. २०७३/७४ चालु खर्च ६ खर्ब १७ अर्ब १६ करोड, विनियोजनको ५८.९० प्रतिशत रहेकोमा आ.व. २०७४/७५ को चालु खर्च अंकमा ८ खर्ब ३ अर्ब ५३ करोड, विनियोजनको ६२.८ प्रतिशत देखिन्छ ।

चालु खर्चको ग्राफ राजस्व-आम्दानी र अघिल्लो वर्षहरूको तुलनामा उकालो चढिरहेको र पूँजीगत खर्च ओरालो लागिरहेको देखिन्छ । यसो हुनुको कारण संघीयतालाई मात्रै भन्न नसकिए पनि संघीय शासन प्रणालीको अर्थ-राजनीतिक दृष्टिकोणको सवालमा समीक्षा अपरिहार्य छ ।

एकात्मक शासन पद्धतिबाट संघीयतामा जाँदा संघीयताको सफलताको लागि नयाँ शासकीय संरचना मात्रै पर्याप्त हुँदैन । राजनीतिक दलको एकात्मक केन्द्रीकृत संगठन र यसबाट सिर्जित क्याडर बेस्ड पार्टी प्रणाली यथावत् रहनु, कर्मचारीतन्त्र पुरानै विरासतबाट अगाडि बढिरहनु, केन्द्रको सांसद मन्त्री विशेष ठान्ने मनोविज्ञान रहनु । कतिपय देशमा मुख्यमन्त्री वा मेयर भनेको राष्ट्रपति/प्रधानमन्त्री हुने लाइन मानिन्छ। तर नेपालमा पावर नपुग्नेहरू प्रदेश र स्थानीय तहमा जान्छन् भन्ने खालको बुझाइ छ । यस्तो मनोविज्ञान र आचरण माथि टेकेर सफल संघीयता खोज्नु भनेको पुरानो व्यष्टिहरूबाट नयाँ समष्टि खोज्नु झैं हो ।

समकालीन राजनीतिक नेतृत्वको असफलतालाई देखाएर जनआन्दोलनले विस्थापित गरेका घोषित रूपमै संघीयता विरोधी राजावादी शक्तिको राष्ट्रिय प्रजातन्त्र पार्टीको नाममा पुनःउदय भएको छ । यो शक्तिको ऐतिहासिक दायित्व नै संघीयताको विरोध गर्नु रहन्छ । संघीयताप्रति तटस्थ तर प्रदेशसभाको निर्वाचन बहिष्कार गर्दै उदाएको नयाँ राजनीतिक शक्ति हो, राष्ट्रिय स्वतन्त्र पार्टी, यो पार्टीले संघीयताको पक्षमा बुलन्द भएर बोलेको छैन । बोल्नुपर्ने ऐतिहासिक दायित्व पनि छैन ।

# ललिता निवासको कथा- सुवर्ण शमशेरको जग्गामा कसरी भयो ब्रम्हलुट ?

सचिव र पूर्वगृहमन्त्रीसहितका हाई-प्रोफाइल संलग्न रहेको नक्कली भुटानी शरणार्थी प्रकरण नसेलाउँदै प्रहरीले भ्रष्टाचारको अर्को ठूलो प्रकरणलाई ब्युँताएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान व्युरो (सीआईबी)ले यसअघि काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयबाट सामसुम जस्तै बनाएको ललिता निवास प्रकरणमा मंगलबार केही चर्चित व्यक्तिलाई पक्राउ गरी अनुसन्धान अगाडि बढाएको हो ।

भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङ, पूर्वनिर्वाचन आयुक्त सुधीर शाहसहित ७ जना पक्राउ परेका छन् । यसअघि सीआईबीले २०७८ सालमा अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयलाई बुझाए पनि त्यहाँबाट हदम्याद गुज्रिएको भन्दै फाइल फिर्ता पठाइएको थियो । सीआईबी प्रमुख किरण बज्रचार्यले यसअघि सरकारी वकिल कार्यालयले अनुसन्धान अपूर्ण भएकाले फाइल फिर्ता पठाएकाले फेरि अघि बढाइएको बताइन् ।

'हदम्याद गुज्रिएको भन्ने विषयमा हामीलाई थाहा भएन । त्यतिबेला अनुसन्धान अपूर्ण भएको उल्लेख गर्दै फाइल फिर्ता पठाइएको थियो', एआईजी बज्राचार्यले भनिन् ।

त्यतिबेला सीआईबीले करिब ४०० जनालाई प्रतिवादी बनाएर सरकारी कीर्ते र ठगीमा मुद्दा चलाउन राय दिएको थियो । तर, तत्कालीन शेरबहादुर देउवा सरकारको दबाबमा सरकारी वकिल कार्यालयले फाइल अगाडि बढाएन । पक्राउ गरिएका रामकुमार सुवेदी र उनकी पत्नी माधवीलाई पनि छोडिएको थियो ।

ललिता निवास प्रकरणमा बारम्बार उजुरी परेपछि गृह मन्त्रालयले पूर्वसहसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो । समितिले व्यक्तिको नाममा गएको ललिता निवासको जग्गा सरकारको नाममा ल्याउन सिफारिस गरेपछि सीआईबीलाई थप छानबिन गर्न निर्देशन दिइएको थियो ।

यो प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७६ माघ १२ गते पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदार र पूर्वअख्तियार प्रमुख दीप बस्न्यातसहित १७५ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । उक्त संख्याको झण्डै दोब्बरमा प्रतिवादी बनाएर मुद्दा चलाउन सीआईबीले सरकारी वकिललाई राय दिएको थियो ।

ललिता निवासको सरकारी जग्गा विभिन्न झूटा बहानामा व्यक्तिको नाममा ल्याइएको सीआईबीका अधिकारी बताउँछन् । हाल उक्त जग्गा करिब १०० व्यक्ति तथा संस्थाको नाममा रहेको बताइन्छ । राजनीतिक शक्ति केन्द्र, कर्मचारी, बिचौलिया र नक्कली मोहीको आडमा सरकारी जग्गा व्यक्तिको नाममा ल्याइएको थियो ।

ललिता निवास प्रकरण बुझ्न पहिलो जननिर्वाचित सरकारका उपप्रधानमन्त्री सुवर्ण शमशेर राणासम्म पुग्नुपर्छ । उनले पुर्खाहरुबाट प्राप्त गरेको २९९ रोपनी जग्गा र त्यहाँ निर्मित दरबार ललिता निवासको नामले चर्चित छ । २०१७ सालमा सुवर्ण शमशेर राणाले आफ्नो जग्गा श्रीमती प्रभाका नाममा ५८ रोपनी तथा तीन छोरा कनक, कञ्चन र रुक्मशमशेरको नाममा ५७ रोपनीका दरले बकस गरिदिएका थिए । बाँकी ६१ रोपनी ११ आना जग्गा उनले आफ्नो नाममा राखेका थिए ।

तर, २०१७ सालमा तत्कालीन राजा महेन्द्रले सत्ता हातमा लिएपछि सुवर्ण भारततर्फ लागे । तत्कालीन सरकारले सुवर्ण र उनको परिवारको नाममा रहेको जग्गा नियन्त्रणमा लिने नियतले रोक्का राख्यो । २०१७ सालमा ल्याइएको विशेष परिस्थिति ऐनले राज्यविरुद्ध लागेका व्यक्तिको सम्पत्ति जफत गर्न सकिने व्यवस्था गरेको थियो । २०१८ सालमा ल्याइएको जग्गा प्राप्ति ऐनले व्यक्तिको जग्गा मुआब्जा दिएर अधिग्रहण गर्न सकिने व्यवस्था गरेपछि ललिता निवासलाई अधिग्रहण गरेर त्यहाँ राष्ट्र बैंक, प्रधानमन्त्री, सभामुख र प्रधानन्यायाधीश निवास बनाइयो ।




राष्ट्र बैंकको नाममा ६० रोपनी र २१२ रोपनी १५ आना जग्गा सरकारी निकाय समरजङ्ग कम्पनीको नाममा राखियो । बाँकी जग्गा बाटो, पर्खाललगायतले ओगटेको थियो । समरजंग कम्पनीको नाममा रहेकोमध्ये २०३६ सालमा दुईपटक तत्कालीन राजाले सुवर्ण शमशेरका छोरासहित ४ जनालाई १२ रोपनी ७ आना जग्गा बाँडेको सरकारी अनुसन्धानमा भेटिएको थियो ।

२०४६ सालमा प्रजातन्त्र पुनर्बहालीपछि राणा परिवार आफ्नो जग्गा फिर्ता गर्न कस्सिएको थियो । आफ्नो जग्गा मुआब्जा दिएर अधिग्रहण गरेको नभएर जफत गरिएको सुवर्ण शमशेरको परिवारको दाबी थियो ।

२०४७ सालमा कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले पञ्चायतविरुद्धको आन्दोलनमा लागेका कारण सम्पत्ति जफत भएका व्यक्तिलाई छानबिन गरेर फिर्ता गर्ने निर्णय भएपछि ललिता निवासमा चलखेल बढ्यो । सरकारी अध्ययन प्रतिवेदनअनुसार त्यतिबेला समरजंग कम्पनीको नाममा रहेको जग्गामध्ये २०४९ सालमा दुईपटक गरेर राणा परिवारका नाममा ११२ रोपनी ४ आना जग्गा फिर्ता गरेर व्यक्तिको नाममा दर्ता गरिएको थियो । तत्कालीन डिल्लीबजार मालपोत कार्यालयले ती निर्णयहरु गरेको थियो ।

त्यसरी आएको जग्गामध्ये राणा परिवारले करिब २२ रोपनी जग्गा सरकारी कर्मचारी र उनीहरुका आफन्तका नाममा बकस गरिदिएका थिए । राणा परिवारको नाममा रहेका बाँकी जग्गाविरुद्ध मोहीलाई उचालिएको थियो । मोहीले अदालतसम्म पुगेर आधा जग्गा हात पारेका थिए । मोहीले हात पारेको जग्गालाई बिचौलियाद्वय शोभाकान्त ढकाल र रामकुमार सुवेदीले तत्कालै निकै सस्तोमा खरिद गरे । उता राणा परिवारसँग पनि ढकाल र सुवेदीले सस्तोमा जग्गा खरिद गरेर आफ्नो नाममा ल्याएका थिए ।

कनक शमशेरको नाममा रहेको जग्गामा १२ आना बढी पाइएपछि २०६२ सालमा छुट दर्ता समितिको सिफारिसमा उक्त बढी जग्गा उनकी श्रीमतीको नाममा दर्ता गर्ने निर्णय भएको थियो । २०६६ र २०६७ सालमा माधव नेपाल नेतृत्वको सरकारले प्रधानमन्त्री कार्यालयको मातहतमा ललिता निवासको थप २७ रोपनी जग्गा ल्याउने नाममा १२ जना नक्कली मोही खडा गरेर १३ रोपनी जग्गा बाँडिएको सरकारी अनुसन्धानबाट देखिएको थियो । मोहीले प्राप्त गरेको उक्त जग्गा तत्कालै बिचौलियाद्वय सुवेदी र ढकालले खरिद गरेको भेटिएको थियो ।

२०६९ सालमा ललिता निवासको ३ रोपनी १२ आना जग्गा पशुपति टिकिन्छा गुठीको नाममा ल्याउने सरकारको निर्णय पनि मोही खडा गरेर व्यक्तिको नाममा लैजाने आशयले गरिएको सरकारी अध्ययनमा दाबी गरिएको छ । यसरी अधिग्रहण गरिएको जग्गा फेरि राणा परिवार र मोही हुँदै बिचौलिया तथा बकस र घुसस्वरुप विभिन्न कर्मचारी, उनीहरुका आफन्त र व्यक्तिको नाममा पुगेको दाबी गरिएको छ ।

सर्वोच्च अदालतको परमादेशपछि बनेको शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले बालुवाटार जग्गा प्रकरणमा ठगी तथा कीर्तेमा मुद्दा चल्न नसक्ने भनी बन्द गरेको फाइल प्रचण्ड सरकारले खोलेर केही व्यक्तिलाई पक्राउ गरेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सो प्रकरणमा भ्रष्टाचार मुद्दा दायर गरिसकेपछि हदम्याद गुज्रिएको भन्दै तत्कालीन महान्यायाधिवक्ता खम्म खातीले ठगीमा मुद्दा चल्न नसक्ने भनी फाइल बन्द गरेका थिए ।

त्यस्तै सरकारी कागजात कीर्तेको आरोपमा पनि अनुसन्धान भएर मुद्दा दयार भएको थिएन । देउवा सरकारले बन्द गरेको फाइल प्रचण्ड सरकारले बजेट प्रकरणमा सत्ता गठबन्धनमै खटपट भइरहेका बेला खोल्नुलाई संयोगमात्र मान्न नसकिने कतिपयको भनाइ छ ।

कीर्ते मुद्दामा हदम्याद नलाग्ने भन्ने भएपछि बालुवाटार प्रकरणका अभियुक्तहरूलाई पक्राउ गरिएको सीआईबीले जनाएको छ । सरकारी वकिलको कार्यालयले फेरि अनुसन्धान गर्नु भनी पठाएको फाइल नै खोलिएको सीआईबीका अधिकारीहरूको भनाइ छ ।

त्यतिबेला सीआईबीले सरकारी कागजात करिब ४ सय जनालाई प्रतिवादी बनाएर ठगी र कीर्तेमा मुद्दा चलाउन कीर्तेमा पनि मुद्दा चलाउन प्रस्ताव गरे पनि महान्यायाधिवक्ता कार्यालयले फाइल बन्द गरेको थियो ।

ललिता निवास जग्गा अनियमितता प्रकरणमा पूर्वमन्त्रीहरू विजयकुमार गच्छदारसहित तत्कालीन तीनजना मन्त्री र सचिवहरूविरुद्ध समेत अख्तियारले मुद्दा दायर गरेको थियो । सो मुद्दा विशेष अदालतमा विचाराधीन छ । तत्कालीन मन्त्रिपरिषदको निर्णयका आधारमा बाटो बनाउन तथा प्रधानमन्त्री निवास विस्तारका लागि बालुवाटारको सरकारी जग्गा व्यक्तिका नाममा र व्यक्तिको जग्गा सरकारको नाममा साटफेर गर्ने क्रममा जग्गा अपचलन भएको आरोप छ ।

जग्गा साटफेर गर्ने निर्णय माधव कुमार नेपाल प्रधानमन्त्री भएको बेलाको क्याबिनेटबाट भएको थियो । त्यसबेलाका भौतिक पुर्वाधार मन्त्री विजय गच्छदारसहितविरुद्ध मुद्दा चलेको छ ।

सोही निर्णय डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएका बेला टुंगिएको थियो । मन्त्रिपरिषदको निर्णयमा अख्तियारले छानबिन गर्न नपाउने भएकाले मन्त्री र सचिवहरूविरुद्धमात्र मुद्दा दायर भएको थियो ।

अख्तियारले बालुवाटारको जग्गा व्यक्तिको नाममा लैजाने निर्णय गर्ने प्रधानमन्त्रीलाई उन्मुक्ति दिएको भन्दै वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले माधव नेपाल र बाबुराम भट्टराईमाथि पनि मुद्दा चलाउन माग गर्दै सर्वोच्चमा गरेको रिटको फैसलाको मिति तोकिएपछि तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध महाअभियोग प्रस्ताव दर्ता भएको थियो ।

सो मुद्दाको अन्तिम सुनुवाइ भइसकेको थियो । राणा र नहकुल सुवेदीको इजलासले फैसलाको मिति तोकेको थियो । फैसलाको मितिभन्दा अघिल्लो दिनबाट सर्वोच्च अदालतमा न्यायाधीश र वकिलले हड्ताल थालेका थिए ।

भ्रष्टाचारमा अख्तियारले छानबिन गर्न नमिले पनि कीर्ते प्रकरणमा छानबिन गर्न ऐन बाधक नरहेको कानूनविदहरूले बताएका छन् । गठबन्धनकै नेताहरूलाई साइजमा राख्न त यो फाइल खोलिएको होइन ? यस्ता अड्कलयुक्त प्रश्नहरू पनि उठेका छन् ।

तत्कालीन केपी ओली सरकारले बालुवाटार जग्गा हिनामिना भएको उजुरीमाथि छानबिन गर्न पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा बनाएको समितिले दिएको प्रतिवेदनका आधारमा मुद्दा चलेको थियो ।

माधव नेपाल सरकारको निर्णयबारे समितिले भनेको छ- 'नेपाल सरकार ( मन्त्रिपरिषद) बाट मिति ०६७ असार ३१ मा ललिता निवास क्याम्पभित्र पर्ने साविक सार्वजनिक बाटो र राजकुलो आदिमा पनि मोही कायम गर्ने समेतको निर्णय भएको देखिएको र ऊक्त निर्णय प्रचलित भूमिसम्बन्धी ऐन विपरीतसमेत भई सो निर्णयबमोजिम भए गरेका दूषित कार्यहरुलाई समेत सच्याउनुपर्ने भएकाले उक्त निर्णय नेपाल सरकारबाटै सच्याउन आवश्यक भएको ।'

त्यसैगरी बाबुराम सरकारको निर्णयबारे समितिको प्रतिवेदनमा भनिएको छ-, 'जग्गा (नापजाँच) ऐन २०१९ बमोजिम ललिता निवास क्याम्पभित्र नापी हुँदाका बखत उक्त ऐनले दिएको प्रक्रिया र रीत पूरा गरी एकलौटीरूपमा सरकारी निकाय, समरजंग कम्पनीको नाममा क्षेत्रीय किताब र स्रेस्ता कायम भएको जग्गामा भूलबस समरजंग कम्पनी लेखिन गएको र उक्त जग्गामा पशुपति टिकिन्छा गुठीको लगत भिड्ने भनी पशुपति टिकिन्छा गुठीका नाममा दर्ता स्रेस्ता कायम गरी व्यक्ति विशेषका नाममा मोहीयानी हक कायम गर्ने नेपाल सरकार (मन्त्रिपरिषद) मा पेश गरी सोहीबमोजिम मिति ०६९ असोज १८ मा निर्णय भएको देखिएको र उक्त निर्णयका आधारमा ललिता निवास क्याम्पभित्रको ३ रोपनी १२ आना ३ पैसा जग्गा व्यक्तिका नाममा मोही कायम भई सरकारी जग्गा हानी नोक्सानी भएको ।'

## साप्ताहिक राशीफल

**भाष्कर ज्यो. श्री विकास प्रसाद दुलाल**



**मेष** : (चू,चे,चो,ला,लि,लू,ले,लो,अ)
कामको अवसर जुट्नेछ, काममा झमेला आउने, शनिबारदेखि फाइदा हुनेछ, आय आर्जन बढ्नेछ, छोटो समयमा काम बन्नेछ, धन लाभ हुनेछ, आइत, सोमबार अर्थ अभाव रहनेछ, आँटेको कामको लागि धन अपुग हुनाले ऋण लाग्नेछ, स्वास्थ्य भने कमजोर रहनेछ

**बृष** : (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो)
सुरुमा अपजसको काम हात हाल्नाले आलोचित भइनेछ, संगतले गर्दा मानसम्मानमा आँच पुग्नेछ, अध्ययनमा कमी देखिन्छ, शनिबारदेखि स्थिति सुधार हुनेछ, आम्दानी बढ्नेछ, व्यवसायबाट लाभ मिल्नेछ र अन्त्यमा खर्च बढ्ने र छोटो दुरीको यात्रा गर्ने अवसर जुट्ने देखिन्छ ।

**मिथुन** : (का,की,कू,घ,ङ,छ,के,को,हा)
सुरुमा व्यवहारिक कष्ट देखिन्छ तर कर्म गरे उपलब्धि हासिल हुनेछ, शनिबार आइतबार अरुको काममा अलमल हुनेछ, मंगलबारदेखि ठूलो ठूलो मान्छेको सहयोगले काममा फाइदा हुनेछ, नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ, खर्च अभाव हुनेछ, पेटको समस्या हुने देखिन्छ ।

**कर्कट** : (ही,हू,हे,हो,डा,डी,डु,डे,डो)
सुरुमा रमाइलो यात्राको अवसर जुट्नेछ, व्यापारमा प्रशस्त फाइदा हुनेछ, इर्स्या गर्नेले दुःख दिन सक्नेछन्, शनिबारदेखि स्वास्थ्यमा गडबडी, अरुले आफूसँग फाइदा लिन खोज्नेछन् । अरुको लागि खर्च गर्नुपर्ने देखिन्छ । अन्त्यमा सहयोगीहरुले साथ दिनेछन्, कार्यक्षेत्रबाट मनग्य फाइदा हुने देखिन्छ ।

**सिंह** : (मा,मी,मू,मे,मो,टा,टी,टू,टे)
विवादास्पद कामबाट झमेला आउनेछ, त्यत्तिकै दुःख दिन सक्नेछन् । शनिबारदेखि व्यापार बढ्नेछ, अधुरा काम हुनेछन्, सामाजिक क्षेत्रबाट ठूलो जिम्मेवारी पाइनेछ, आइत सोमबार स्वास्थ्य कमजोर रहनेछ, अध्ययनमा कमी हुनेछ, मिहितले काममा अवसर जुट्नेछ, अरुको सहयोगको पनि खाँचो पर्ने छ ।

**कन्या** : (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो)
यो साता अर्थ अभाव रहनेछ, स्वास्थ्यमा बाधा र चिन्ताले सताउनेछ, आइतबारदेखि केही सुधार हुनेछ, शत्रुले दुःख दिनेछन्, छोटो दुरीको यात्राको अवसर जुट्नेछ, प्रियजनसँग भेटघाट हुनेछ, मान सम्मान पनि पाइनेछ, अन्त्यमा अर्थ अभावले सताउनेछ, अरुको लागि खर्च बढ्ने देखिन्छ ।

**तुला** : (रा,री,रु,रे,रो,ता,ती,तू,ते)
घरपरिवारमा झै झगडा बढ्नेछ, आफन्तको सहयोग जुट्ने देखिँदैन, स्वास्थ्यमा कमजोर हुनाले अध्ययन क्षेत्रमा कमी आउनेछ, जाँगरमा पनि कमी आउनेछ, सोमबारदेखि स्थितिमा सुधार आउनेछ, मिहिनेत गर्दा राम्रौ उपलब्धी प्राप्त हुनेछ, साताको अन्त्यमा आफन्तसँग रमाइलो भेटघाट हुनेछ, प्रेम बन्धन कसिन सक्छ, व्यवसायमा पनि आम्दानी बढ्ने देखिन्छ ।

**बृश्चिक** : (तो,ना,नी,नू,ने,नो,या,यी,यू)
आफन्तमा मतभेद देखा पर्नेछ, सहयोग गर्नेहरु टाढा हुनेछन् । पार्टनरसिपको काममा विवाद आउनेछ, गोपनियतामा सजग रहनुहोला । भौतिक साधनको कमीबाट अप्ठ्यारो महसुस हुनेछ, स्वास्थ्य कमजोर रहनेछ, अध्ययनमा कमी रहनेछ, साताको अन्त्यमा समस्या समाधान हुनुको साथै दिगो कामको प्रारम्भ हुने देखिन्छ ।

**धनु** : (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)
पारिवारिक असमझदारी बढ्न सक्छ, बोलीमा विचार गर्नुपर्नेछ, अरुको विश्वास गर्दा धोका पाइनेछ, शनिबार, आइतबार स्थितिमा सुधार आउनेछ, नयाँ कामको अवसर जुट्नेछ, व्यापारमा फाइदा हुनेछ, अध्ययनमा कमी आउनेछ, स्वास्थ्य कमजोर हुँदा खानपिनमा ध्यान दिनु उपयुक्त हुने देखिन्छ ।

**मकर** : (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी)
प्रारम्भमा महत्वपूर्ण काम सुरु हुनेछ, वैचारिक मनले उपलब्धी धकेलिन सक्छ, बोलीमा सजक नहुँदा आफ्नै समूहबाट आलोचित भइनेछ, व्यवसायमा उत्तारचढाव हुनेछ । आइत, सोमबार भने विभिन्न अवसर जुट्नेछ । सोचेको पुग्नेछ, अध्ययन क्षेत्रमा सवल देखिन्छ, साता अन्त्यमा गोप्य कुरा बाहिरिन सक्छ, सतर्क रहनु होला

**कुम्भ** : (गू,गे,गो,सा,सी,सू,से,सो,दा)
पारिवारिक जमघटले मनमा आनन्द आउनेछ, सुरुमा दौडधुप गरे पनि अवसर दिलाउन सकिनेछ, अध्ययनमा सामान्य फलदायी छ, खर्च बढ्नेछ, वोलीमा सतर्क रहनुपर्छ नत्र काममा अवरोध अउाने छ । साताको अन्त्यमा ठूला व्यक्तिसँगको सहयोगले मान सम्मान पाइनेछ । विशेष जिम्मेवारी पाइनेछ, छोटो दुरीको यात्रा पनि हुने देखिन्छ ।

**मीन** : (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची)
सुरुमा आम्दानी बढ्नुको साथै धन आर्जन हुनेछ, सवारी साधन जुट्नेछ, शनिबारदेखि संचित धनको नोक्सानी हुनेछ, सजक रहनुहोला, अधुरो काममा खर्च बढे पनि सफलता पाइनेछ, आफन्तसँग भेटघाट हुनेछ, अध्ययनमा प्रगति हुनेछ, प्रेम प्रस्तावको योग पनि आउन सक्छ । समयको ख्याल नगर्दा आम्दानी पनि गुम्न सक्छ ।

## अत्यावश्यक टेलिफोन

### प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| जिल्ला प्रहरी (काठमाडौँ) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |

### अस्पताल

| | |
|---|---|
| वीर अस्पताल | ४२२१११९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| टेकु अस्पताल | ४२५३३९६ |
| मेरो डेन्टल हस्पिटल, गोंगबु | ४३८२२४५ |
| काठमाडौं मेडिकल कलेज, सिनामंगल | २४३६१५२ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नर्भिक हस्पिटल, थापाथली | ४२५८५५४ |
| सुमेरु अस्पताल, धापाखेल | ५२७५३७७/५२७५०८८/५२७५०९९ |
| सुमेरु सिटी अस्पताल | ५४००००० /५४११११, ५४४४४४४ |
| होम तथा प्रसूतीगृह प्रालि, सामाखुसी | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिंच्युट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| नेपाल मेडिसिटी हस्पिटल, नख्खु, भैंसेपाटी | ४२१७७६६ |
| भरोसा अस्पताल प्रालि, बानेश्वर | २४३४९६८/४४८९८९१ |
| काठमाडौँ मोडेल अस्पताल | ४२४०८०५ /६ |
| बी.एन्ड.बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, तीनकुने | ४१११९५७/८५८ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | २४३३५१८/२४३०६१५ |
| ॐ हस्पिटल एन्ड रिसर्च सेन्टर | २४३६२२५ |
| मनोरोग उपचार तथा पुनर्स्थापना केन्द्र, जोरपाटी | ४९१२०४८ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसूतीगृह | ४३८३१५२/४३८०८४८ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| सहिद मेमोरियल अस्पताल | ४६७२९३४/६२०८७२ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| ओम समाज डेन्टल अस्पताल, चाबहिल | ४४७३४४४/४४८०८८० |
| स्टार अस्पताल, सानेपा | ५५५०१९७/५५५०१९८ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल प्रालि | ४२४४०२२ |
| एभरेस्ट हस्पिटल,नयाँबानेश्वर | ४७८१२९४/४७८३०२४ |
| काठमाडौँ नाक,कान, घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| शुभेच्छा इन्टरनेसनल हस्पिटल | ४२८९५३४/४२८९३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| अल्का हस्पिटल | ५४५१५५५/५४५५५५५ |
| मानसिक अस्पताल | ४४८०१७०/५५२१३३३ |
| बयोधा अस्पताल | ४२८६४२८/४२८१६६६ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५/४४२६१८४ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौँ अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्रीबाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बीपी स्मृति अस्पताल, बसुन्धारा | ४३८७०९४/४३८७०९६ |
| भेनस हस्पिटल, बानेश्वर | ४४९०३३३ |
| आयुर्वेद अस्पताल, नरदेवी | ४२५६८८३/४२५९१८२ |

### एम्बुलेन्स/शववाहन

| | |
|---|---|
| मेडिक्रेयर नेसनल अस्पताल ( एम्बुलेन्स) | ४४६७०६७ |
| श्री सत्यसाई निःशुल्क एम्बुलेन्स/शववहान | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०/९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |

### अन्य

| | |
|---|---|
| दमकल | १०१ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |

# ‘निरास हुनुपर्ने अवस्था छैन’

पछिल्लो पाँच महिनाको अविश्वसनीय प्रदर्शनका आधारमा नेपाल क्रिकेट टिमप्रतिको अपेक्षा स्वभाविक रुपमा उच्च छ निरास हुनुपर्ने अवस्था छैन । यसपल्ट अपेक्षाअनुसार भएन । प्रदर्शन सधैं एकनासको रहँदैन । त्यसमा पनि नेपालले बलिया विपक्षीको सामना गर्नुपरेको अवस्थामा ।

जिम्बाव्वेमा जारी आईसीसी एकदिवसीय विश्वकप छनोटमा शनिबार नेदरल्याण्ड्ससँग पराजित भएपछि नेपाल समूह चरणबाट माथि पुग्न असफल भएको छ । १० टोली सम्मिलित प्रतियोगिताको कम्तिमा पनि सुपर सिक्ससम्म पुग्ने आशा नेपाली समर्थकको थियो ।

नेदरल्याण्ड्ससँग पराजित हुनुअघि समूह चरणमा नेपालले घरेलु टोली जिम्बाव्वेसँग ८ विकेट र वेष्ट इण्डिजसँग १०१ रनले हारेको थियो भने अमेरिकामाथि जित निकालेको थियो ।




एसोसिएट प्रतिस्पर्धी अमेरिकासँगको ६ विकेटको जितबाहेक हरारेमा नेपालको प्रदर्शन सन्तोषजनक थिएन । पहिलो खेलमा कुशल भुर्तेलको ९९ रन सहयोगमा जिम्बाव्वेमाथि २९१ रनको प्रतिस्पर्धात्मक लक्ष्य दिए पनि नेपाली बलरहरुले घरेलु ब्याटरलाई नियन्त्रण गर्न सकेनन् ।

पछिल्ला दुई खेल (वेष्ट इण्डिज र नेदरल्याण्ड्स)विरुद्ध भने नेपालको बलिङ, ब्याटिङ र फिल्डिङ सबैतिर नेपालको कमजोरी उदांगो भयो । दुईपल्टको विश्व विजेता वेष्ट इण्डिजसँग पहिलोपल्ट खेल्दा १०१ रनले हारे पनि नेपालको निडर प्रदर्शनले सबैको मन जित्यो । हरारे स्पोर्ट क्लबमा ३४० रनको लक्ष्य पछ्याएको नेपालले अन्तिम ओभरमा अलआउट हुनुअघि २३८ रन बनाएको थियो ।

शनिबार नेदरल्याण्ड्ससँग हारेपछि नेपालले अर्को चरणमा प्रवेश नपाउने निश्चित भयो । समूह ए बाट नेपाल र अमेरिका पनि बाहिरिएका छन् । जिम्बाव्वे, वेष्ट इण्डिज र नेदरल्याण्ड्सले यो समूहबाट सुपर सिक्स खेल्नेछन् ।

नेपालका कप्तान रोहितकुमार पौडेलले ठूलो प्रतियोगिता र बलिया विपक्षीसँग खेलेर अनुभव र एक्स्पोजर हासिल भएको बताए । नेदरल्याण्ड्ससँग पराजित भएपछि रोहितले भनेका छन्, ‘राम्रो टिमको सामना गर्दा धेरै सिक्न पाएका छौं । प्लेअफमा राम्रो प्रदर्शन गर्नेछौं ।’ नेपालले सातौं र नवौं स्थानको प्लेअफका लागि दुई खेल खेल्नेछ ।

वेष्ट इण्डिजका विश्वस्तरीय बलरको सामना गर्न संघर्षरत नेपाली ब्याटरहरु शनिबार नेदरल्याण्ड्ससँग झनै निरीह देखिए । नेपालको कमजोरी थाहा पाएका डच बलरले लगातार बाउन्सर र शर्ट बल फाल्दा नेपालले लामो साझेदारी बनाउनै पाएन । ओपनर कुशल भुर्तेल, कप्तान रोहितकुमार पौडेल, दीपेन्द्र सिंह ऐरी, आरिफ शेख र गुल्सन झासम्मका ब्याटरहरु त्यही शर्ट बलको शिकार बनेका थिए ।

यस्तै समस्या नेपाली ब्याटरका लागि वेष्ट इण्डिजसँगको खेलमा पनि भएको थियो । अल्जारी जोसेफ, जेसन होल्डरलगायत विश्वस्तरीय बलरहरुसामू नेपाल शर्ट बलमै माथ खानपुगेको थियो ।

अफ्रिकी राष्ट्र जिम्बाव्वेको पीच र विकेटको अवस्था एसियाको भन्दा निश्चित रुपमा फरक छ । एसियाबाहिर अफ्रिका, इंग्ल्याण्ड र अस्ट्रेलियामा बाउन्सर र शर्ट बलको असर धेरै हुने गर्छ । एसियाली पीचको तुलनामा अरु महादेशमा बलको उचाइ र गति धेरै हुने गर्छ । त्यसैले एसियाका शीर्ष ब्याटरहरु इंग्ल्याण्ड र अस्ट्रेलियाको पीचमा निरन्तर संघर्ष गरिरहेका देखिन्छन् ।

नेपालका पूर्वक्रिकेटर शक्ति गौचन बाउन्सर र शर्ट बलको समस्यालाई त्यति ठूलो मान्दैनन् । तर, यसपल्ट विश्वकप छनोट हेरेपछि नेपालले सुधार गर्नुपर्ने समस्या चाहीँ यही हो भनेर उनलाई पनि लागेको छ ।

‘हारेपछि धेरै समस्याहरु देखिन्छन् । अहिले शर्ट र बाउन्सर बलको कुराहरु आइरहेको छ’, गौचनले भने, ‘यो कुरा हाम्रो घरेलु क्रिकेटसँग आएर जोडिन्छ । शर्ट बलको समस्या एक दिनमा समाधान गर्छु भनेर हुने कुरा होइन । हामीले यू-१२ देखि उमेरसमूहमा यसको अभ्यास गराउन सक्नुपर्छ । नभए राष्ट्रिय टिमका लागि त्यसको विशेषज्ञ बलर झिकाएर अभ्यास गर्नुपर्छ ।’

जिम्बाव्वे पुग्नुअघि नेपालले दक्षिण अफ्रिकामा स्कटल्याण्ड र नेदरल्याण्ड्ससँग अभ्यास खेलसँगै विशेष अभ्यास गरेको थियो । उस्तै विकेट अवस्था रहेको दक्षिण अफ्रिकाको सिकाइले पनि नेपाललाई पर्याप्त भएन । एसियाली क्षेत्रमै आयोजना हुने आसन्न इमर्जिङ टिम्स एसिया कप र एसिया कपमा नेपाललाई शर्ट बलको समस्या तुलनात्मक रुपमा कम हुनेछ । तर, टेष्ट खेल्ने लक्ष्य लिएको नेपाल क्रिकेटका लागि यो तत्काले सुधारमा लाग्नुपर्ने समस्या भएको गौचनले बताए ।

नेदरल्याण्ड्ससँगको हारपछि कप्तान रोहितकुमार पौडेलले पनि शर्ट बलका लागि आफूहरुको योजना कार्यान्वयन हुन नसकेकोमा चिन्ता व्यक्त गरेका थिए । ‘बाउन्सर र शर्ट बल कसरी खेल्ने भन्ने योजनाले आज काम गरेन । यो कमजोरीबाट सिकेर आउने खेलहरुमा राम्रो पदर्शन गर्नेछौं,’ रोहितले भनेका थिए ।

त्यस्तै, सोमपाल कामी र सन्दीप लामिछाने नेपालका प्रमुख दुई बलर हुन् । तीव्र गतिका सोमपाल जिम्बाव्वेविरुद्धको पहिलो खेलमै चोटग्रस्त बनेपछि बाँकी खेलका लागि उपलब्ध रहेनन् । जिम्बाव्वेको पीच कण्डिसनमा सन्दीपको बलिङ प्रभावशाली रहेन ।

जिम्बाव्वेसँगको खेलमा सोमपालले ५.३ ओभरमा १ मेडल राख्दै ३० रन खर्चेर १ विकेट लिएका थिए । खेलको ३४औं ओभरमा जिम्बाव्वेका कप्तान सिन विमियम्सको प्रहार हातमा लागेपछि सोमपाल मैदान बाहिरिए । बाँकी ३ बल आरिफ शेखले गरेका थिए । उनी एक साता मैदानबाहिर रहँदा बाँकी तीन खेल गुमाए । सोमपाल सम्भवतः प्लेअफ खेलका लागि उपलब्ध हुनेछन् ।

नाबालिग बलात्कारको आरोपमा मुद्दा खेपिरहेका सन्दीप लामिछाने ठूलो अन्योलताकाबीच टिममा समावेश भएका थिए । उनलाई जिम्बाव्वे पठाउन काठमाडौं जिल्ला अदालतले झण्डै डेढ महिनासम्म पेशी स्थगित गरिदिएको छ ।

विश्वका शीर्ष सबैजसो फ्रेञ्चाइज लिग खेलिसकेका सन्दीपबाट जिम्बाव्वे, वेष्ट इण्डिजजस्ता ठूला टेष्ट टोलीविरुद्ध सशक्त प्रदर्शन आउने अपेक्षा थियो । तर, पहिलो खेलमा उनले जिम्बाव्वेविरुद्ध १० ओभरमा ७७ रन खर्चेर विकेटविहीन रहे ।


एकदिवशीय अन्तर्राष्ट्रियमा लगातार ३३ खेलमा विकेट लिएर कीर्तिमान बनाएका सन्दीप ३४औं खेलमा विकेटविहीन रहे । त्यसमात्र होइन अमेरिकासँगको दोस्रो खेलमा पनि उनले आफ्नो पूरा स्पेलमा ५८ रन खर्चेर विकेट लिन सकेनन् ।

तीव्र बलरहरुलाई सहयोग गर्ने जिम्बाव्वेको पीचमा सन्दीपले वेष्टइण्डिजविरुद्ध १ र नेदरल्याण्ड्सविरुद्ध २ विकेट लिए । विश्वकप छनोटको सुरुवाती ४ खेलमा शतप्रतिशत स्पेल बलिङ गरेका सन्दीले २४५ रन खर्चेर ३ विकेट लिए ।

‘सधैं एउटै बलरले धमाकेदार गर्नुपर्छ भन्ने हुँदैन । सन्दीप नचल्नु हाम्रो लागि घाटा भयो । किनभने उनीबाट धेरै आशा थियो’, नेपालका पूर्व अफस्पिनर गौचनले भने, ‘विकेट र कन्डिसनका कारणले पनि फरक पर्छ । हाम्रो बलिङ र ब्याटिङमा जति पनि कमजोरी भयो त्यसलाई सुधारेर अगाडि बढ्नुपर्छ ।’

नेपालका लागि सन् २०१४ मा टी-२० विश्वकप खेलेका गौचनले ठूलो टिमसँग खेल्दा अनुभव र एक्स्पोजरले धेरै फरक पार्ने बताए । ‘नतिजाबाट हामी निराश हुनुपर्दैन । किनभने जति पनि विपक्षीहरु थिए, उनीहरु सबै माथिल्लोस्तरका थिए । एसोसिएट टिमका रुपमा टेष्ट टिमलाई चुनौति दिएर खेलिरहेका छौं भने पक्कै पनि नेपाल क्रिकेटमा केहि राम्रो हुँदैछ,’ गौचनले भने ।

## ‘नेपाली खेलकुदको वृतान्त’ असार अन्तिममा सार्वजनिक हुने




नेपाली खेलकुद्को समग्र इतिहास खोतल्ने खोजमुलक पुस्तक ‘नेपाली खेलकुदको वृत्तान्त’ असारको अन्तिममा सार्वजिक हुने भएको छ ।

खेल पत्रकार नवीन अर्यालकृत सो पुस्तक शरदचन्द्र शाह मेमोरियल फाउन्डेसनसँगको सहकार्यमा यही असार चौथो साता काठमाडौंमा सार्वजनिक गर्न लागिएको हो ।

पुस्तक क्रियटिभ बुक्सले प्रकाशन गर्न लागेको हो । लामो समय खेलकुद् पत्रकारितामा संलग्न अर्यालको यो पहिलो पुस्तक हो ।

पुस्तकमा नेपालको पहिलो अन्तर्राष्ट्रिय सहभागितादेखि अहिलेसम्मको खेलकुद् वृत्तान्त समेटिएको छ । नेपाली खेल क्षेत्रले पदक जित्नका लागि गरेको संघर्षको कथा र खेल-यात्राको वर्णन गरिएको छ ।

साथै, सिमित साधनस्रोतकाबीच नेपालको घरेलु खेलकुद्लाई संस्थागत र संरचनागत रुपमा बलियो बनाउन तत्कालीन नेतृत्वले खेलेको भुमिका र योगदानलाई पनि लिपीवद्ध गरिएको छ ।

ऐतिहासिक तस्वीरहरु, चिठीपत्र र अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा प्रकाशित समाचारले पुस्तकलाई तथ्यगत र विश्वसनीय बनाउनेछ ।

नेपाली खेलकुदबारे अध्ययन गर्न चाहनेका लागि पनि यो पुस्तक महत्वपुर्ण दस्तावेजका रुपमा रहने विश्वास गरिएको छ ।

नेपालको खेल इतिहासका सम्बन्धमा लेखिएका पुस्तकको उपस्थिति करिब शुन्य रहेका बेला यो पुस्तक खेलप्रेमी पाठक, खेलाडी, अध्येता, प्रशिक्षक र पदाधिकारीलाई इतिहास जान्न महत्वपुर्ण सामग्री बन्ने अपेक्षा प्रकाशक क्रियटिभ बुक्सले गरेको छ ।

भारोत्तोलनका कीर्तिमानी खेलाडी सुरेन्द्र हमालको आत्मकथा ओलम्पियनबाट यात्रा आरम्भ गरेको क्रियटिभ बुक्सले नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान एलबी क्षेत्रीको पुस्तक कप्तान १९९८ प्रकाशन गरिसकेको छ ।

साथै, निकट भविष्यमै खेलकुदसम्बन्धी करिब आधा दर्जन पुस्तक प्रकाशनको तयारीमा रहेको क्रियटिभ बुक्सका अध्यक्ष टीएस ठकुरीले जानकारी दिएका छन् ।

## खुत्रुकेमा जम्मा भएको पैसाले किताब किन्ने यी युवती बनिन् एनआरएनएको आइडियल



लण्डन । खुत्रुकेमा जम्मा भएको पैसाले उनी किताव किन्थिइन् । बेल्जियममा सामान्य काम गरेर जम्मा भएको पेन्स खुतुर्केमा हाल्ने बानी थियो उनको । विदेशमा रहे पनि मन भने नेपालमै थियो। सन् २०१३ मा १४ वर्षको उमेर बेल्जियम उत्रिएकी उनले १ दर्जन भाषा राम्रोसँग बुझ्छिन् । नेपाली, अंग्रेजी, हिन्दी, डच, फ्रेन्च र ल्याटिनमा पोख्त छिन् ।

गैरआवासीय नेपाली संघ ( एनआरएनए) को अभियानमा दोस्रो पुस्ताको नेताका रुपमा उभिएकी २५ वर्षिय रुविना शर्माले एनआरएनए बेल्जियमको आगामी महिना हुने निर्वाचनमा महाचिवको उम्मेदवारी दिने तयारी गरेकी छिन् । उनी युवापुस्ताको आइडियल नेताको रुपमा उभिएकी छन् । खरो स्वभावकी रुविना अन्याय र अत्याचार देख्न र सुन्न चाहन्न ।

उनले बेल्जियमा भाषा सिके विज्ञान र गणितको अध्ययन शुरु गरिन् । शुरुमा उनलाई डाक्टर बन्ने रहर थियो । म्याग्दीमा जन्मिएकी शर्माको बाल्यकाल पर्वतको पाङ्मा बित्यो । उनले आफ्नो मावली थलोलाई आफ्नै जन्मभूमि ठानिन् । बेल्जियमा जम्मा भएको खुतुर्केको पेनी साटेर श्री हिमालय मावि पाङमा किताव वितरण गर्थिन् । उनलाई सानैदेखि समाजमा केही गरौं भन्ने भाव आउँथ्यो । सामाजिक काममा सानैदेखि लगनशील शर्मालाई गैरआवासीय नेपाली संघ बेल्जियमार्फत सन् २०१७ देखि सामाजिक काममा लाग्ने प्रेरणा मिल्यो । गैरआवासीय नेपालीहरुको विश्व संजालमा जोडिन पाउँदा रुविना प्रफुल्ल भइन् ।

कार्यसमितिको सदस्यको रुपमा उनले गरेको कामको उच्च मूल्यांकन भयो । सिधै सचिवालयमा प्रमोशन भइन् । उनलाई गैरआवासीय नेपाली संघको अभियानमार्फत समाजको नयाँ पुस्तालाई केही गरौं भन्ने हुटहुटी छ । उनी पुराना पुस्तालाई सम्मान र नयाँ पुस्तालाई अवसरको अभियान लिएर गैरआवासीय नेपाली संघ बेल्जियमको आगामी निर्वाचनमा महासचिव पदमा उम्मेदवारी दिने घोषणा गरेकी हुन् । उनीसँग यसअघि सांग्रीला समाज बेल्जियम, लुम्बिनी कपिलबस्तु ग्लोवल अभियानलगायतका काम गरेको अनुभव छ ।

रुविनाले गैरआवासीय नेपाली अभियानमा युवाहरुको बढ्दो मागका कारण यो अभियानमा आफूले उम्मेदवारी अघि सारेको बताउँछिन् । उनी हाल बेल्जियमको इन्टरकल्चार फेडेरेशनमा कार्यरत रहेकी छन् । सो फेडेरशनको सदस्य एनआरएनए बेल्जियम समेत छ । उनले सोही फेडेरेशनमार्फत नेपाली संघसंस्थाहरुलाई सहयोग गर्दै आएकी छन् ।

उनले ठूला साना प्रोजेक्टको लागि प्रपोजल लेखेर स्थानीय निकायबाट नेपाल फेस्टिवल, तीजलगायतका नेपाली चाडपर्वहरुमा आर्थिक सहयोग संकलन गर्ने गरेको बताउँछिन् । उनले गैरआवासीय नेपाली संघ बेल्जियमको महासचिवमा जितेपछि २४ सै घण्टा बेल्जियमा हेल्पलाइन, कानूनी परामर्श सेवा, सदस्यता वितरणमा सहजिकरण गर्न फ्रि सदस्यता वितरण, प्रविधिमैत्री एनआरएनए, अनलाइन भोटिङ, संस्थाको वैठक प्रत्यक्ष प्रसारण गर्ने, नयाँ पुस्तालाई व्यवसायमा जोड्ने र विदेशभित्रिएकै कारणले खोसिएको नेपाली नागरिकताको निरन्तरताको लागि आवाज उठाउने योजना बनाएकी छन् ।



## स्थानीयद्वारा ...

आरोप छ।

महानगरपालिकाले केही व्यापारीको स्वार्थमा सरकारी जग्गामा व्यापारिक कम्प्लेक्स बनाएर प्रहरी कार्यालय हटाउन लागेपछि विरोध हुँदै आएको छ। यसमा एकातर्फ भ्रष्टाचार रहेको र अर्कोतर्फ शान्ति सुरक्षासमेत प्रभावित हुने भएपछि स्थानीयहरू अख्तियारसम्म पुगेका छन्।

लगनखेल बसपार्कसँगै जोडिएको करिब तीन रोपनी जग्गामा महानगरपालिकाले व्यापारिक कम्प्लेक्स बनाउने निर्णय गरेको थियोर। जहाँ रहेको १२ नम्बर वडा कार्यालय हटाइएको छ भने प्रहरी कार्यालय पनि हटाउन दबाब दिइएको छर। तर, स्थानीयले प्रहरी कार्यालय नहटाउन माग गरेका छन्।

व्यापारी केबी महर्जनको सो जग्गासँगै अर्को जग्गा भएको र सो जग्गालाई बाटो ठूलो बनाउनकै लागि व्यापारिक कम्प्लेक्स बनाउन लागिएको हो।

महानगरपालिकाले गत भदौमा सो जग्गामा व्यापारिक कम्प्लेक्स बनाउने सम्झौता गरेको थियोर। तर, वडा प्रहरी कार्यालय हटाउन नसक्दा व्यापारी दौडधुपमा लागेका थिए। सो कार्यालय हटाउनका लागि भन्दै १९ वैशाखमा महानगरपालिकाले प्रहरी महानिरीक्षक कुँवरलाई समेत लगेर हस्ताक्षर गराएको थियोर। जसकारण महानिरीक्षक कुँवरसमेत विवादमा मुछिएका छन्।

उनी पनि व्यापारीको प्रभावमा परेको आरोप स्थानीयले लगाएका छन्। स्थानीयको विरोध हुँदाहुँदै आफैं गएर प्रहरी कार्यालय हटाउन कुँवरले हस्ताक्षर गरिदिएका थिए।

त्यसविरुद्ध लगनखेल समाज, लगनेश्वर महादेव यातायात प्रालि, करुणा टोल सुधार समिति, कुमारीपाटी क्लब, लगनखेल भजन मण्डल, बुद्धि विकास मण्डल, हनुमान सेवा केन्द्र, लगनखेल युथ क्लब, लगनखेल महिला समूह, थटी टोल सुधार समितिलगायतले अख्तियारमा उजुरी गरेका हुन्।

## प्रचण्डलाई ...

ल्याएको बजेटका विषयमा सत्तापक्षकै सांसदहरूले सरकारमाथि पटकपटक प्रश्न उठाइरहेका छन्। सरकारले ल्याएको बजेट परिमार्जन नगरी पारित गर्न नसकिने भन्दै आगामी आवको बजेटलाई यथास्थितिमा पारित गराउन नदिने अडान लिएपछि प्रधानमन्त्रीलाई सदनबाट बजेट पारित गराउन सहज नहुने अवस्था सिर्जना भएको छ।

सत्ता गठबन्धनमा रहेका एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष सिके राउत, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता चौधरी र जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले बजेट यही अवस्थामा पारित गर्न नदिने बताइरहेका छन्।

सत्ता गठबन्धन दल नेपाली कांग्रेसका महामन्त्री गगन थापालगायतका केही नेताहरूले पनि बजेट विना संशोधन पारित गर्न नहुने अडानमा छन्। महामन्त्री थापाले शनिवार काठमाडौंमा आफ्नो क्षेत्रका नेता कार्यकर्ताको भेलालाई सम्बोधन गर्दै गठबन्धन ठिक ढंगले चलेन र चित्त बुझेन भने गठबन्धन फेर्न सकिने बताए। उनले भने 'चुनाव पछाडि सरकार बन्ने, बदल्ने सामान्य कुरा हो। हामी अहिले एक गठबन्धनमा छौँ, गठबन्धन ठिक ढंगले गएन, चित्त बुझेन भने बदलिन्छ।'

थापाले नेपाली कांग्रेसले सरकार छोड्नुपर्छ कि भन्ने डरले चुनावअघि नै गठबन्धन गर्नु गलत भएको समेत टिप्पणी गरे। सरकार छोड्नपरे पनि नडराइकन एक्लाएक्लै चुनाव लड्न कांग्रेसले सक्नुपर्ने भन्दै महामन्त्री थापाले भने- 'नयाँ सरकार बन्छ, कुनै अनौठो कुरा भएन। बन्छ, भत्किन्छ, यस्तो भइराख्छ। तर, अब नेपाली कांग्रेसले छलफल गर्ने बेला आएको छ।' समाजवादी मोर्चामा अझै एमाले पनि थपिएर कम्युनिस्टहरू एकै ठाउँमा भए पनि कांग्रेसलाई फरक नपर्ने थापाको भनाइ छ।

## टेकु अस्पताल ...

प्रतिष्पर्धी ठेकेदारहरुलाई कर्मचारीदेखि न्यायाधीश समेत किन्ने भन्दै हिँडेका छन्। उनले न्यायाधीश नै किन्ने भन्दै हिंड्नुले पाटन उच्च अदालतभित्र पनि खैलाबैला मच्चिएको छ।

त्यसो त रामकुमार थापा प्रोपाइटर रहेको गौरी पार्वती निर्माण सेवालाई ठेक्का दिलाउन सुरुदेखि नै सेटिङ भएको थियो। भवन निर्माणको ठेक्काका लागि सूचना निकाल्दा नै अन्यको छनोट हुन नसक्ने अवस्था निर्माण गरिएको थियो। प्रि क्वालिफिकेशनमा आफू मात्र छनोट हुने र आर्थिक प्रस्ताव अगाडि बढाउने गरी चलखेल भयो टेकु अस्पताल निर्माणको ठेक्कापट्टामा। ३०० शैयाको अस्पताल भवन निर्माणमा प्राविधिक प्रस्ताव मूल्यांकन बमोजिम एकमात्र प्रस्तावक कन्टेच गौरी पार्वतीको बोलपत्र स्वीकृत भयो १९ फागुन २०७९ मा।

९ चैत्र २०७९ मा प्रकाशित शहरी विकास तथा भवन निर्माण विभागको विभागीय निर्णयानुसार कन्टेच- गौरी पार्वतीलाई आशयपत्र जारी गरिएको थियो। म्याद भित्र कुनै उजूरी नपरेको भन्दै ठेक्का सम्झौताको दबाब दिन लगाइयो। तर, कालो सूचीमा परेको विवादास्पद कम्पनीलाई सम्झौताको लागि डाकिएन। कर्जासूचना केन्द्रमा कालोसूचीमा परेको भेटिएपछि ठेक्का रद्द गऱ्यो विभागले।

अस्पताल भवन निर्माणका लागि ३ अर्ब ४६ लाख अनुमान गरेर बोलपत्र आव्हान गरिएको थियो। गौरी पार्वतीले २ अर्ब ४४ करोड ८४ लाख ५९ हजार १८५ मा निर्माण गर्ने दाबीसहित प्रस्ताव पेश गरेको थियो। बोलपत्र स्वीकृतको नियमानुसार सबैभन्दा न्यूनतम मूल्यमा प्रस्ताव राखेको थियो गौरी पार्वतीले। निर्माण लागत अनुमानभन्दा २० प्रतिशत कममा निर्माण पूरा गर्ने प्रस्ताव राखेको थियो गौरी पार्वतीले। जसका कारण प्रस्तावक अन्य तीन कम्पनी अस्वीकृत भए। १७ रोपनी जग्गामा सरुवा रोग अस्पताल बनाउने प्रक्रियामै भवन निर्माणसम्बन्धी भइरहेको चलखेलले अवरोध पारेको छ। गौरी पार्वतीका मालिक रामकुमार थापा हात धोएर ठेक्का सम्झौता गराउन लागेका छन्। यसका लागि उनी अदालतमा पुगेर केही सफलता हासिल गरिसकेका छन्।

गौरी पार्वती निर्माण सेवा प्रा.लि. का रामकुमार थापा पटक पटक कालो सूचीमा पर्दै आएका छन्। कर्जा सूचना केन्द्रका अनुसार गौरी पार्वती निर्माण सेवा प्रा.लि. २०७५, २०७८, २०७९ र २०८० मा गरी पाँच पटक कालो सूचीमा परिसकेको छ। रामकुमार थापा २०७५, २०७८ र २०७९ गरी चेक बाउन्स प्रकरणमा ५ पटक कर्जा सूचना केन्द्रबाट कालो सूचीमा परेका छन्। शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतको सघन शहरी तथा भवन निर्माण आयोजनाले ३ जेठ २०८० मा पत्र लेखेर गौरी पार्वतीलाई बोलपत्र मान्य अवधि थप गर्ने गरी प्रक्रिया बढाएको थियो। उसले बोलपत्रको जमानतको मान्य अवधि सहित बोलपत्रको मान्य अवधि दुई महिना थप गरी दिनभित्र पेश गर्न पत्राचार गरेको थियो।

तर, सघन शहरी तथा भवन निर्माण आयोजना प्रमुखले १५ जेठ २०८० मा सूचना प्रकाशित गरी ३०० शैयाको अस्पताल निर्माणका लागि खरिद प्रक्रिया नै बदर गरेको जानकारी गराए। यसबारे रामकुमार थापाले जानकारी माग्दै पत्राचार गरेका छन्। कालो सूचीमा पटक पटक परेर विवादमा परेका रामकुमार थापा र उनले सञ्चालन गरेको केन्द्रीय सरुवा रोग अस्पताल टेकुको भवन अलपत्र बन्ने देखिएको छ। यसै पनि उनले अरनिको राजमार्ग अन्तर्गतको धुलिखेल खावा सडक खण्ड अलपत्र पारेका छन्। उनीविरुद्ध पाँचखाल नगरपालिकाका मेयर महेश खरेलले जिल्ला प्रशासन कार्यालय काभ्रेमा किटानी जाहेरी समेत दिइसकेका छन्। थापालाई पक्राउ गर्न माग गरिएको छ जाहेरीमा। अरबौंको ठेक्का हात पार्न अनेकन हर्कत गर्ने कम्पनीहरुका कारण देशमा निर्माणको गुणस्तर त खस्किएकै छ अलपत्र पनि परेको छ। यस्तै गरेको छ गौरी पार्वती निर्माण कम्पनीले।

## के नेपालमा ...

विमानस्थललाई बीआरआई अन्तर्गतको निर्माण भनेका थिए। शनिवार पोखरामा आयोजित ड्रागन बोट फेस्टिभलमा पनि उनले त्यही दोहोराए। त्यसले नेपालमा ठूलै उलझन ल्यायो। सरकारको जवाफ खोजियो।

यसअघिका परराष्ट्रमन्त्री डा. नारायण खड्काले बीआरआई अनुदान मात्र लिन सकिने बताएका थिए। त्यही बोली अहिलेका परराष्ट्रमन्त्री साउदले दोहोराए। दुवै नेपाली काँग्रेसका नेता हुन्। माओवादी अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्ड बीआरआईबारे मौन छन्। चीन भने बीआरआईको बढाई चढाई गरिरहेको छ।

चिनियाँ लगानीमा बनेको पोखरा विमानस्थलमा अहिलेसम्म चाटर्ड उडान मात्र भयो। नियमित उडान अझै हुन सकेको छैन। भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा पनि चिनियाँ कम्पनी नै संलग्न थियो। तर, दुवै विमानस्थलमा अन्तर्राष्ट्रिय उडान राम्ररी हुन सकेको छैन। विमानस्थल निर्माणको ऋणभारले नेपाललाई समस्या बढ्दै जाने देखिन्छ। यो विषय उठेपछि सम्भावित समस्यालाई छोप्न चीनले अनेकन प्रयास थालेको छ। उसले पोखरामा चाटर्ड भएपनि उडान भरेर अन्तर्राष्ट्रिय उडान सुरु गरेको छ। तर, एकपटक उडान भरेपछि फेरि कहिले उडान हुने हो टुंगो छैन।

## ललिता निवास ...

प्रधानमन्त्रीदेखि मन्त्री, कर्मचारी र न्यायालयसम्मको सेटिङ खुलेको थियो। प्रहरीले अनुसन्धान गरी प्रतिवेदन बुझाएपछि पूर्वसचिव शारदाप्रसाद त्रितालको अध्यक्षतामा गठिन छानविन समितिका आधारमा २८ फागुन २०७५ मा मन्त्रिपरिषदको बैठकले ललिता निवास जग्गा हिनामिना प्रकरणको छानविन गर्न र संलग्नमाथि कारबाही गर्न अख्तियार र नेपाल प्रहरीको सीआइबीलाई जिम्मेवारी दिएको थियो।

अनुसन्धानपछि २४ माघ २०७६ मा ललिता निवास जग्गा प्रकरणमा संलग्नहरुमाथि मुद्दा दायर भएको थियो। जसमा १७५ जना मुद्दामा तानिएका थिए। ललिता निवासको फाइल सर्वेन्द्र खनाल आइजीपी हुँदा खुलेर गहिरो अनुसन्धान भयो। त्यतिबेला कारबाही अगाडि बढ्यो। त्यसपछिका आइजीपीहरुले पनि फाइल खोले। वर्तमान आइजीपी बसन्त कुँवरको पालामा पुनः फाइल खोलिएको छ। तर, ललिता निवास काण्डलाई राजनीतिक अस्त्र बनाउने गतिविधि समेत हुन थालेको छ।

यो प्रकरणमा मुछिएका कतिपय हस्तीलाई जोगाउन समेत खोजियो। तर, प्रचण्ड सरकारले फेरि संलग्नलाई पक्राउ गर्ने तयारी गरेको छ। ललिता निवास काण्डमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र डा. बाबुराम भट्टराई पनि मुछिएका छन्। उनीहरु यसपटक तानिन सक्ने चर्चा चल्न थालेको छ। एमाले नेता विष्णु पौडेल, न्यायाधीश कुमार रेग्मी पनि मुछिएको घटना हो यो। यसकारण कुनैपनि बेला मुछिएकाहरु पक्राउ पर्न सक्ने चर्चा चल्न थालेको छ।

**मीनबहादुर गुरुङ किन पक्राउ परे ?**

भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ देशका गनेचुनेका व्यवसायी हुन्। उनले सञ्चालनमा ल्याएको भाटभटेनीको शाखा देशभर विस्तार भइरहेको छ। हजारौंले प्रत्यक्ष अप्रत्यक्ष रोजगारी समेत पाइरहेका छन्। मीनबहादुर गुरुङ माओवादी द्वन्द्वकालमा धन बढाउन सफल व्यवसायी हुन्। त्यतिबेला धेरैको उद्योगधन्दा व्यापार व्यवसाय धराशायी हुँदा मीनबहादुरको भने उन्नति भयो। उनको माओवादी नेताहरुसँगको निकटताको विषय पछिसम्म चलिरह्यो।

सम्पत्ति विस्तारका क्रममा उनले ललिता निवासको जग्गामा समेत आँखा गाडे। त्यहाँको जग्गा बढी खरिद गर्नेमा उनै पर्छन्। यो प्रकरणमा मुछिएका उनी फरार समेत भए। मगलवार प्रहरीले मीनबहादुर गुरुङलाई पक्राउ गरेको छ। प्रचण्ड प्रधानमन्त्री हुँदा मीनबहादुर पक्राउ पर्नुलाई चासोका साथ हेरिएको छ। उनलाई किन पक्राउ गरियो भन्ने प्रहरीले प्रष्ट पारेको छैन। ललिता निवास प्रकरणमा हो या अन्य कुनै प्रकरणमा यसबारे अनुसन्धान बढेको बुझिएको छ।

मीनबहादुरकी छोरी पूर्वप्रधानसेनापति छत्रमान गुरुङकी बुहारी पनि हुन्। उनको सम्बन्ध शक्तिशाली निकायसम्म छ। यसकारण पनि लामो समय प्रहरीले मीनबहादुरलाई पक्राउ गरेन। यसपटक भने प्रचण्डकै अनुमति लिएर प्रहरीले पक्राउ गरी कारबाही बढाएको छ।

## प्रधानन्यायाधीश ...

नै बर्बाद पारिदिएको जवाफ दिए।

प्रधानन्यायाधीश कार्कीले के मेरो कारणले तपाईंको करिअर बिग्रिएको हो भनी सोधे। भट्टराईले उत्तरमा भनः व्यक्ति होइन प्रवृत्तिको कुरा गर्दैछु। राजनीतिक मानिसहरुका कारण अदालत बर्बाद बनाइएको छ र म यसका विरुद्ध लडिरहनेछु। कार्कीको ठाउँमा अर्को कुनै व्यक्ति यही प्रवृत्तिको भएको भए पनि आफ्नै शैली उस्तै हुन्थ्यो भने उनले। भट्टराईले आफूले कार्कीका विरुद्ध सुनुवाई समितिमा उजूरी समेत दिएको सम्झाए। तैपनि, प्रधानन्यायधीश नियुक्त भएकाले आफूले सँगै काम गर्न नमिल्ने तर्क गरे। उनले भनः नैतिक मूल्य मान्यतामा काम गर्ने भएकाले पदमा रहन सक्दिनँ।

आफूले सुनुवाई समितिमा प्रधानन्यायाधीश कार्कीको नियुक्ति नै अवैधानिक जिकिर गरेको सम्झाए। सेवानिवृत्त हुने पत्र गइसकेको अवस्थाबीच प्रधानन्यायाधीश नियुक्त हुनु अवैधानिक हुने उनको जिकिर थियो। भट्टराईले कार्कीलाई भनः तपाईंले नैतिकता देखाउन सक्नुभएन म देखाउँछु अब। यसरी राजीनामाको पत्र बुझाएर उनी न्यायाधीशका रुपमा अदालतमा नफर्कने गरी हिँडे। डा. भट्टराईले लोकसेवाको कठिन परीक्षा पास गरेर न्याय सेवामा प्रवेश गरेकाहरु हुन्। तर, देशमा राजनीतिक आस्थाका आधारमा छिद्रमार्फत् न्यायपरिषदमार्फत् नियुक्त हुने प्रवृत्ति बढेको छ। उनीहरुले नै सर्वोच्च अदालत र उच्च अदालत कब्जा जमाइसकेका छन्। प्रधानन्यायाधीशमा राजनीतिक आस्थाका आधारमा नियुक्त हुनेहरु रोलक्रममा छन्। न्यायाधीश डा. भट्टराईले राजनीतिक आस्थाका आधारमा अदालतमा न्यायाधीशमा रुपमा छिर्ने प्रणालीको विरोध गरे। यसले लोकसेवामार्फत् न्याय सेवामा प्रवेश गरेकाहरुको करिअर नै बर्बाद भएको उनको भनाई छ।

## ताल्छिखेलमा ...

मिचेर घर बनाएर बसिरहेका ति अरु कोही नभएर एक जना 'सत्य सेवा सुरक्षणम्' भन्ने कसम खाएर नेपाल प्रहरीमा एआइजी भएर निवृत्त भएका डा. गोविन्द थापा हुन् भने अर्को उद्योगी कान्छा थापा हुन्। साबिकको ललितपुरको ताल्छिखेलस्थित वडा नं ५ मा नेपाल प्रहरीका पूर्व एआइजी थापा र उद्योगपति कान्छा थापा दुई जनाले शक्तिको आडमा बाटो बन्द गरेर सर्वसाधारण हिँड्न नपाउने गरी बाधक बनेपछि अहिले दुई थापाको चेपुवामा परेर बाटो नपाएका घरपरिवारहरु कागजपत्र बोक्दै सम्बन्धित निकायमा हारगुहार गरिरहेका छन्। थापाद्वयको चेपुवामा कित्ता नम्बर ४७,२९१,२९२,२९३, ५८१, ५८२ का जग्गाधनी प्रत्यक्ष प्रभावित बनेका हुन्।

माओवादी द्वन्दकालमा उक्त स्थानमा घर भएका नेपाल प्रहरीका पूर्व एआइजी डा. गोविन्द थापाले बाटो बन्द गरेर आफ्ना प्रहरी सुरक्षाकर्मी (सेन्ट्री)राख्ने घर बनाएका थिए। पछि माओवादी द्वन्द्व साम्य भयो उनले पहिले कब्जा गरेको ठाउँ खुला नगरी त्यहीँ आफ्नो अर्दली बस्ने अर्को घर बनाए। एआइजीको घरले थुनिदिएपछि अहिले सानो गोरेटो बाटो मात्र छ। जहाँ नत दमकल छिर्न सक्छ नत एम्बुलेन्स नै। दुई थापा कान्छा थापा र गोविन्द थापाको घरको बीचमा ६ कित्तामा बनेका घर परिवारहरु महानगरपालिका भित्र रहेर पनि आपतकालिन अवस्थामा लिन पर्ने दमकल र एम्बुलेन्स सेवाबाट बञ्चित छन्। ताल्छिखेलबाट नख्खिपोटतर्फ जाने सो बाटो अहिले थापाको गेटमा पुगेर टुंगिन्छ। ६ मिटरको बाटो एकातर्फ पूर्वएआइजी थापाको अर्दलीघरले रोकिदिएको छ भने अर्कातिर कान्छा थापाको घरको गेटले। पूर्व एआइजी थापा र उद्योगपति कान्छा थापाले शक्तिको आडमा सार्वजनिक सरोकारको बाटो थुन्दा पीडितहरु पीडाको पोको बोकेर बसिरहेका छन्।

शक्ति र पहुँचको आडमा दुई थापाले यसरी सरकारी बाटो थुनेपछि बिचमा जग्गा भएकी सरितादेवी बुढाथोकी सहितका जग्गा धनीहरु मर्कामा परेका छन्। स्थानीय सरकार आइसकेपछि सर्वसाधारणको न्यायमा पहुँच पुगोस् भन्ने हेतुले महानगरपालिकामानै उपमेयर अध्यक्ष रहने गरी न्यायिक समिति बनेको हुन्छ। तर यस समितिले सामान्य झैंझगडा मिलाउन काम गर्ने भएपनि यि बाटो पीडितहरुलाई बाटोको मुद्दा पनि समितिलेनै गर्ने भनी एक वर्षसम्म झुलायो। अन्तमा घरजग्गा सम्वन्धी मुद्दा न्यायिक समितिले हेर्न नमिल्ने भन्दै ललितपुर महानगरका मेयर चिरिबाबु महर्जनले मुद्दालाई जिल्ला अदालतबाट स्टे अर्डर ल्याउन भने। पीडितहरु न्यायको याचना गर्दै जिल्ला अदालतसम्म पुगे तर जिल्ला अदालतले पनि पहुँचवालाहरुलाई नै प्रश्रय पुग्नेगरी नगरपालिकाकै निर्णयलाई सदर गऱ्यो। त्यस्तै पीडित पक्षले उच्च अदालत पाटनमा दायर गरेको मुद्दामा पनि दाबी नपुग्ने भन्दै खारेज गरियो। तर दाबी पुग्ने गरी उजुरी लिएर पीडितहरु अहिले पूनः जिल्ला अदालत पाटन पुग्दा अदालतले मुद्दा दर्ता गर्न इन्कार गरिरहेको बुझिन आएको छ।

उक्त जीएलडी बाटो २०४५ सालमा रेखांकन गरिएको हो। जसको मूख्य उद्देश्य हरेक नागरिकको जग्गामा बाटोको अधिकार 'राइट अफ वे'भन्ने अवधारणा थियो। २०५९ साल पुसमा साबिकको ललितपुर उप-महानगरपालिका वडा नं. ५ 'थ' हाल १४ स्थित कि.नं. २९६, ५४८ देखि कि. नं. २०६ र २०७ सम्मको प्रस्तावित ६ मिटर चौडा बाटोको कारण आफुलाई मर्का परेको भन्दै थापाले काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति ललितपुरमा निवेदन दिएका हुन्।

२०६७ साल फागुन ३० मा ललितपुर महानगरपालिका नगर विकास समितिको २९५औं बैठकले जीएलडी बाटो रद्द नगर्ने निर्णय गऱ्यो। नगर विकास प्राधिकरणले ललितपुरले बाटोको केही भाग खुलिसकेको भन्दै बाटो 'रद्द गर्दा नेटवर्कमा समेत असर पर्ने देखिएको' कारण देखाउँदै प्रस्तावित जिएलडी बाटो रद्द नगर्ने निर्णय गरेको हो। यसरी नगर विकासले बाटो रद्द गर्दा नेटवर्कमा असर पर्ने फैसला गर्दा थापाद्वयले बाटो थुनेर घर बनाईसकेका थिए, गाडी पार्किङ स्थल पनि बनिसकेको थियो। त्यसपछि बाटो रद्द गर्ने चलखेलमा थापा लागिरहे।

२०६८ साल असार २७ गते फेरि थापाले बाटोसँग असम्वन्धित १० जना कृत्रिम व्यक्तिहरु खडा गरेर हस्ताक्षर गराई उक्त क्षेत्रमा बाटो आवश्यक नभएकोले रद्द गरिपाउँ भन्दै नगरविकास समितिमा निवेदन दिए। जसमा पीडित बूढाथोकी लगायत अरु कसैको नाम थिएन। सोही आधारमा नगर विकास समितिले २०६८ साल श्रावण ८ गते नाटकीय ढंगबाट निज पूर्व एआइजी थापालाई नक्शा पास नगरी घर बनाएको भन्दै २५ हजार जरिवाना तोक्यो यो निर्णयले पीडितहरु हर्षित भए। तर त्यो हर्ष क्षणभर नटिक्ने गरी समितिले सँगै अर्को निर्णय पनि गऱ्यो जुन एआइजीकै माग बमोजिम बाटो रद्द गर्ने थियो। गजबको कुरा के छ भने महानगरपालिकाले नक्शा पास नगरी घर बनाएको भनेर एआइजी थापालाई तोकिएको जरिवाना २५ हजार मध्ये नक्शा पास खर्च बापत २० हजार र बाँकी ५ हजार जरिवाना शिर्षकमा पो हाल्दियो। यी सबै गलत काम कारबाहीमा थापालाई नगर विकासका ईन्जिनियर पुर्ण बहादुर महर्जन र अमिन ईन्द्र बहादुर श्रेष्ठले साथ दिए। उनिहरुसँगको मिलेमतोमा अन्तत थापाले २०६७ फागुन ३० को निर्णय उल्टाउन सफल भए।

पछि २०७२ सालमा नयाँ मापदण्ड बन्यो। जसमा मुख्य सडक २० फिटको हुनुपर्ने कायम गरियो। जसअनुसार नयाँ बन्ने संरचनाहरुले यस मापदण्डको अनुसरण गर्नुपर्ने हुन्छ। यदी यसो नगरेको खण्डमा स्थानीय तहबाटै नक्शा पास हुँदैन भन्ने थियो तर थापाद्वयले सबैतिर सेटिङ मिलाउन भ्याए।

अनेक गरेर फिर्ता ल्याइसकेको बाटो थापाद्वयले शक्ति पहुँच र पैसाको आडम्बरमा बाटो पूनः रद्द गर्दा समेत सार्वजनिक सुचना जारी नगरिनुले पीडितहरुले महानगरपालिकाको मेयर चिरिबाबु महर्जनलाई दोषी ठानेका छन्। यस विषयमा हामीले चिरिबाबु महर्जनसँग जानकारी लिन खोज्दा फोन सम्पर्क हुन सकेन। 'मेयर चिरिबाबु महर्जनको फोन नउठाउने रोग विगतको कार्यकालदेखि नै हालसम्म चलाउँदै आइरहेका छन्।' यसले गर्दा उनकै कार्यकर्ताहरु पनि उनीप्रति बेलाबेला फोन नउठाएको गुनासो उनलाई भेटेपछि गर्ने गर्छन्। यसरी विधी र नियमलाई खिल्ली उडाएर बसेका दुई थापाको बद्नीयतले गर्दा नागरिकको बिना अवरोध हिँडडुल गर्न पाउने संविधानप्रदत्त अधिकार हनन् भएको छ। कतै दुई सामन्ती थापालाई न्यायीक कठघराले उभ्याएर बाटोमा परेको संरचना भत्काउने र बाटो खुला गरिदिने हो कि भन्ने आशामा बसिरहेका छन् चेपुवामा परेका परिवारहरु।

## शेरचनको ...

अनुसार बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत (सीईओ) ४ वर्ष अवधिको लागि नियुक्त हुन्छन्, त्यो पनि बढीमा २ कार्यकालका लागि। तर शेरचन भने आफूले गरेको गलत ऋण प्रवाहमा जाकिने भएकै कारण शक्तिकेन्द्रलाई प्रभावमै पारेकै कारण कानुनविपरित नै तेस्रो कार्यकालका लागि नियुक्त भए।

शेरचनको अवैधानिक नियुक्तिले 'विश्वास लिन्छौं, विश्वास दिन्छौँ' प्रभु बैंकको नारा नारामै सीमित भएको छ। बैंकमाथि अविश्वास र शंका पैदा भएको छ। शेरचनले प्रभु बैंकले प्राप्ति गरेका संस्थालाई मर्जरको नाम दिएर गैर कानूनी रुपमा सीईओमै निरन्तरता दिइरहेका छन्।

शेरचन सन् २०११ मा प्रभु फाइनान्सको जिएम बनेका थिए भने सन् २०१४ मा प्रभु विकास बैंकको सीईओ बनेका थिए। प्रभु फाइनान्स र प्रभु विकास बैंक एक भएर प्रभु बैंक बनेपछि सन् २०१५ यता शेरचन नै सीईओमा कायम छन्। सेन्चुरी बैंकलाई गाभेपछि राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत् दिएको सुविधा प्रयोग गर्दै प्रभु बैंकले सीईओका रुपमा शेरचनलाई तेस्रो कार्यकालका लागि नियुक्त गरेको हो।

एउटै व्यक्ति लामो समय कार्यकारी पदमा रहँदा स्वार्थ बाझिन सक्छ भनेर नै सीमा तोकिएको छ। त्यो नियामक निकायले तोकेको सीमा नै मिचेर शेरचन सीईओ बने। उनी तेस्रो कार्यकालका लागि पनि सीईओमा नियुक्त हुँदा नैतिकतामाथि नै प्रश्न खडा भएको छ। उनी वित्तीय स्वार्थ र अनियमितता ढाकछोप गर्नकै लागि पुनः सीईओमा नियुक्त भएको रहस्य बाहिरिएको छ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत (सीईओ) को कार्यकाल बढीमा चार वर्षको हुनेछ। सीईओ अर्को एक कार्यकालका लागि पुनः नियुक्ति हुन सक्नेछ। अर्थात् कार्यमूल्यांकनको आधारमा थप अर्को कार्यकालका लागि सीईओमा नियुक्त हुन पाउँछ। यस आधारमा कुनै पनि बैंक तथा वित्तीय संस्थामा एउटै व्यक्ति २ कार्यकालका लागि सीईओमा नियुक्त हुन सक्छन्।

कार्यकारी प्रमुखको कार्यसम्पादन सन्तोषजनक नभएमा निजलाई जुनसुकै बखत सञ्चालक समितिले पदबाट हटाउन सकिने व्यवस्था बाफियाले गरेको छ।

बैंक तथा वित्तीय संस्थाका सञ्चालक, चुक्ता पुँजीको एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएको व्यक्ति, कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा म्यानेजिङ एजेण्ट वा सञ्चालक मनोनित गर्ने अधिकार पाएको व्यक्ति, फर्म, कम्पनी वा संस्थाको उल्लेख्य स्वामित्व वा वित्तीय स्वार्थ भएको कुनै फर्म, कम्पनी वा संस्थालाई कुनै किसिमको कर्जा वा सुविधा प्रदान गर्न हुँदैन भनेर बाफियाले स्पष्ट गरेको छ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख जमानत बसी कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई कुनै किसिमको कर्जा दिन मिल्दैन।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार सीईओको काम, कर्तव्य र अधिकारअन्तर्गत प्रबन्धपत्र र नियमावलीको अधीनमा रही सञ्चालक समितिबाट प्रदत्त अधिकार प्रयोग गर्ने, सञ्चालक समितिको निर्णय लागू गर्ने र बैंक वा वित्तीय संस्थाको काम कारबाही तथा कारोबारको रेखदेख तथा नियन्त्रण गर्ने लगायत कार्यहरु पर्दछन्।

ऐन र राष्ट्र बैंकको निर्देशन अनुरुप संस्था सञ्चालन गर्ने र बैंक वा वित्तीय संस्थाको प्रभावकारी आन्तरिक नियन्त्रण एवं जोखिम व्यवस्थापन गर्ने लागायत कार्यभार सीईओले बहन गर्नुपर्ने हुन्छ।

दुधको साक्षी बिरालो भनेझैं जो व्यक्तिलाई संस्थाको काम कारबाही तथा कारोबारको रेखदेख तथा नियन्त्रण गर्ने जिम्मा दियो उसैले सो अधिकारको दुरुपयोग गरेमा के होला ?

शेरचनले आफू पदमा रहँदा गम्भीर प्रकृतिको बैंकिङ कसुर गरेर पनि ढाकछोप गर्दै हिँडेको रहस्य बाहिरिएको छ। शेरचनले राष्ट्र बैंकको नियमलाई कुल्चदै आफन्तको नाममा अर्बौ ऋण प्रवाह गरेको रहस्य बाहिरिएको छ। शेरचनले सहायक कम्पनी खडा गरी अर्बौ रुपैयाँ अपचलन गरेको विषय राष्ट्र बैंक हुँदै केन्द्रीय अनुसन्धान ब्यूरो सिआईबीसम्म पुगेको छ। उनले जानकी मेडिकल कलेजको नाममा पटकपटक गरी अर्बौ ऋण दिएका छन्।

डुबेको उक्त मेडिकललाई पटकपटक ऋण दिइनु सीईओ शेरचनको स्वार्थबाहेक अरु केही नभएको बैंकका उच्च तहका अधिकारी नै बताउँछन्। बैंक स्रोतका अनुसार शेरचनले जानकी मेडिकल कलेजलाई २ अर्ब ५० करोड रुपैयाँ कर्जा दिएका छन्। उक्त कर्जा जोखिम अवस्थामा पुगेको छ।

जानकी मेडिकल कलेजका सञ्चालक हरिकृष्ण भट्टचन उनको आफ्नै ससुरा हुन्। बैंकको कार्यकारी पदमा रहेर आफ्ना नातेदारलाई कर्जा प्रवाह गर्नु अवैधानिक हो भनेर बाफियाले स्पष्ट परेको छ। तर शेरचनले नियमन निकायबाटै जारी भएको नियमको ध्वज्जी उडाएका छन्।

अशोक शेरचनले हाल कारागार जीवन बिताइरहेका पूर्व सांसद तथा बैंकर इच्छाराज तामाङलाई पनि पटकपटक गरेर ५५ करोड कर्जा दिएको खुलेको छ। यसका अलावा प्रभु बैंकले हजारौं नेपाली विद्यार्थीहरुलाई सक्कली भन्दै नक्कली शैक्षिक कर्जा दिएर दुःख दिइएको कुरा केही समयअघि बाहिरिएको थियो।

त्यस्तै देउराली सहकारीका अध्यक्ष रविन्द्र चौलागाईंले अर्बौं ऋण लिई सावाँ र ब्याजसमेत नतिरेको भन्दै धितो वापतको जग्गा लिलामी प्रक्रिया अगाडि बढाएको जग्गाबाट धितोवापत लगानी गरेको रकमसम्म नउठ्ने बैंककै कर्मचारीहरुले बताउने गरेका छन्। त्यतिबेला ऋण प्रवाह गर्दा चौलागाईंसँग मोटो रकम कमिशन खाई ऋण स्वीकृति स्वयम् सीईओ शेरचनले लगरेको समेत ती कर्मचारीले नाम नछाप्ने सर्तमा बताएका छन्।

त्यस्तै, सन् २०२२ को जनवरी २१ तारिखमा प्रभु बैंकको शैक्षिक कर्जा नक्कली भएको भन्दै एक सयभन्दा बढी विद्यार्थीलाई बेलायतको म्यान्चेस्टर एयरपोर्टबाटै त्यहाँको अध्यागमनले फिर्ता पठाएको थियो। प्रभु बैंककै कर्जा लिएर विदेश अध्ययनका लागि जान खोज्ने हजारौं विद्यार्थीहरुको अस्ट्रेलियन सरकारले भिसा दिन छोडेको थियो।

प्रभु बैंकका सीईओ अशोक शेरचनले चर्को कमिसनका लागि एक शैक्षिक परामर्श व्यवसायीसँग सम्झौता गरी नक्कली कर्जा प्रमाणपत्र बनाउने ठेक्का दिएको रहस्य त्यसैबेला बाहिरिएको थियो। यसबाहेक पनि शेरचनले कानुन कुल्चेर थुप्रै अवैधानिक कार्य गरेको स्रोत बताउँछ।

भनिन्छ,बैंक जनताको हो र जनताकै सेवामा निहित हुनुपर्छ। बैंकका सञ्चालक र कार्यकारी पदमा बस्नेहरुले गर्ने यस्तो व्यवहारका कारण बैंकप्रति जनताको विश्वास गुम्दै गइरहेको छ।

सीईओ शेरचनविरुद्ध राष्ट्र बैंकदेखि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो ( सीआईबी) सम्म मुद्दा परेको छ। सीईओ शेरचनको नियुक्तिविरुद्ध अधिवक्ता अनिता थापाले उच्च अदालत पाटनमा मुद्दा दायर गरेकी थिइन्। अधिवक्ता थापाले शेरचन रहेको राष्ट्रबैंकलाई समेत बिपक्षी बनाएर दायर गरेकी हुन्।

शेरचनको नियुक्ति बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ (बाफिया) को प्रावधान विपरीत रहेको भन्दै उच्च अदालत पाटनमा मुद्दा दायर गरेकी थिइन्।

त्यसैगरी, सीईओमा शेरचनको पुनः नियुक्त ऐन विपरित रहेको भन्दै सो नियुक्ती खारेज गर्न नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण विभागमा उजुरी परेको थियो।

२०७८ असोज १२ गते पनि प्रभु बैंकमा भएको गैरकानुनी कार्यहरुको अभिलम्ब छानबिन गरीपाउँ भन्दै उजुरी परेको थियो। तर उक्त उजुरी राष्ट्र बैंकले नै गुपचुप राखेको थियो। सीआईबीमा समेत शेरचनविरुद्ध बैंकिङ अपचलनको मुद्दा परेको थियो। उक्त विषयमा अनुसन्धान भइरहेको सीआईबीले जनाएको छ।